# सगर



३

# सगर

## उत्कृष्ट साहित्यिक त्रैमासिक

संरक्षक: वीरहर्ष शाक्य


२०५३ कात्तिक - मंसीर - पुस

वर्ष- १ अङ्क- ३

सम्पादक :
धर्मेन्द्र भट्टराई
शान्त बस्नेत

अतिथि सम्पादक :
घनश्याम "परिश्रमी"

व्यवस्थापक :
क्याप्टेन: जनकबहादुर राणा

प्रकाशक :
सगर प्रकाशन समूह
वीरगंज, पर्सा फोन २-३१४०

पत्राचारको लागि :
सगर प्रकाशन समूह
प्रतीक प्रकाशन प्रा.लि.
श्रीपुर, वीरगंज- १४

कम्प्यूटर डिजाइन :
श्याम मानन्धर

मूल्य रू. १०/-


## यस अंकमा

*कविता/मुक्तक/गीत/गजलतर्फ*


धीरेन्द्र मल्ल / १
चंकि श्रेष्ठ 'उदास' / ७
गोपी सापकोटा /.१३
जे.बी. 'रूमानी'/ २१
केशव पोखरेल / ३२
अमर त्यागी / ४४
बी.आर. कल्याणी / ४५
राजु शर्मा / ४७
बिजय सुब्बा / ५४
विनय भण्डारी / ५८
जयराम बराल / ६०


*कथा/लघुकथातर्फ*


झलक खनाल / ३
क्या. जनकबहादुर राणा / २२
धनराज सापकोटा 'जिज्ञासु' / ४६
भीष्म विक्रम थापा / ५९


*समालोचनातर्फ*


माधव काफ्ले/ १६


*निबन्ध/संस्मरणतर्फ*


भरतराज 'मन्थलीय' / ८
राम पराजुली / ५५


*एकाङ्कीतर्फ*


बलराम श्रेष्ठ / ४८


*विविधतर्फ*


कार्यक्रम वृत्त/१४,अन्तर्वार्ता/३३,
पुस्तक परिक्रमा/४०,इतिहास/संस्कृति/६१
पाठककोण/६५, अतिथि सम्पादकबाट/६७

कविता

# योजना

- धीरेन्द्र मल्ल

आज मऱ्यो
भोलि औषधि
मरेपछि
डाक्टरको आगमनको
के अर्थ ?
यस्तै हामीहरूको योजना भैरहेछ
योजना कुनै
कतै फाइलमा थन्किरहेछ
योजना कुनै
कतै विद्वानको गोजीमा अलमलिरहेछ
योजना कुनै
कतै हाकिमको मसीमा अड्किरहेछ
मरेपछि
हुम्मै राजा
कुनै पनि सपना
यतिको ठूलो देखिन हुँदैन
आफूले गर्न नसक्ने
कुनै पनि कामको निम्ति
लिंडे ढिपी लिनु
शोभनीय होइन
लक्ष्य आफ्नो गच्छे अनुसार हुनुपर्छ
फलप्राप्ति त्यसको
अनि पो आफूले चिताएको पाइने छ
तर ठीक यसको बिपरीत
कुमालेको चक्र घुमिरहेछ
यसैले हामी आजसम्म
आफ्नो लक्ष्य हासिल गर्न
कोशिश गर्दा गर्दै पनि
जाँचमा फेल भैरहेका छौं ।
खै ! त्यो बेला बेलामा
गर्नुपर्ने मूल्यांकन
मान्छे मान्छेमा हुनुपर्ने
सुमधुर सम्बन्ध त परै राखौं
एउटै परिवारमै
यहाँ तँछाड मछाड छ
पाएसम्म आ-आफ्नो ठाउँमा
एक अर्कासँग गजक्क फुल्न
हामीले छाड्न सकेका छैनौं
यसैले तुरुन्त हुनुपर्ने काम
पछि गर्ने गरी
फाइलमा थन्किरहेछ
पछि गर्दा पनि
केही प्रभाव नपर्ने काम
केही सलामको भरमा
कुनै फरियाको नाताको भरमा
कतै छोरा/छोरीहरूको फरमाइसमा
तुरुन्त तुरुन्त भैरहेछ
यसरी हाम्रो लक्ष्य
अनुत्पादनशीलमा परिवर्तित भैरहेछ ?
कुबेरको ढुकुटी पनि
आम्दानी नगद नारायण
खर्च बाबु साहेबको तालमा भयो भने
त्यो एकदिन रित्तिनेछ
हामी यही देखासिखी
अर्काले घोडा चढ्यो भन्दैमा
वास्तविकता के हो
तथ्य नबुझी
लह लहैको भरमा
धुरी चढ्ने कोशिशमा छौं
यसैले त हामी जानाजान
आफ्नो खुट्टामा
आफै बन्चरो हानिरहेका छौं

कथा

# "आर्जन"



✦ झलक खनाल

विहानको पातलो निद्रा, तगारो खोलेको आवाजले शंकर विउँझन्छ । पिंढीवाट अनायास तँगारोतिर आँखा पुऱ्याउँछ । झिसमिसेमा दुईवटा धमिला मानव आकृति तँगारो वाहिर सुल्कलाए झैं लाग्यो, आँखा मिच्यो फेरि हेऱ्यो तव ती आकृति विलीन भैसकेका थिए ठम्याउन सकेन ।

एक कान दुई कान हुँदाहुँदै गाउँमा गाईंगुईं सुनिन थाल्यो । सन्ती हराई अरे । कोही भन्थे- मावली गई, कोही भन्थे पोइल । विचरा, शंकरलाई के थाहा । मनमनै गम्यो, कहाँ गइहोली । वावुआमा पनि तै चुप मै चुप थिए । सोध्ने उसमा आँट थिएन । मेलापात पानी पँधेरा गाईंगुईं चलिरह्यो । अन्दाजमा सवै अल्मलिए, वास्तविकताको पत्तो थिएन ।

भदौको महिना पानी परिरहेकै थियो । मकैका पातमा झरीको आवाजले प्राकृतिक संगीत जस्तै भान हुन्थ्यो । शंकर अव जवान भैसकेको थियो वितेका तीन वर्षमा कति पटक उसले आफ्नी दिदी सन्तीलाई सम्झ्यो । उसलाई हेक्का छैन । आज फेरि उसको मन एक तमासको भएको छ । मकै पाकी सुक्न लागे, आँप निखे, नासपाती झरे, कटहर पनि पाकिसके, तर सन्ती आइन । यो वर्ष पनि सन्तीले चाख्न पाइन । शंकरले आफ्नो वाल्यकाल सम्झ्यो, कसरी सन्ती आँप झार्थी अनि पाकेको रोजेर उसलाई दिन्थी । त्यस्तो माया गर्ने दिदीलाई उसले कसरी विर्सिन सक्थ्यो ? आखिर निर्मोही भएकी भए पनि दिदीको माया त अवश्य हुन्थ्यो नि ।

घरमा झगडाको वीउ सन्ती भई । वूढावूढी सधैं ठाकठुक गरिरहन्थे ।

"तेरी छोरीले गाउँ हँसाई, नाक कटाई"

"तपाई कि त छोरी होइन र ? किन मलाई मात्रै कराउनु हुन्छ" ?

"तेरो दूधको काम हो यो" ।

"तपाईंको सन्तान भन्ने विर्सनु भयो" ?

"त्यस्ता छोराछोरी जन्मनु भन्दा अपूतो भएकै जाती" । वावुआमाको टकराव सुन्न नसकेर शंकर गाउँतिर घुम्न निस्क्यो । वाटोमा पुतली भेट भई ।

"कता हिंडेको शंकर दाइ" ?

"घरको झगडा सुन्दा सुन्दा कान पाकेर निस्केको" ।

"सन्ती दिदीले त ठूलो पीर पारिन है दाइ" ?

"मलाई नसुना पुतली फेरि तिनै कुरा" ।

थाहै नपाई तीन वर्ष बितिसकेछन् फेरि त्यही वर्षाको मौसम आयो । फलफूल पाके, सन्तीको केही पत्तो लागेन । चाडवाड आए गए सन्ती आइन । जस्तै आलो घाउ पनि एकदिन पुरानो भए झैं सन्तीको बारेमा पनि चर्चा चल्न छोड्यो ।

झमक्क साँझ परेको थियो, अंगेनाको डीलमा बसेका बूढा बाबुआमा गन्थन गर्दै थिए । बाहिर पिंढीमा ढ्वाक्क आवाज आयो ।

बाहिर को हैं ?..........

ए, सके पाडी फुस्क्यो की हेर हेर ?

शंकर ढोकामा मात्र के पुगेको थियो, सन्तीले भरियाको कानमा खासखुस गरी, पैसा खल्तीमा राखेर भरिया अन्धकारमय रात्रिमा विलीन भयो ।

"बाकस भित्रले त शंकर' भनेर सन्तीभित्र पसी ।

बा...... आमा.......

बूढाबूढी अवाक भए । रिस ईर्ष्या र आवेग बेपत्ता भए, आँखा रसाए, छोरीलाई झम्टेर आमाबाबु रोए ।

शंकरका पनि गहभरि आँसु भए ।

आँगन अनि पिंढी सबै गाउँलेहरूले भरिभराउ थियो । हरेकले भलाकुसारीका दुई शब्द बोल्थे, चिया चुरोट खान्थे जान्थे । सन्तीका दामल त चिनीमा कमिला झुम्मिए झैं थिए । सन्तीको नाम शान्ति भएछ । सबैजना नयाँ नामले बोलाउने अभ्यास गर्दै थिए । उसका साथीहरू कोही कानमा झुम्का हेर्न व्यस्त थिए भने कोही "थाइकट" कपाल सुम्सुम्याउँदै थिए । ओठमा लाली आँखामा गाजल, कानमा झुम्का नाडीमा घडी, नङ्मा पालिस सबै नै गाउँले अवलाहरूलाई लोभ्याउँदै थिए । विना आँचलको टिमिक्क मिल्ने ठूलो काटेको ब्लाउज आफ्नो असमर्थता प्रष्ट जाहेर गर्दै थियो । चियाको गिलास उठाउन निउँरिदा सुनको सिक्री हेर्न हो वा कुन्नि गाउँले युवकहरूका आँखा सन्तीपट्टी तेर्सिन्थे ।

लैनो भैसी किनियो, खेत निखनियो, सबैले चाल पाए तर शंकरको नाम शंके र सन्तीको शान्ति भएको भने सबैभन्दा बढी शंकरले नै चाल पायो । शंकरको नाममात्र फेरिएन । ऊप्रतिको बाबुआमाको व्यवहार पनि बदलियो । "नामर्द" "लाछी" "हुतिहारा" उसका उपनाम बने । सन्ती आउँथी, जान्थी पैसा ल्याउँथी बाबुआमालाई दिन्थी । शंकरलाई यी सबै कुरामा त्यति दिलचस्पी थिएन । तर पनि जसै जसै सन्ती घर आउँथी बाबुआमा दुबै सन्तीसँग हुरुक्क हुन्थे, शंकर आँखाको कसिंगर बन्यो ।

हालसालै सन्ती एकवर्षपछि आएकी छे । सदा झैं भरिया राति नै फर्कियो । शंकरले बाकस भित्र लग्यो । सन्तीले बाकस खोली उसले कौतूहलपूर्ण आँखाले बाकसभित्र चिहायो ।

"हेर त, साखिल्ले भएर अगाडि सरेको" आमाले शंकरलाई बचन लगाइन् ।

"छड् छड् तँ दुई कौडीको उपति नमएकाले पौरखीको कमाइ हेर्न लाज लाग्दैन ?" बावु अगि सरे ।

शंकर पछि सऱ्यो, बाहिर निस्क्यो, आफैलाई सोध्यो ? सन्ती दिदीलाई जस्तो पैसा कमाउने बाटो उसलाई किन थाहा भएन ? उसले सोध्यो, साच्चै नै ऊ मूर्ख हो, नालायक हो, पैसा कमाउन नसक्ने भएकाले बावुआमाका लागि ऊ बोझ पनि हो ।

समय एकै हुँदैन पल्टा खान्छ । आज फेरि शंकरको पीरमा घरमा आमाबावु रूँदैछन् । सन्ती त पैसा ल्याएपछि मात्र सम्झनामा आउँथी तर शंकर त पैसामा होइन वात्सल्य प्रेममा याद आउंथ्यो । पहिलो पल्ट घरमा छोराछोरी दुबै थिएनन् । "जस्तो भए पनि छोरो भनेको छोरै हो, हेर घर कस्तो सुनसान भएको छ"

"नजिकको तीर्थ हेला" भने जस्तो घरमा होउन्जेल एउटा आँखाले देख्न सक्नु हुँदैनथ्यो क्यारे ।

"भोलि हामी थलापरे पनि मुखमा पानी हाल्ने पनि कोही छैन, भएको एउटा छोरो पनि मुग्लान पस्यो"

अब घरमा सन्तीको भन्दा बढी सम्झना शंकरको हुने गर्थ्यो ।

मानिसको भीड, गाडीको ओहर दोहर देखेर शंकर छक्क पऱ्यो । कसैलाई फुर्सद छैन, सबै हतारमा छन् । उसले बुझ्न सकेन । भोक प्यासले सताउन थाल्यो । बिस्तारै नजिकैको चिया पसलतिर लाग्यो ।

"काम खोजेको ?" देख्नासाथ चिया पसलेले सोध्यो । कसरी यिनीहरू मान्छे देख्नासाथ मनको कुरा बुझिहाल्छन् ? शंकरले मनमनै विचार गऱ्यो ।

"हो" शंकरले त्यति मात्र भन्न सक्यो ।

"ल पख दिनभरि यहाँ भाँडा माझ, भरे म ऊ त्यो लजमा काम लगाइदिन्छु ।

भाँडा माझ्नेदेखि कोठा कोठामा अर्डर पुऱ्याउने काम शंकरलाई गर्नुपर्थ्यो । १५ नं. मा दुई वटा बियर पुऱ्याउने काम शंकरलाई अह्राइयो शंकरले ढोकामा आवाज दियो केही समयको प्रतीक्षा पछि ढोका खुल्यो । कोठामा पस्नासाथ उसका आँखा तिरमिर भए । टाउको चक्करायो, सारा जमिन भासिए झैं भयो । हातबाट बियरको बोतल भुईंमा खस्यो ऊ थुचुक्क बस्यो । उसलाई विश्वास भएन । जिङ्ग्रिङ्ग कपाल, थोत्रो कमेज र मैलो पाइन्ट, उदास अनुहार लिएर शंकर घर पुग्यो बाबुलाई ढोग दियो, र आमाको पोल्टोमा टाउको घुसारेर घुंक्क घुंक्क गर्न थाल्यो । बाबुआमा मुखामुख गरे । आमाको सोधाइमा उसले केही बोल्न सकेन । घुंक्क घुंक्क गर्दागर्दै मुश्किलले शब्द निस्क्यो "सन्ती.....।

*बिर्ता, वीरगंज*

# गजल



✦ चंकि श्रेष्ठ 'उदास'

पाप मोचन गरे पनि बात बाँकी नै छ
होश खुले पनि अझै मात बाँकी नै छ

बगैंचामा गुलाब र कमल फुले पनि
फूलमाथि भमराको उत्पात बाँकी नै छ

भोर भयो चराहरूको चिरबिर पनि सुनियो,
जनावरको डर छ अझै रात बाँकी नै छ

आकाशमा पूर्णिमाको जून झल्मलायो तर,
यो बस्तीमा अन्धकारको आघात बाँकी नै छ

रित्ता छन् मनहरू आँखा छन् भरिभरि
घाउसँग अझै हाम्रो आत्मसात बाँकी नै छ

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

– **वीरगंज चिनी कारखाना** वीरगंज, पर्सा

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

– **वरिष्ठ हुलाक अधिकृत**

**गणेशकुमार श्रेष्ठ** तथा पर्सा जिल्ला हुलाक, परिवार

संस्मरण

# अतीत र वर्तमान अनुभूतिमा वीरगंज

जन-मनलाई सुखी राख्ने, अतिप्रयोजनीय वस्तुको सुलभता, सुचारु भौतिक व्यवस्था र भाव-सम्पदाको पूर्णता बेगरै महानगरमा घोषित गन्धपुर 'कान्तिपुर' र राजधानी उपत्यका भित्रका अन्य गन्हाउने शहरहरूको अकुशल प्रशासनले जन्माएको र हुर्काएको दूषित वातावरणको उकुसमुकुसबाट केही दिनका लागि भए पनि निस्किन, खुला हावामा सास फेर्न, पेटभरि पानी खान र न्यानो हरियो तराईका गन्तव्य स्थलहरूमा पुग्न मन लाग्यो र २०५० पुसको उत्तरार्द्धतिर यो पंक्तिकार बसबाट अपरान्हमा वीरगंज उत्रियो ।



✦ भरतराज शर्मा
'मन्थलीय'

हुनत, यसभन्दा अघि पनि यो वीरगंज नआएको होइन । रक्सौलबाट केही स्टेशन पूर्व (त्यसबेला दुई स्टेशन मात्र) वैरगनियासम्म भारतीय (मुगलानको) रेलबाट र त्यसपछि नेपालतिरको सिमानावर्ती गौर बजार भई पैदलै पैदल 'कटहरवन' जानलाई पिताजीसँग 'अमलेखगंज' को रेल चढी यहाँ प्रथम पटक आइपुगेको हो । त्यो आगमन एकसठ्ठी वर्ष अगाडिको हो । करिया अमलेख हुँदा स्थापना गरिएको हुनाले 'अमलेखगंज' अंग्रेजहरूसँग युद्ध सन्धि हुँदा नेपाललाई प्राप्त भू-भाग हुनाले नेपालगंज (नयाँ मुलुक) र वीर शम्शेर जंग बहादुर राणाले बसालेको बजार हुनाले 'वीरगंज' 'गंज' शब्दले गुम्जित बजार नेपालमा थिनै तीनवटा छन् भनेर पिताजीले बताउनु भएको थियो । यो 'वीरगंज' राजधानी उपत्यकाको प्रवेशद्वार पनि मानिएको हो । त्यसबेला यो यति ठूलो थिएन, कहाँ यस्ता र यतिका उच्च महलहरू देख्न पाउनु । धेरैजसो स-साना र झुप्रा तर यस्तो दूषित वातावरण थिएन । गहवामा भगवती माईको सानो मन्दिरअगाडि दर्शनार्थीहरूको प्रात: सन्ध्या भीड लाग्दथ्यो ।

यहाँबाट प्रतिव्यक्ति ६ पैसाको टिकट काटेर सानो रेलद्वारा रक्सौल पुगी त्यहाँको ठूलो रेलको डिब्बाभित्र बस्नासाथै त्यहीको सरकारी कर्मचारी भन्ने एक व्यक्तिले सामान् जाँच्दा सलाई खोजेको होला भनि ठानि यस लेखका लेखकले एक बट्टा रातो मसला भएको नेपाली दिया सलाई दिई शिष्टता देखाएको त, उल्टै जरिवाना वापत एक कम्पनी नलिई पिताजीलाई छाडेन, माग्दा पनि भर्पाइ दिएन । त्यो थियो पूरै ठगी । यो ठगेको र आफू ठगिएको कुरा प्रायश: बिर्सिइँदैन ।

पुन: अडचालिस वर्षअगाडि काशीमा हिंड्ने साहित्य शास्त्री परीक्षाको तयारीका निम्ति काठमाडौंको. हिउँदे जाडोबाट पाठ्य पुस्तकहरू बोकेर स्वाध्यायार्थ यस्तै पुसमा यो

पंक्तिकार यहाँ एक महिना डेरा भाडा तिरी बस्यो । रेलका कर्मचारीहरूसँगको परिचयले वीरगंजबाट रक्सौल र रक्सौलबाट वीरगंज रेलद्वारा विना टिकट त्यसै पनि दिनहुँ जसो ओहोर-दोहोर गरिरहन्थ्यो र रमाइलो मान्थ्यो । यसैबीच इन्धनका व्यापारको सिलसिलामा रक्सौलमा नेपालतर्फ बसेका (घरै भएर हो कि जस्तो पनि लाग्छ) श्री लोकनाथ जोशी घिमिरेको परिवारबाट घिमिरे थरको कारणले आतिथ्य प्राप्त भएको थियो । स्मरण छ, धनाढ्य भए पनि कति मिजासिलो र शिष्ट त्यो परिवार । त्यसबेला वीरगंज बजार बढ्दै थियो र भवनहरू नयाँ नयाँ ठूलठूला देखिन थालेका थिए । आफूले पढे गरेका संस्कृतका थोत्रा कितावमा यहाँका अंग्रेजी पढे कुनै महानुभावले तिरस्कारको भावले भने कि- तपाईंका कितावमा उडुस त छैनन् ? तब हीनताबोधले ग्रसित भएर सलज्ज "छैनन्" भन्दै यसले शास्त्री परीक्षा अनन्तर अंग्रेजी पढ्ने अठोट गर्‍यो । यसर्थ खुशीको कुरो हो कि वीरगंज पनि हो यसलाई अंग्रेजी पढ्ने दिशातर्फ घच्याड्ने र दुःखको अरू गहन अध्ययनबाट छुटाउने । धोती फेरेको पहाडी बाहुनले भात पकाउने गरेको छाप्रो होटेलमा खाने गरे तापनि, यसै ताका हो यस पंक्तिकारले प्रथम पटक लगाएको लुगा नफुकाली मेचमा बसी टेबुलमा भात खाएर मूकदर्शीहरूलाई आफू प्रगतिशील भन्ने जनाएको । साथ दिने हुनुहुन्थ्यो महाकवि, साहित्यरत्न, विद्यावारिधि, स्वर्गीय श्री कृष्णप्रसाद घिमिरे । अहिले भने जान्दैन यो-त्यो चाल थियो प्रगतिको ! वा आत्म-संस्कृतिबाट अधोगतिको ।

पैंतीस वर्षअगाडि संस्कृत महाकाव्य 'महेन्द्रोदयम्' मा उत्तर-दक्षिण लम्बिएको यस विशाल वीरगंज शहरको र यहाँको २००७ साले जनक्रान्ति युद्धको तब त्यसै युद्धमा शहीद हुनु भएका वीर 'थिरवम मल्ल' को काव्यशैलीमा यस लेखका लेखकले वर्णन गरेको हो, जुन संस्कृत साहित्यका छात्रहरूले पढेकै हुनुपर्छ ।

त्यसपछि आजको पच्चीस वर्षअगाडि यहाँका राजस्व कार्यालयहरूको निरीक्षणार्थ सरकारी अधिकारीको रूपमा र चौध वर्षअगाडि पीपरा मठमा भएको 'विश्व हिन्दू सम्मेलन' मा भाग लिन निम्तारूको रूपमा केही दिन यसलाई वीरगंज बस्ने मौका मिल्यो । त्यसबेला अविस्मरणीय मित्र कविवर श्री कुलचन्द्र कोइरालासँगै हुनुहुन्थ्यो र सबै दिन रमाइला भएका थिए ।

गतवर्ष पनि दुई दिन बसेर साहित्यिक खुराक नपाउँदा पूर्वतिर लागेको हो यो पंक्तिकार । अहिलेको वीरगंज केही पत्रकार, केही समाजसेवी र केही साहित्यकारको समूहमा हिलमिल हुन पाउँदा रोचक नै भए पनि, पहिले पहिलेको जस्तो रमाइलो लागेन, किन हो ? यो दूषित वातावरणले विकृत भएर हो कि ? वा बाल्य, यौवन बिती बुढ्याइँले आफैं विकृत भएर हो ! अथवा समाजै विकृत भएर हो !

रिक्सा, टाँगा, गाडा, साइकल, मोटर साइकल, टेम्पु, मोटर, ट्रक, ट्र्याक्टर, ठेला गाडी यस्ता मनुष्य-वृष-अश्ववाहित, यन्त्र चालित वाहन साधनका अतिरिक्त पदचारी, नर-नारी, बाल वृद्ध आदि सबै एउटै साँगुरो बाटोमा आउने जाने घच्चाघच्ची, धूलो-धूवाँको मुस्लो खास गरेर अरबौं कमाउने भन्सार क्षेत्र र त्यस परतिर रक्सौल

नआउञ्जेलसम्म यस्तो छ, जुन हेर्दा र भोग्दा कुनै प्रशासनिक सुधारको क्रमै छैन जस्तो र नरक जान हिंडे जस्तो लाग्दछ ।

रक्सौल बजारसँग साधारण गृहस्थीहरूले सम्पर्क राख्ने कारण हो दैनिक प्रयोगका सामान सस्तो भाउमा किन्न पाइन्छ र त्यसमा भन्सारले आँखा चिम्लन्छ भन्ने अर्थात् वीरगंजका व्यापारीले उरालेको महँगीको मार हो मुख्यकारण उता जानुपर्ने गृहस्थीले । तर व्यापारी धेरैजसो यताका र उताका एउटै परिवार वा कुटुम्ब भित्रका पनि हुन सक्तछन् । यद्वा मिलीभगत पनि हुन सक्तछन् । अनि के भाउमा धेरै फरक पर्नु ।

एकै रातमा कुबेर हुन खोज्ने प्रवृत्तिमा दुईखुट्टेहरू यस सीमा नजिकको बजारमा कहाँ न होलान् । सस्ता ताक र नाफा खोज्ने एवं खाने र लगाउने ध्याउन्नमा ढिकी च्याउँ जिन्दगी बिताउने उदरम्भरीहरूले यो क्षेत्र भरिए पनि, कमाउनेहरूले जसरी कमाएको होस्, त्यसको अत्यल्प अंशबाट नै भए पनि, सामाजिक कल्याणका लागि अथवा यसो भनौं- नाम कीर्तिका लागि आफ्नो वा पूर्वज वा प्रेमीकाको नाममा धर्मशाला, मन्दिर आदिको निर्माण चाहिँ गर्ने गरेको रहेछ, जुन प्रशंसनीय कुरो हो । यद्यपि त्यस रकममा राष्ट्रले आफ्नो कोषमा जम्मा हुने रकम आयकरमा छुट दिएको होस् । गहवा भगवती माईको, हनुमानको अलखिया महादेवको, मन्दिरहरू र भित्तामा अठार अध्याय गीता शुद्धसँग अंकित गरिएको 'गीता मन्दिर' त्यस पछाडिको दर्शनीय सुविशाल, सबैतिर परिवेष्ठित घडीअर्वा पोखरी (यद्यपि पानी हुनुपर्ने जति सफा नहवोस्) धर्मशालाहरू, अतिथि सदनहरू, अतिसुन्दर सभागृह, विस्तृत एवं कुसुमित उपवनका बीचको ठाकुरराम क्याम्पस, अन्य एक निजी क्याम्पस, प्राथमिक देखि माध्यमिक तहसम्मका पाठशालाहरू, अलिपर विन्ध्यवासिनी आदि उल्लेखनीय छन् । पुस्तकालय र वाचनालय चाहिं सधैं बन्द जस्तो रहने नगरपालिकाको एकमात्र देखियो । उत्तर-दक्षिण लम्बिएको बजारमा पश्चिमतिर पनि आयतन थप्ने आदर्शनगरका संस्थापक 'श्री पशुपति घोष' को पूर्वतिर पनि बजार बिस्तारिंदै गएर भानुचोकमा पुगेपछि आदिकवि श्री भानुभक्त आचार्यको अर्थात् बजारका व्यापारीहरू र नगरपालिकाको साहित्यकारप्रतिको अपार श्रद्धाको प्रतीक अनि श्री ५ महाराजाधिराजको, गरी तीनवटा शालिक र यसै फाल्गुन प्रजातन्त्र दिवसमा संस्थापित वीर शहीद श्री थिरबम मल्लको एक गरी जम्मा चारवटा शालिक यहाँ रहेछन् । यसै प्रसंगमा यो पनि भनौं कि यहाँ मैथिली साहित्यका कवि श्री विद्यापतिको एक शालिक पनि राखिनु पर्ने हो तर यो आशा किन गरौं । जबकि महाकवि श्री लक्ष्मीप्रसाद देवकोटा यस शहरमा तीस वर्षसम्म बन्द कोठामा थुनिएका थुनिएकै छन् । प्रजातन्त्रका उदयमा पनि उनको बन्धन-मुक्ति भएन । राजकीय प्रज्ञा-प्रतिष्ठानका कुशल कलाकार श्री अमर चित्रकारबाट निर्मित उनको ढलौटको सुन्दर प्रतिमालाई मामुली खर्च बेहोरेर बाहिर ल्याउन यहाँका मै हुँ भन्नेहरूले पनि चेष्टा गरेनछन् । त्यो सुन्दर कलाप्रति ती महान् विभूतिप्रति यहाँको जस्तो उपेक्षा त यस अधिराज्यमा कहीं पनि 'न भूतो न भविष्यति' । यहाँको प्रसिद्ध रंगशाला, बसपार्क, घण्टाघर आदि पनि त्यस्तै उल्लेखनीय छन् । यस्तो निर्माणतर्फ यहाँका बासिन्दा, बजारिया र

नगरपालिकाको रुचि बढ्दै रहे वीरगंज साधारण गंज हुनेछैन ।

बजारको पल्ला छेउमा रहेको सिनेमा हलको मस्तकमा लेखिएको छ 'श्रीराम' । भित्र हरामको खेल देखाइए तापनि बाहिर निर्माणकर्ताले 'श्रीराम' लेखाएर दर्शकवृन्दको मानस धरातलमा एकपटक त रामनामको स्मरण गराउने चेष्टा राखेको हो कि ? त्यति नै पनि आध्यात्मिक चेतनाको एक सानो फिल्को हो । अझ त्यसभन्दा परतिर शंकराचार्यद्वार निर्मित छ, जसको निर्माणमा धेरै रूपैयाँको लगानी भयो होला, यद्यपि त्यो द्वार प्राचीन संस्कृतिका स्मारकको रूपमा हो । द्वारभित्र वेदाध्यायन छैन, छ- हिंसा, चोरी, छल कपट वा तेरो मेरोको उग्रता । अनि वेदका उद्धारक, अद्वैतवादी, परब्रम्हविद् जगद्गुरु आद्य श्री शंकराचार्यको नाममा अंकित द्वार खडा गर्नुको के औचित्य ? कि त श्री शंकराचार्य नेपालभित्र प्रवेश गर्नु भएको प्रमाण इदमित्थ हुनुपर्थ्यो । त्यो पनि त विवादास्पद छ । बरू थिरबम मल्लको नाममा त्यो द्वार भएको भए सार्थकता हुने थियो । कोट्याउँदै गए यस पर्सा जिल्लासँग जोडिएको बारा जिल्लामा पर्ने ऐतिहासिक 'सिम्रौनगढ' लाई बिर्सन सकिदैन तापनि लेखको केन्द्रविन्दु वीरगंज शहर नै हुँदा त्यतातिर नलागौं ।

वर्तमान कालमा यहाँका नौला कुराहरूमा गगनचुम्बी पृथु महलहरूको अतिरिक्त औद्योगिक कारखानाहरू, साधारण अस्पताल, प्रसूतिगृह, नेत्र चिकित्सालय, विद्युत व्यवस्था, टेलिफोनको बिस्तार, खानेपानीको वितरण, बाटाघाटाको निर्माण परिवहन, गण्डक नहर, बैंकहरू, सरकारी कार्यालयहरू, कृषि सिंचाइ आदि जे जो भौतिक प्रगतिसूचक छन् तिनको समग्र लेखाजोखा यो सानो लेखमा गर्न सकिने होइन तथा त्यसो गर्न चाहेको पनि होइन, अतएव त्यतातिर नलागौं, लागौं सबभन्दा नौलो र अति उल्लेखनीय एवं ज्यादै चासो लाग्ने बौद्धिक खुराकमा, जुन हो काव्यिक साहित्यको अरूणोदय, यद्यपि यस अरूणोदयको मधुर प्रकाश फिंजाउन यहाँका पत्रकारहरूको प्रयासप्रति केन्द्रले अपेक्षित ध्यान दिएको देखिँदैन ।

त्यो अरूणोदय जन-जनमा मुखरित तथा सुमधुर भोजपुरी र मैथिली राष्ट्रिय भाषाको शिखरमा जति प्रकाशमान देखिन्छ, त्यति नै नहोस् सही, तर चौडा परिवेश लिएर समस्त राष्ट्रिय भाषाहरूको सुसम्पर्क विधायिनी राष्ट्रभाषा नेपालीको क्षेत्रमा पनि प्रकाशिलो गति देखा परेको छ । यहाँको भोजपुरी काव्यरचनामा शोषित किसानको मूकवेदना एकातिर पाइन्छ भने अर्कातिर तिनमा छरेको समयानुकूल जागरणको ज्योति पनि । यहाँको मैथिली काव्यधारामा एकातिर प्रेमपरागको सुष्ठ सौरभ पाइन्छ भने अर्कातिर कोमल कान्त पदावलीको रुचि र विन्यासले आजका नेपाली भाषाका कविताहरूको नीरसतामा उपहास गर्दछ । नेपालीमा जुर्मुराउँदै उठन लागेको यहाँको कविता संसारको छवि बाह्र वर्षे बालकवि 'परिवेशका कविताहरू' बाटै जानिन्छ, जुन कविताका संग्रहको लोकार्पण प्रसिद्ध उपन्यासकार डा. श्री ध्रुवचन्द्र गौतमबाट भएको थियो । बालकवि नभनी छपाएमा तिनले आजका धेरै अहम्मन्य युवाकविहरूको सीपमा दर्पचूर्ण गर्नेछन् भन्ने लाग्दछ । यहाँको अरू साहित्यिक विधा उपन्यास, कथा, निबन्ध आदिमा त राष्ट्रमै ख्याति पाएका लेखकहरू छँदैछन् ।

तँ नखा, म मात्र खाऊँ, तँ नलगा, म मात्र लगाऊँ भन्ने वैयक्तिक विचारधाराका युगीन युवाहरूको अद्यतन चरित्र महलमा पनि "साहित्य सन्ध्या" नामक संस्थाको झरिलो प्रकाशले भविष्य सिन्धुका कर्णधार स्वरूप बाल छात्र-छात्राहरूलाई सोत्साह पथ-प्रदर्शन गर्ने गरिएको रहेछ । प्रचारको दृष्टिकोणले हेर्दा साहित्य सन्ध्या केही होइन तर कार्यकलापहरूप्रति दृष्टि लगाउँदा यसको दरो गतिविधि र स्वार्थहीन लक्ष्यले घोषित हुन्छ कि यसले देशसेवाको मूल जरैलाई खुराक दिइदिई बढाइरहेको छ, जसले आत्म संस्कृतिपरक, देशभक्तिपरक, विद्यमान विकृति र विसंगतिप्रति संप्रहारक काव्यधारामा प्रत्येक बाल छात्र-छात्रालाई निष्णात गराउँदै लगेको लाग्दछ । हरेक राष्ट्रिय पर्वका अतिरिक्त प्रतिमास छात्र-छात्राहरूकाबीच कविगोष्ठी, निबन्ध प्रतियोगिता आदि र पुरस्कार वितरणका क्रियाहरू देख्ता यसको जागरुकताप्रति आश्चर्य लाग्दछ ।

कुनै पनि नवागन्तुक साहित्यकारप्रति साहित्य सन्ध्याका वर्तमान संस्थापक, प्रवर्त्तक एवं सचिव, सदस्य तथा सल्लाहकारहरूले गर्ने गरेको सादर आतिथ्य प्रदान अर्थात् साहित्यकारहरूसँग सम्पर्क गराउने काम प्रशंसनीय मात्र होइन अनुकरणीय पनि छ ।

यहाँ यस्तै संस्मरणीय अर्को साहित्यिक संस्था छ, जसको नाम हो 'नारायणी वाङ्मय प्रतिष्ठान' यसले सर्वोत्कृष्ट कृतिका निम्ति नारायणी अंचलभित्रका लेखकलाई विपुल नगदराशिसहित अभिनन्दन गर्ने परम्परा बसालेको छ । यसवर्ष कृति बेगर पुरस्कार प्रदान भएनछ । तर यस्तो स्थितिमा स्थगन गर्नुभन्दा निरन्तर साहित्य सेवा गर्ने वरिष्ठ लेखकको अभिनन्दन गर्नु बेस होला कि ? अथवा यसवर्ष देवकोटाको शालिक स्थापनामा त्यो रकम खर्च पनि होला कि ? वार्षिक कविगोष्ठी गराउने आदि क्रियाशीलताले पनि यो संस्था जीवन्त रहनेछ ।

अन्तमा, निकट भविष्यमा नै वीरगंज साहित्यगंज बनोस् भन्ने कामनाका साथ आस्वादित साहित्यमधुको बखान र वीरगंजकै केही सेरोफेरोको उल्लेखन संक्षेपमा यही टुङ्ग्याइन्छ । हरि: शरणम् ।

आफ्नो बालबच्चाको उज्जवल भविष्यको लागि जीवन बीमा गर्नुहोस् तथा अग्नी, मोटर, व्यक्तिगत दुर्घटना जस्ता विभिन्न प्रकारको दुर्घटनाबाट हुने आर्थिक क्षतिको क्षतिपूर्ति पाउन आफ्नो धन सम्पत्तिको बीमा गरी सुरक्षित रहनुहोस् ।

– राष्ट्रिय बीमा संस्थान

शाखा कार्यालय, वीरगंज, फोन नं. २२८३७

कविता

# मृत्यु

◆ गोपी सापकोटा

मृत्यु
बिहान हामी उठ्न नपाउँदै
हाम्रो ओछ्यानमा
समाचारपत्रहरूसँगै आइसक्छ
स्पर्श गरेर हामीलाई
रित्तो हात फर्कन्छ ऊ
हामी बाँचेको गौरव गर्छौं ।

मृत्युको दयाले
बाँच्न पाएका हामी मान्छेहरू
त्रस्त छौं मृत्युदेखि ।

किन सक्दैनन् मान्छेहरू
एउटा ढोका छातीको
उघारेर मृत्युलाई स्वागत गर्न ।

मृत्युदेखि डराउनेहरू
सत्यदेखि डराउँछन्
सत्य भन्नु मृत्यु मात्र हो
सत्य भन्नु शून्य मात्र हो

मृत्यु प्राप्तिका पूर्वाभ्यास हुन्
हाम्रा अभिव्यक्तिहरू
हाम्रा अनुभूतिहरू
हाम्रा गतिविधिहरू
हामी शून्यमा माया गर्नेहरू
हराएका अस्तित्वहरूमा
पश्चाताप गर्छौं शून्यमा ।

निराकार आकाशमा देखिने
मृत्युका पदचापहरू देखि
डर लाग्नु हुन्न हामीलाई
प्रत्येक जीवनको पूर्ण अनुभूति
प्रत्येक जीवनको पूर्ण प्राप्ति
मृत्यु हो हाम्रो सफलता ।

समालोचना

# भीम चरणको कल्पना : एक विवेचना



✦ माधवप्रसाद काफ्ले

मेरिएन क्राफोर्डको भनाइलाई मानिदिने हो भने उपन्यास 'पाकेट थिएटर' हो, किनभने हामी उपन्यासमा महाकाव्यकै जस्तै विस्तृत आयाम र व्यापकता खण्डकाव्यको जस्तै रसाभिव्यक्ति वा भावाभिव्यंजन, कविताको जस्तै संवेग, नाटकको जस्तै वस्तु विन्यासको समान क्रम र संघर्ष कथाको जस्तै चरित्र, सम्वाद देशकाल वातावरण विचार वा जीवन दर्शन, निबन्धको जस्तै कल्पनाको उन्मुक्त उडान पाउँछौं । समष्टिमा भन्ने हो भने एउटा उपन्यासमा साहित्यका सम्पूर्ण विधाहरूको उत्तमोत्तम गुणहरूको सारांश पाइन्छ । 'वस्तुमा आरोपित रागात्मक सम्बन्धबाटै कथ्यवस्तु बढी रोचक तथा संवेद्य हुन्छ' । जीवनको बयान त राजनीतिले पनि गर्छ समाजशास्त्र र इतिहासले पनि गर्छ तर जीवनसित सम्बन्धित भएर पनि तिनीहरू निष्क्रिय हुन्छन् प्रतिक्रिया शून्य र मात्र लेखाजोखाको हिसाब गर्छन् भने उपन्यासमा ज्योतिर्मय जीवनको स्पन्दन हुन्छ, कथानकको श्रृंखलामा आवद्ध घटनाहरूको तारतम्यद्वारा मानव जीवनको विभिन्न पक्षहरूको जीवन्त रूप वर्णन गरिएको हुन्छ । त्यसैले नै हामी उपन्यासलाई सामाजिक चेतनाको उद्‌बोधनका साथै आएको लोकोन्मुख सभ्यताको आधुनिकतम र सबभन्दा सशक्त कलाभिव्यक्तिका रूपमा ग्रहण गर्दछौं, किनभने 'संघर्षरत मनुष्यको बृहत् सामाजिक जीवनदेखि वैयक्तिक चरित्र र उसका विकृतिपूर्ण आन्तरिक जीवनलाई समेत अंगालेर यसले आफ्नो क्षेत्र असीमित तुल्याएको हुन्छ ।

आजभन्दा झण्डै तेइस सय वर्षअगाडि भरतमुनिका नाट्य शास्त्रले उपन्यासको शाब्दिक व्याख्या गरे तापनि नेपाली परिवेशमा भने नेपाली भाषामा उपन्यासको उम्दव र विकास सन् १९०२ मा प्रकाशित गिरीशवल्लभ जोशीको 'वीर चरित्र' देखि नै शुरु भएको हो । हुनत यसमा इन्द्रजाल, जासूसी, अलौकिक पात्रहरू र घटनाहरूको वर्णन ज्यास्ता नै गरिएको छ तापनि यो मौलिक रचना हो । यसले नेपाली प्रकृति र देशीय रंगका दर्शनका साथै राणा शासकहरूका कतिपय प्रवृत्तिहरूको चित्रण परोक्ष रूपमा गरेको छ । त्यसपछिका दिनहरूमा भने नेपाली साहित्यमा उपन्यासको बाढी नै आएको छ । तिलस्मी घटनाबाट कोल्टो फेर्दै सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, जासूसी, ऐतिहासिक, यौनबादी, दार्शनिक

र पौराणिक कथावस्तुमा लपेटिएर आएका उपन्यासहरू थानका थान भएर साहित्य भण्डारमा थुप्रिएका छन् । यसै क्रममा एउटा नारीको अन्तरवेदना पीडा, आँसु र हाँसोको पछ्यौरा फिंजाएर डा. भीमचरण थापाले एउटा उपन्यासलाई कोरीबाटी तेल लगाएर त्यसको सिंउधोमा 'कल्पना' को सिंदूर हाली हामीसामु पेश गर्नुभएको छ ।

शब्दकोषले कल्पनाको परिभाषा-स्मृति पटमा अनौठो नयाँ कुरा वस्तुको प्रतिमा तथा रूपरेखा बनाएर काव्य, चित्र प्रतिभा आदिका रूपमा उतार्ने वा मूर्तरूप दिने क्रियात्मक मानसिक शक्ति अथवा मनगढन्ते कुरालाई औंल्याए तापनि 'कल्पना' उपन्यासको नाउँ मात्र नभएर मुख्य पात्रको नाउँ पनि हो । सानु कोष्ठले २०४६ सालको आन्दोलनसित सम्बन्धित शब्दलाई घेरिदिएको हुनाले हेर्नेहरूका लागि यो उपन्यास आन्दोलनकै पृष्ठभूमिमा नै लेखिएको होला भने शंका गर्ने ठाउँ छोडेको छ । तर यथार्थ अलग्गै छ । सामाजिक यथार्थवादको पृष्ठभूमिमा रोपिएको यस उपन्यासको आफ्नै वैचित्र्य छ । एकान्तिक महत्त्वका चारित्रिक अभ्दुतताले पात्रहरूको विवशता र विरही व्यथा मर्मान्त भएर भावनाको भेलमा तिरोहित भएका छन् । अबोधता र भयंकरतामा लपेटिएका नारी पात्रहरू निच्छलता र अन्यौल एकसाथ दुई विपरीत प्रभाव पार्ने उनीहरूको व्यवहार, उनीहरूको प्रकृतिले हामी क्षुब्ध मात्र हुँदैनौ द्रविभूत पनि हुन्छौं । वासना, कायरता र असंयमित उत्तेजना देखेर घृणा मात्र गर्दैनौ कता कता हामीमा उनीहरूप्रति दया र सहानुभूति पनि पलाउँछ । कल्पनाको पहिलो प्रेमी गुमानसिंहको वक्र प्रस्तुतीकरणलाई प्रमुख विषयवस्तुमा मुछेर उसको शंकास्पद स्वभावमा देशका युवा शक्तिहरूको भविष्यलाई अन्धकारमा अड्याएर पल्टनियाँ स्थितिलाई सरल रूपमा वर्णन गर्नुभएको छ लेखकले । तनहुँको भरिलो आवरण, पोटिलो परिवेश र वैशालु वातावरणभित्र उपन्यासका छालहरू उर्लिएका छन् भावीरेखा कोरेर उपन्यासमा विश्वसनीयता र संवेद्यताको लागि जीवन र जगतमा घट्ने, घट्न सक्ने र घटिरहेका विभिन्न घटनाहरू घुर्मैलो भएर घोर्लिएका छन् । कल्पनाको मानसिक द्वन्द्व नै आन्तरिक संघर्षको विशिष्टता र सफलताको प्रतीकका रूपमा लिन सकिन्छ ।

कार्य र कारणको श्रृंखलामा बाँधिएको कथावस्तु कल्पनाको वरिपरि नै घुमिरहेका छन् । मुख्यत: नारीमाथि पर्ने सतित्वका सांघातिक आक्रमणले छरपस्ट पारिएको नारीको मर्मान्त र कारुणिक कथा यस उपन्यासमा उनिएको छ । बतासिएको बैंशमा उत्तेजनाको उखर्माउलो पोलाइबाट पिल्सिए पछिका छटपटाइहरूको परिणाम हो 'कल्पना' । संरक्षक विहीन अवला नारीले स्वार्थ, सन्ताप र शंकामा लपेटिएको समाजमा कसरी आफूलाई उभ्याउन सकिन्छ भन्ने प्रेरणा प्रस्तुत गर्नुभएको छ उपन्यासकारले । कल्पनाको कुकुरे बैंश पतिसँग पाणिग्रहण गर्नुभन्दा पहिले नै गुमानसिंहको पोल्टामा पोखिइसकेपछि उपन्यासले कथावस्तुको सार्थकतालाई डोऱ्याउन थाल्छ । एउटा मध्यमवर्गीय परिवेशमा हुर्केकी केटीले आफ्नो पति एवं पिताको सहयोगविना नै आत्मनिर्भरताको बाटो आफैले खन्ने जुन साहस गरेकी छन् त्यो प्रशंसा लायक छ, प्रेरणादायी छ, अनुसरणीय छ । अविवाहित भईकन पनि गर्भिणी हुनु जस्तो अकृत्य चरित्रहीनताको शिकार भएबाट भन्दा पनि उनलाई कर्तव्यबोध, आत्मीयता र जीवनजगत्को गोरेटोमा हिंड्न अग्रसर

गराउने प्रेम प्रधान, अहिल्या दिदीको भूमिकालाई निम्नस्तरको रहेछ भनेर भन्न पटक्कै मिल्दैन । सामाजिक संकीर्णताको आधारबाट फुत्त उछिट्टिएर दमौली जस्तो स्वार्थ षडयन्त्र र राजनैतिक उष्णताको ककेरामा रूमल्लिदै आफ्नो अस्मितालाई स्वाभिमानको सिउँदोमा त्याग र संघर्षको सिंदूर हाली जीविकोपार्जनका लागि अध्यापन जस्तो कठिन कार्यमा मुख्य नायिकालाई तेर्स्याउनु नै लेखकले गर्नुभएको सराहनीय पक्ष हो ।

'अनिवार्य र अविभाज्य रूपमा रहेका घटनाहरूका सुनियोजित रूपलाई विन्यस्त वस्तुको रूपमा' लिने हो भने 'कल्पना' विन्यस्त कथावस्तुको राम्रो उदाहरण हो । उपन्यासका सम्पूर्ण घटना पात्र र क्रियाकलाप उपन्यासको प्रतिपाद्य विषय कल्पनामै केन्द्रित भएको छ । उपन्यासमा एकातिर कल्पनाको कर्तव्यपरायणता छ भने अर्कोतिर गुमानसिंहसँगको सहवासकालको कथा छ । त्यस्तै अहिल्याको मार्मिक, दु:खान्त असहाय कथा पनि निकै रोचक लाग्दो छ । आर्थिक, सामाजिक, मनोवैज्ञानिक र राजनैतिक समस्यालाई संक्षेपीकरण गरेर भन्दा यसो भन्न सकिन्छ :

कल्पना एउटा विद्यालयमा काम गर्छिन् । एकदिन स्कूलका सबै सहकर्मी मिलेर भिमाद भन्ने ठाउँमा घुम्न जान्छन् । भिमादको रमाइलो वातावरणबाट खुशी हुँदै जब उनीहरू फर्कन्छन् दोभान भन्ने ठाउँकी एउटी राम्री आइमाईको आग्रहलाई उल्लंघन गर्न नसकेपछि चिया पिउन बस्दछन् तब दोकान मालिकनी अहिल्याको परिवार र तिनीहरूका बीच परिचयको आदान-प्रदान हुन्छ । अहिल्याको पेन्सनवाला पतिले उसलाई फकाई फुल्याई एउटा घर भाडामा लिएर चिया पसल थाप्न लगाई ऊ रफूचक्कर हुन्छ । यस घटनाबाट प्रभावित भएपछि कल्पना आफ्ना विगतका पाना पल्टाउन थाल्छिन् । गुमानसिंहसँग जम्काभेट भएर मायाप्रीति बसेको, त्यसपछि उसलाई माग्न आएको वा आमाले एउटी मात्र छोरी भएकीले दिने भनेपछि उनीहरूले आफ्नो मन थाम्न नसकेको र यसै अवसरमा ट्रेनिङमा कल्पनालाई काठमाडौं जानु परेको, ऊ काठमाडौं जाँदा एउटा चिठी छोडेर गुमानसिंह छुमन्तर भएको र अन्त्यमा ऊ फकल्याण्डको युद्धमा मरेको यावत् कुरा सम्झिदै रून्छिन् कल्पना । अनि अहिल्यासँगको सहसम्पर्क र पारस्परिक सरसहयोगमा केही बेर उल्झिइसकेपछि जम्दारको उदय पश्चात् उपन्यास लम्बाइको अन्तिम किनारामा आइपुग्छ । ऐयासी अहिल्या मार्फत लाहुरे जम्दार भन्ने श्याम सिंहसित कल्पनाको विवाह हुन्छ । लाहुरे एउटा पार्टीसित सम्बन्धित देशभक्त नागरिक भएको कारणले गर्दा २०४६ सालको आन्दोलनको ज्वालामा जोश र जाँगरको आहुति दिन पुग्छ । राष्ट्रिय स्वाभिमानको सुरक्षा गरे वापत निरंकुशताको गोली साहसीको छातीमा बजेपछि उ इन्तु न चिन्तु हुँदै अस्पतालको ओछ्यान सुम्सुम्याउन पुग्छ । घाउ ठूलो भएकै कारणले गर्दा अन्तमा उसको मृत्यु हुन्छ र उपन्यास पनि सकिन्छ ।

समष्टिमा भन्ने हो भने मर्यादा अलग प्रश्न नभएर सेक्स सम्बन्धी मान्यताभित्र सृष्ट त्यसप्रति भिन्न शायद उदार दृष्टि राख्ने श्याम सिंहमा समस्याको रूप लिने मर्यादा र यौन अन्धवेगमा हुर्किएरै भए पनि अनैतिकता र नैतिकताकाबीच सन्तुलन कायम गरी सभ्य समाजको संरक्षण गर्ने अभिप्राय नै यस उपन्यासको सार्थक पक्ष हो ।

राम्रो आदर्श उच्चविचार, स्वच्छ समाज र सन्तुलित परिवेशको सेरोफेरोमा स्वाभिमान र स्वावलम्बीको खेती यस उपन्यासले गरे पनि कमजोर पक्षलाई छोप्न भने असमर्थ रहेको छ । जस्तै लेखकको भाव सम्प्रेषण खुकुलो अथवा हचुवाका भरले गर्नु भएको छ । प्रस्तुत गर्न खोजिएको विषयवस्तु विचार वा दर्शन सुन्दर वा सुगठित पारेर पदपूरक पदन्यास पोख्न नसक्नु नै म लेखकको ठूलो कमजोरी ठान्दछु । एउटा सिद्ध हस्त लेखकले उपन्यास जस्तो गहकिलो विधामा आफ्नो कलमलाई कुदाइसकेपछि कथावस्तुको मूल्यमा अवमूल्यन हुन नदिनु पर्ने हो । विभिन्न उद्वेग, अन्तरवेग, विषमता जटीलता र घात-प्रतिघातले गर्दा उपन्यासमा मानव जीवनको सिंगो र सङ्लो चित्र प्रस्तुत गर्ने जमर्को गर्दागर्दै पनि प्रस्तुतीकरणमा देखापरेका शिथिलतालाई सुगठित गर्न नसक्नु भएको नै देखिन्छ । हिन्दू समाज र संस्कारमा अन्तरजातीय विवाह जस्तो अकृत्य कार्यलाई एकाध दुई अपवाद छोडी स्वीकृति दिने चलन हाम्रो समाजमा छैन । यदि कल्पनाका पिता-माता उच्च शैक्षिक उडानको भटभटेमा कुदेका भए शायद विरोधाभापको स्थिति मनमा पलाउन पाउने थिएन । हाम्रै समाजमा पाइने सामाजिक संस्कारको रंगमंचमा गरिने कृत्य र कुकृत्यहरूलाई ढाकछोप गर्ने प्रपंच र जालका ढालहरूले आदर्शलाई प्रबल राखेर जाती र सम्प्रदायका संकुचित सोचाइलाई छेलिदिएको भए समयानुसारको परिवर्तनको प्रतिनिधित्व गर्ने चेतनालाई सकारेर नयाँ क्षितिजको खोजी र पहिचान गर्ने थिए पाठकले । कामोत्तेजक रुचिलाई तुष्टि दिने सस्तो लोकप्रियताले गर्दा साहित्यिक मूल्य र मर्यादा चाहिंदो मात्रामा सुरक्षित हुन नसकेको जस्तो लाग्छ ।

अहिलेको परिवेशमा अन्तरजातीय विवाह साहसिलो कदम ठानिन्छ तापनि त्यसको पनि आफ्नै स्वच्छ पृष्ठभूमि हुनुपर्छ । जसरी यस उपन्यासमा कल्पनाका पिता-माताले आफू ब्राम्हण भैकन पनि गुरुङ्ग गुमानसिंहलाई छोरी दिने निर्णय आफैमा हास्यास्पद छ । त्यति सरल र सहज पनि छैन । यति हुँदा त ठीकै थियो 'न मरोस् भट्टी नै परोस्' प्रेम र प्रणयको धागोमा पुरुष र स्त्री बाँधिइसकेपछि अभिभावकको विरोधै भएपनि गुमानसिंहले कल्पनालाई उडाएरै छाड्थ्यो भनेर चित्त बुझाउनु पर्ने ठाउं थियो तर अर्कै जातिमा छोरीलाई दिइसकेपछि साइत हेराइवरी सिन्दूर र पोतेको लागि उचित लगन ठहऱ्याएर कन्यादानको लागि समय कुरिरहनु पर्ने कुरा त पटक्कै मिल्दैन । हिन्दू संस्कार अनुसार विवाह गराउँदा बेहुला-बेहुलीको आमाबाबु पट्टिकाले गोडा धुने चलन पनि पर्छ । कल्पनाका पिता-माताले छोरी ज्वाईंका गोडा धोए भन्दैमा माइतीपट्टिकाले त्यसै गर्लान् भनेर भन्न सकिन्छ । समाजले यस्ता कुरामा स्वीकृतिको साटो घृणा गर्दछ । उपन्यास भनेको मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो । दर्पणमा दाग छ भने हेर्ने मान्छे नाक खुम्च्याउँछन् । त्यसैले के भन्न सकिन्छ भने स्वप्निल आकांक्षाको सचित्र विवरण हो 'कल्पना' ।

आजको समाजमा व्याप्त जटिलता र विषमताका साथै मनोविज्ञान र मनोविश्लेषणको बढ्दो विकास र यस प्रतिको अभिरुचिले गर्दा पात्रका विभिन्न अन्तश्चेतना र संवेदना तथा यसको परिवेशमा आधारित भएको उपन्यासको प्रचलन बढ्दै गएको पाइन्छ । पात्रको चरित्र चित्रण र यसको मनोविश्लेषणको प्रभावले उपन्यासलाई बढी

सशक्त र तोकिएको लक्ष्य हासिल गर्ने योजनाबद्ध बनाउनु पर्नेमा डा. महोदय ज्यूले पात्रहरूलाई स्वतन्त्र वातावरणमा हुर्कने र बढ्ने अवसर त दिनु भयो तर त्यसको हलुका र खुकुलोपनको चिप्लोमा चिप्लिएर आफू पछारिएको भने थाहा पाउनु भएन । पुरुष पात्रहरूको एउटै मनोवृत्ति रहेको छ । नारीलाई यौन तृप्तिका साधन मात्र ठानेर प्रयोग गरेका छन् सबैले । शिक्षक जस्तो गरिमामय पेशमा लागेको आनन्द अहिल्याको अँगालोमा बाँधिनु, पेन्सनवाला लाहुरे एउटा जिम्मेवार पार्टीको कार्यकर्ता भैकन पनि विना सुझबुझ कल्पनालाई स्वीकार्नु र गुमानसिंहले यौन तृप्तिपछि मौका छोपेर कप्लनालाई छाडिदिनु यी सबैमा सबैको कपटपूर्ण नियत थिएन भनेर कस्ले भन्न सक्छ ?

सरस भाषा, सरल प्रस्तुति, उच्च आदर्श बोकेको यस उपन्यासका पात्रहरूलाई लेखकको यौन अथवा विषय बासनाको सेरोफेरोमा हाँकेर जन आन्दोलनको क्षणिक झझल्को र उत्साहलाई दुःख पीडा, शोक संतप्तको आँसुमा लगेर टुङ्ग्याउनु भएको छ र सम्वादलाई पटक पटक दोहऱ्याउनु भएको छ । कल्पनाले छोरीलाई जुटपानीको अनाथालयमा लगेर छोडि दिंदा उत्सुकता र कौतुहल र जिज्ञासाको छाप पाठकवर्गमा प्रशस्त परेको छ तर त्यही विषयलाई बारम्बार प्रयोग र प्रशंसा गरी दिनु भएकोले पढ्दा पढ्दै झर्को लागेर आउने ठाउँ पनि दिनु भएको छ । प्रेम प्रधानको व्यक्तित्व चरित्र र उद्देश्यको वर्णन अनाथालयसँगै शुरुमा भएको भए लेखकको सकारात्मक पक्षको मेरुदण्ड नै यही हुने थियो ।

विचार, उद्देश्य सटीक छ, भन्न खोजिएको कुरालाई अनेकौ फूलझडी सिउरेर लम्बेतान गरी दिंदा उपन्यासलाई लम्ब्याउन त खोजिएको त हैन ? त्यस्तै आन्दोलनको वर्णन औपन्यासिक आधारमा नभई संस्मरणको रूपमा मात्र प्रस्तुत गरिएको जस्तो लाग्छ ।

जे होस्, 'कल्पना' नेपाली उपन्यासको पंक्तिमा आफ्नै विशेषता, आफ्नैपन, आफ्नै आधार, आफ्नै विचारको कोशेली लिएर साहित्यप्रेमीहरूको पोल्टामा नौलो प्रस्तुति लिएर कुसंस्कार, कुरीति र कुनियतलाई घच्घच्याउँदै वर्णनात्मक शैली, घटना, जंजाल, तारतम्यपूर्ण संयोग, चलचित्रात्मक सम्वाद, रोमान्सेली आवेग, साहस र सहयोग, कर्तव्य परायणता अनि आदर्शात्मक अन्त्य गरेर हामी सामु आइपुगेको छ । पात्रहरूको आदर्श चरित्र, अनुकरणीय कार्य, अनुपम दृष्टान्त दिएर पाठकहरूको मन, मस्तिष्क र माया पाउन सफल हुनु भएकोमा लेखक महोदयबाट नेपाली साहित्यले उत्कृष्ट उपन्यास पाउने छ भन्ने कुरामा विश्वास लिन सकिन्छ ।

## सन्दर्भ सूची

१. केशवप्रसाद उपाध्याय- साहित्य प्रकाशन सा.प्र.वि.सं. २०४४
२. कृष्णचन्द्रसिंह प्रधान- नेपाली उपन्यास र उपन्यासकार सा.प्र.वि.सं. २०४३
३. मोहनराज शर्मा- नेपाली साहित्यको संक्षिप्त इतिहास सा.प्र.वि.सं. २०४६
४. डा. हिमांशु थापा- साहित्य परिचय सा.प्र.वि.सं. २०४७

चन्द्रनिगाहपुर-५, खैरा

# गीत



✦ *जे.बी. 'रूमानी'*

मनको ढोका खोली दिएँ, तिमी आइ बसेहुन्छ
मुटुभित्र सजाइ सकें अब आफ्नै सम्झे हुन्छ !

एउटा हात म दिन्छु, एउटा हात तिमीदेऊ
दुई हात मिलेपछि पुगिन्छ गंगा पल्लो छेऊ,
मैले अठोट गरीसकें मात्र तिम्ले अँटे हुन्छ,
मुटुभित्र सजाइसकें अब आफ्नै सम्झे हुन्छ !!

बसाउन एउटा घर जिन्दगानी ओताउनी
पीरतिको सानो संसार सजाउन दुवै मिली,
शीतल छाँया, घाम लागे, दु:ख सुख साटे हुन्छ
मुटुभित्र सजाइसकें, अब आफ्नै सम्झे हुन्छ !!!

*उर्लाबारी-५, मोरङ*

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना
**– ज्योति स्पिनिंग मिल्स लि.**
ज्योति ग्रुप, परवानीपुर

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना
**– कृषि विकास बैंक** मुख्य कार्यालय, परिवार

कथा

# यतो धर्मस्ततो जयः

✦ क्याप्टेन जनकबहादुर राणा

शनिवार विहान रूपेश प्रधान गुलाफ कलम गरिरहेको नाइकेसित गफ्याउँदै माई भ्याली चियाको आनन्द लिइरहेको बेला, गेट पालेले एउटा चिटिक्क परेको आकर्षक भिजिटिङ कार्ड गार्डेन टेबुलमाथि राखि, निदार प्रश्नवाचक चिन्हको रूपमा खुम्च्याइ आज्ञा तामेल गर्न उभिरह्यो । शनिवारका दिन रूपेश प्रधान कुनै किसिमका व्यवधान मन पराउँदैन थियो । त्यसमाथि अनौपचारिक पहिरन, स्लीपिङ सुट, भोटे ऊनको मोजा, माकालु टोपी, राडीको गाउन र घाँटीमा अंगोरा गलवन्दी बेरेर बसेको बेला- को गधा यहाँ बाधा पुऱ्याउन आयो ? भनी ऊ झर्केको थियो ।

उसले अन्य मनस्क भावले त्यो कार्ड टिपेर पढ्यो । मिस्टर टिम् ग्रोभर, महिन्द्रा एस्कर्ट फोर्ड अटोमोबाइल्स, २१० रउज एभिन्यू, न्यू देहली-११०००२ । भिजिटिङ कार्डले रूपेश प्रधानलाई जऱ्याक जुरुकपारि भैंमाथि उभ्यायो । पन्ध्र दिनअघि फोर्डको कार्यकारी निर्देशक डा. शंकर आयंगरसित फोनमा सम्पर्क गरी उसले नेपाल अधिराज्यको निम्ति भारतमा उत्पादन गरिने फोर्ड कारको डिलरशीपमा आफ्नो दिलचस्पी जाहेर गरेको थियो । डा. आयंगरले शिष्टतापूर्वक उत्तर दिएको थियो- "मिस्टर प्रधान ! आइ उइल इन्फर्म यु लेटर । व्हाट क्यान आइ डु फर एण्ड फर योर कस्टमर्स ।

फोर्ड कम्पनीको प्रतिनिधिलाई ब्रीफकेस बोकाएर गेटबाहिर उभ्याउने कुरा लाभदायक नहुने भएकोले, मन हत्याङ-फत्याङ भए तापनि शान्त र शालीनताका साथ गेटमा पुगेर प्रभावशाली ढंगले हात मिलाउँदै उसले ग्रोभरको-स्वागत गऱ्यो- "वेलकम यङ्ग म्यान ।" त्यसपछि आफूनिर बसालेर चिसो-तातोको निम्ति आग्रह गऱ्यो । उत्तरको सट्टा ब्रीफकेस खोल्दै ग्रोभरले आफ्नो दुर्दशाको "लङ्प्ले" गुनासो बयान गर्न थाल्यो - "हिजो दिल्लीबाट हिंड्ने बेला मन्त्रीहरूको सवारीले गर्दा बाटो जाम । भाग्यले इण्डियन एयर लाइन्सको उडान डिले थियो । सो राति ढिलो पुगियो । आज शनिवार नेपालमा साप्ताहिक बिदा हुने कुरा थाहा थिएन । चारैतिर फोन गरें, फोन कसैले उठाएनन् । होटलका जनरल म्यानिजर जर्ज भर्कोभेजरले सहायता नगरेका भए शायदै आज तपाईंसित भेट हुने । किनकि आजको फ्लाइटबाट फर्किने, सबै कार्यक्रम चौपट र बिल्लबाठ हुने । अँ । भरे तपाईंको कम्पनीको एउटा मोटर पाए एयरपोर्ट जान सजिलो हुने थियो । संसारमा कतै नभएका नियम कानून नेपालका ट्याक्सिवालाहरूले आफ्ना खल्तीमा राखेर हिंड्ने रैछ । मिटर छ,

अशच काम नगर्ने आउट-अफ-अर्डर । फन्टास्टिक ! भन्दै उसले एउटा हात्ती दाँत रंगको खाम रूपेश प्रधानलाई दिँदै भन्यो- "प्रपोजल लेटर उइथ डीड पेपर्स सर !" खाम हातमा लिई निर्विकार रूपेश प्रधानले फेरि एकपटक शिष्टचारवश आग्रह गर्‍यो- "यदि तपाईंलाई असुविधा नभए दिउँसोको खाना यहीं एकसाथ लिउँ कसो ?" गाडी पठाइदिए धेरै सुविधा हुन्थ्यो सर !" फोर्ड कारको प्रतिनिधिको उत्तर । त्यही निर्विकार भावले रूपेश प्रधानले खाममाथि दृष्टिपात गर्‍यो । त्यसमा लेखिएको थियो । मि. रूपेश प्रधान, प्रधान इन्टर प्राइजेज, डिल्लीबजार हाइट, काठमाडौं । नेपाल ।

पन्ध्र दिनपछि आर.ए. २०६ उडानद्वारा रूपेश प्रधान दश बजे नयाँदिल्ली इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लियो । उसलाई लिन टिम् ग्रोभर गाडी लिई पहिलेदेखि त्यहाँ उपस्थित थियो । रूपेश प्रधानलाई आदरका साथ स्वागत गर्दै, सोफरलाई गाडी सोझै फोर्ड बिल्डिडतिर हाँक्ने आदेश दिई बाटोमा रूपेश प्रधानको कार्यक्रमको "ब्रोशियर" हस्तान्तरण गर्दै फेरि लङ्ग्लेमा छोटकरी पनि गराउँदै गयो "तपाईंको निम्ति होटेल मौर्य शेरेटनका सर्वोत्तम डिलक्स सुट बूक गरेको छु । एघार बजे बोर्ड अफ डाइरेक्टरहरूका मिटिङपछि आधा घण्टा चिया ब्रेक । त्यसपछि रिजनल म्यानेजर र चुनेका डिलर्सहरूका मिटिङ । दुबै मिटिङमा तपाईंको उपस्थिति नितान्त आवश्यक भएकोले हामी सोझै फोर्ड बिल्डिङ गइरहेका छौं ।

रूपेश प्रधानको एउटा भावी योजनाको प्रथम चरण कार्यान्वयन हुन लागेको थियो । सिनामंगल, त्रिपुरेश्वर प्रदर्शनी मार्ग, कान्तिपथ र कमलादीमा रहेका जस्तै एउटा भव्य अटोमोबाइल्स शोरूम ऊ आफ्नो एकमात्र सन्तान, आमाको नाउँमा खोल्न चाहन्थ्यो । उद्योग वाणिज्य क्षेत्रमा, गोल्छा, चौधरी, अमात्यबन्धुहरूपछि प्रधान इन्टरप्राइजेज सर्तक भई उँचाइमा उठेको कुरा त्यस क्षेत्रका सबैले इमान्दारीपूर्वक सकारेका छन् । दैनिक दुई लाखप्रति समाचार पत्र "अलकापुरी", पाक्षिक चालिस हजारप्रति "धर्मावतार" पत्रिका बिक्री वितरण हुने अलकापुरी पब्लिकेशन (प्रा.) लि. लगायत नारायणघाटमा नारायणी बुअरी (प्रा.) लि., पोखरामा दुइसय कोठा भएको पाँच तारे होटेल "मुना-मदन" । टोर स्टील, चाउचाउ, विस्कुट, खैनी पान मसला जस्ता ठूला-साना उद्योग संस्थाका एक मात्र तानाशाह रूपेश प्रधानको एउटा रहस्यमय योजना-एउटा अटोमोबाइल्स शोरूमको स्थापना ।

मिटिङमा डा. शंकर आयंगरको वाकपटुता, स्फटिक झैं पारदर्शी व्यापार नीतिका सिद्धान्तले रूपेश प्रधान निकै आशावान र आश्वस्त भएको थियो । नेपालमा विश्व प्रसिद्ध कारनिर्माताहरूका निर्यातलाई कम्मर कसेर प्रतिस्पर्धा गर्न मि. प्रधाननै उपयुक्त व्यक्ति हुन् भनी बोर्ड अफ डाइरेक्टरका मिटिङमा आयंगरले उसको जोरदार सिफारिश गरेको थियो । र, उसको उम्मेदवारीको समर्थनमा सबैले डा. आयंगरको प्रस्तावलाई अनुमोदन गरे ।

फोर्ड ग्रुपले होटेल मौर्यको रोयल म्याजेस्टिक हलमा रमाइलो साँझको आयोजना

गरेको थियो । भारतका उद्योग वाणिज्य उप-मन्त्री, ठूल्ठूला उद्योगपति व्यापारी र शाही नेपाली राजदूत र गन्यमान्य व्यक्तिहरूका उपस्थितिमा सारगर्भित प्रस्तावनासहित नेपालका लागि फोर्डको डिलरशीप डा. शंकर आयंगरले रूपेश प्रधानलाई हस्तान्तरण गरेको थियो । ओइरिएर सबैले उसलाई बधाई दिए । श्याम्पेन शीशीका काग पेस्तोल पड्के झैं पड्किन थाले ।

दुई हातले चार काम गर्ने रूपेश प्रधानको बानी । यही हो उसको सफलताको रहस्य पनि । यसपालि पनि ऊ एउटै काम लिएर दिल्ली आएको होइन । अरू पनि योजना थियो उसको खल्तीमा । जसमा "हिन्दुस्तान एक्सप्रेस" प्रकाशनको कार्यपद्धतिको निरीक्षण र काँगडा भ्यालीमा स्थायी रूपले बसोबास गरेको बालसखा जनरल जग्गुसित भेटघाटलाई उसले दोस्रो र तेस्रो क्रममा राखेको थियो । त्यस कामको निम्ति टिम् ग्रोभरले केही मद्दत गर्न सक्छ कि भन्ठानेर त्यही पार्टीमा उसले ग्रोभरलाई ट्रेन वा हवाइजहाजको बुकिङ बारेमा भनेको थियो । ग्रोभरले टाउको हल्लाउँदै लर्बराउँदै लवजमा दिएको उत्तर रूपेश प्रधानले बुझेन । ग्रोभरलाई श्याम्पेन चढेको कुरा चाहिं उसले राम्ररी बुझ्यो ।

"टेल मि सर ! व्हाट इज योर प्रब्लेम्स ?" भन्दै हातमा श्याम्पेनको गोब्लेट लिई आलादीनको जिन झैं त्यहाँ डा. आयंगर प्रकट भएको थियो । रूपेश प्रधानले जाबो ट्रेन र हवाइजहाज बुकिङको निम्ति त्यत्रो भारी हस्तीलाई दुःख दिन उचित सम्झेन । तर मनोवैज्ञानिक दबाउ दिन निपूण र जनसम्पर्कमा सिद्धहस्त व्यापारीले उसको मनको कुरा निकाली छाडे । एक छिनमा प्याड कलम लिएर त्यहाँ एउटा आकर्षक युवती हाजिर भएर भनी- "सर ! मोना इज माई नेम । डा. शंकर आस्कड मि टुनोट डाउन योर टेनटेटिभ प्रोग्राम । आइ एम् हिज् पी.पी. एस ।"

अर्को दिन बिहान आठ बजे रूपेश प्रधानलाई मोनाले फोनमा सूचित गरेकी थिई- "सर ! दश बजे तयार भएर बस्नुहोला । साढे दश बजे हिन्दुस्तान एक्सप्रेसका प्रवन्ध सम्पादक विशाल गोयन्काले तपाईंको निम्ति चालीस मिनेट उपलब्ध गराउने बचन दिएको छ । र एक बजे सफदरजंग हवाई अड्डा पुग्नु होला । पठानकोटको निम्ति हवाई टिकट त्यही काउन्टरमा पाउनु हुनेछ । उडान दुई बजे । ड्राइभर दश बजे गाडी लिएर होटेलमा पुग्नेछ । उसलाई सबै कुरा सम्झाई दिएको छु । एनी थिङस् एल्स सर ! हेभ ए नाइस डे एण्ड नाइस जर्नी !"

इण्डियन एयरलाइन्सको एयरबस पठानकोटतिर उडिरहेको थियो । रूपेश प्रधानको आँखामा आधुनिक चिकित्सा विज्ञान यन्त्रका तानामानाबाट जकडिएका जीवन मृत्युसित विकट संघर्ष गरिरहेको आफ्नो बालसखा जगत प्रतापजंग थापाको छवि तैरिरहेको थियो । टाउकोमा एउटा आँखा छोपेर गुतेको ठूलो ब्याण्डेजको फेटा । तलपेटदेखि छातीसम्म बेरेको ब्याण्डेजकै पटुकाबाट निस्केको रगतको आलो दाग । दुबै हातमा सलाइन र रगतको सियो रोपेर प्लाष्टर टाँसेको दृश्य सम्झेर उसको आँखा रसाएका थिए ।

सन् १९६२ मा क्याप्टेन जगत प्रतापजंग थापा लद्दाख सेक्टरमा चुसुल पिकेटको

पिकेट कमाण्डर थियो । हिन्दी चिनी भाइ-भाइको नारा र पंचशीलताको सिद्धान्तलाई आरनमा थन्काएर सीमावर्ती क्षेत्रमाथि आफ्नो दावी गर्दै चिनियाँ फौजले भारतका उत्तर-पूर्वी सिमानामा आक्रमण गरे । चार दिनसम्म लगातार भयानक बमबारी र समुद्रका छाल झैं अविरल गतिका चिनियाँ आक्रमण प्रवाहले चुसुलको उँचाइ नाघ्न सकेनन् । क्याप्टेन जगत प्रतापले अंगदको पाउ झैं आफूलाई चुसुलमाथि स्थापित गरेको थियो । सलाईका काँटी जत्रो एउटा बमको चोइटाले उसको देब्रे आँखामा घाउ पारेको थियो । चारवटा 'सेभेन प्वाइन्ट सिक्स टु' का गोलीले उसको भुँडी छेडी पार भएका थिए । तर उसले लडिरहेका आफ्ना साथीहरूलाई र चुसुल पिकेटलाई छाडेन । ऊ हिंडडुल गर्न सक्तैनथ्यो । उसलाई स्ट्रेचरमा लादेर पछाडि आर.ए.पी. (रेजिमेन्टल ऐड पोस्ट) लैजानुको अर्थ कम्तिमा दुईजना लडाका पिकेटबाट कम हुने । सो आखिरी गोली आखिरी साससम्म उसले पिकेट नछोड्ने निश्चय लियो । आँखा र कम्मरमा "फस्ट फिल्ड ड्रेसिङ' (औषधियुक्त कीटाणुरहित पट्टी) बाँधेर पछाडि तोपखानालाई रेडियो सेटबाट निर्देश दिन थाल्यो "अल्फा वन सिक्स ब्राभो, ग्रिड रेफरेंस सिक्स-सिक्स-टु-थ्री-फोर-नाइन । मेगनेटिक टु हण्ड्रेड । अल्फा वन सिक्स ब्राभो बेलडन् । सेम टारगेट रेपिडफायर । स्टप वन सिक्स ब्राभो स्टप । स्ट्याण्ड बाइ । ... वन सिक्स ब्राभो । टारगेट-टारगेट-टारगेट ओभर । रेफ्रेन्स प्वाइन्ट क्यामेल ब्याक बहारों फूल बर्साओ मेरा महबूब आया है । शाबास । बच्चू । तुम दुनियाँके सबसे बेहतरिन तोपची हो । शाबास ! वाह ! क्या कहना ! रेडियो सेटद्वारा पछाडि तोपखानालाई आदेश निर्देश दिई बम्बारीद्वारा भयंकर प्रलय मचाई जगतप्रताप क्याप्टेनले आक्रान्ताहरूलाई चुसुल पिकेटभन्दा आठसय गज टाढा राखेको थियो । साथै आफ्नो जवानहरूको साहस बढाउँदै कराउँथ्यो । "कायर हुनुभन्दा मर्नु जाती, हो कि होइन केटा हो ?" केटाहरू बुलन्द हौसलाका साथ उत्तर दिन्थे- "हो- हो" ऊ सिंह जस्तो गर्जिन्थ्यो - "बम् भोले शंकर ! हर हर महादेव !" सैनिकहरू टुगुना जोशका साथ समवेत स्वरमा शत्रुहरूलाई लल्कार्दै गर्जिन्थे- "पशुपतिनाथकी जय ।"

दुर्जय पशुपतिनाथका गणहरू समक्ष कुनै धर्म नमान्ने शत्रुहरूको केही लागेन । चुसुल साक्षात त्रिपुरारिका त्रिशूल बनेको थियो । युद्धविरामपछि घाइते गणपतिले बिस्तारै घुँडा टेक्यो । चारदिनसम्म घमासान युद्धमा पड्केका गोला र गोलीले सबै बहिरा भएका थिए । चारैतिर मृत्युको सन्नाटा । नोभेम्बरको महिना । तापमान घटेर शून्य डिग्री सेल्सियस भन्दा तल खस्किरहेको थियो । सिन्धु नदी लगायत सानातिना खोल्साहरू र तरल पदार्थ हिउँसा (हिउँमा) परिणत भइसकेका थिए । रगत पनि तरल पदार्थ नै हो । युद्धप्रिय गोरखाहरूका रगत युद्धको मारकाटमा उम्लेर चुसुलको हिउँलाई पगालेको थियो । युद्धविरामपछि रगत पनि जम्न थालेको थियो ।

क्याप्टेन जगत प्रतापजंग थापाले पनि हिउँको चिस्यान उसको मुटुसम्म पुगेको महसूस गर्‍यो । लट्ठ हुन लागेको एउटा आँखाले काराकोरम हिउँ मरुभूमिका दृश्य देखेर ऊ सर्वचकित भएको थियो । अगलबगलमा शाहादत पाएका र घाइते भएका साथीहरूका

रगतले रंगिएका हिमाली डाँडाका अपूर्व मनोहर स्नो ड्रप रंग हिमपातले पुरिन लागेका वीर साथीहरूका शव उसले भन्न खोज्यो- अद्‌भुत ! अद्‌भुत ! तर उसको मुखबाट शब्द निस्केन । ओठ हल्लिएन । एउटा आँखामा बिस्तारै अर्को एउटा रंग छाउन थालेको थियो । अन्ध्यारो कालो रंग । मृत्युको रंग ।

विश्व सैन्य इतिहासमा चुसुल गाथा अमर बनाएर मृत्युपथमा अग्रसर भइरहेको युवा सैनिकलाई जिउँदै सम्मान गर्न कोर कमाण्डर लेफ्टिनेन्ट जनरल विक्रम सिंहले आफ्नो छातीमा टाँसेको तक्मा रिबनका कतारबाट सर्वोच्च बहादुरीको पदक 'महावीर चक्र' को रिबन च्यातेर चेतनाहीन क्याप्टेनको रक्ताम्मे छातीमा आलपिनले उनेर चिच्याएर उसको कानमा भनेको थियो- "क्याप्टेन जगत प्रतापजंग थापा । भारतका सशक्त सेनाका सर्वोच्च कमाण्डर माननीय राष्ट्रपति महोदयका तर्फबाट तपाईंलाई महावीर चक्रभन्दा ठूलो पदक छैन । र समस्त भारतीय जनता तपाईंको ऋणी रहनेछन् । ब्रेभ गोरखा । आर यु हियर मि ?"

रेडियो, समाचार पत्रको पुष्टि भारतीय राजदूतावासबाट भएपछि जगत प्रतापका जन्मदाता धर्म प्रताप विक्षिप्त प्राय भक्सवागन हाँकेर रूपेश कहाँ आएको थियो । मयलपोसमा टोपी विहीन । टुप्पी फुस्केको, ओठ सुकुटी झैं सुकेको । काम ज्वरोको रोगी झैं टाउकोदेखि खुट्टासम्म कम्पायमान । थरथराउँदो हातले रूपेश प्रधानको हात समाती भनेको थियो- "बाबु छोरा ! त्यसलाई बचा । मलाई बचा । तेरो जग्गुलाई बचा । बिन्ती छ, जे जति लाग्छ म दिन्छु ।" त्यसपछि रूपेश प्रधानलाई घिसार्दै तान्दै भक्सवागन नजिक लगेर अगिल्तिरको डिकी खोलेर आदेश दिएको थियो- लैजा, साट यसलाई । उठा । के हेरेको ? दुई वटा टिकट काट्... हवाई जहाजको ... म पनि जान्छु के हेरिरहेको ? ट्याम छैन । छिटो गर ।"

डिकीभित्र एकजनाले ओसार्न नसक्ने असर्फीका तोडाहरू थिए । तेत्रो विधि सुन देखेर रूपेश प्रधानको आँखा चम्केका थिए । मन चलायमान भएको थियो । भन्छ नि ! जहाँ धन हुन्छ त्यहाँ धर्मको बास हुँदैन र जहाँ धर्म हुन्छ त्यहाँ धनको बास हुँदैन । तर रूपेश प्रधानले इमान्दारीपूर्वक त्यतिबेलाको भाउ अनुसार साफट गरी केही तोडा धरौटी राखी ढुकुटीबाट बटुल-बाटुलपारी पाँच-पाँच लाखका चारवटा हुण्डी बनाएको थियो । खान्दानी व्यापारी भएकोले नियमानुसार बट्टा दस्तुर काट्न बिर्सेको थिएन ।

दुईवटा प्लेनको टिकट लिएर ऊ हात्तीसार पुग्दा काजी धर्मप्रतापजंग थापालाई वीर अस्पताल आइ.सी.यू. मा पुऱ्याइसकेको थियो । चौध वर्षसम्म सहेको पुत्र वियोग व्यथा बूढो हृदयले अरू बढी सहन सकेन । फलतः उसलाई एक्लै दिल्लीको निम्ति उड्न परेको थियो ।

प्रेमी-प्रेमिका वियोग, पति-पत्नी वियोग, व्यथा कथा धेरै महाकविहरूले लेखेका छन् । तर पुत्र वियोग व्यथा कथा वाल्मीकि र व्यासले रामायण र महाभारतमा गर्नु भएका मर्मान्तक वर्णनको अघिल्तिर सबै व्यथाकथा खल्लो लाग्छ । प्रत्येक बूढो बाउको मनमा दशरथ, रावण, द्रोणाचार्य र धृतराष्ट्रका कमजोर मन हुन्छ ।

दिल्ली रक्षा मुख्यालयबाट रूपेश प्रधान भारतीय वायुसेनाको जहाजबाट चण्डीगढ पी.जी. अस्पताल पुगेको थियो । मृत्युसित संघर्ष गरिरहेको बालसखालाई देखेर ऊ अत्यन्त भावुक भएको थियो । मुखमा रूमाल कोचेर रोएको थियो । बहत्तर घण्टापछि जग्गुको सास सामान्य स्थिर रूपमा चले तापनि ऊ मृत्युकै काखमा थियो । तीन दिन लगातार जागरामपछि अलि निश्चिन्त भएर रूपेश प्रधान आराम कुर्सीमा पल्टेको थियो । अर्द्धनिद्रामा ।

अर्द्धनिद्रामा उसले सपना देख्यो जग्गुले उसलाई बोलाई रहेछ । 'रूप ! रूप !' झस्केर उसले 'के जग्गु !' भन्दै बिस्तारै आँखा खोल्यो । बिपनालाई पत्याएन । फेरि आँखा लट्ट हुँदै चिम्म भए । सपनै हो भन्ठान्यो । फेरि उसले सुन्यो 'रूप ! रूप ! कहिले आइस् ?' उसले फेरि बिस्तारै आँखा खोलेर हेऱ्यो । ठूलो ब्याण्डेज बाहेक जग्गु मृत्युको तानामानाबाट मुक्त थियो । "अरू को आएका छन् ?" जग्गुको प्रश्न सुनेर रूपेश प्रधान रून थालेको थियो "मिस्टर प्रधान प्लीज !" भन्दै नर्सले उसलाई समातेर बाहिर लग्यो ।

जगत प्रताप ह्वील चेयर छोडेर हिंड्डुल गर्ने भएपछि रूपेश प्रधान नेपाल फर्केर उसलाई चिठी पठाएको थियो । जसमा बुबाको निधन र उहाँले बक्सेको रकम दशलाख भारतीय मुद्रा उसको 'कन्ट्रोलर डिफेन्स एकाउण्ट' बैंक खातामा स्थानान्तरण गरिदिएको कुरा लेखेको थियो । सुटुक्क पाँच-पाँच लाख रूपैयाँका दुईवटा हुण्डी फिर्ता ल्याएको कुराको उसले जिकिर गरेन ।

भन्छ कि ! जहा धन हुन्छ त्यहाँ धर्म हुँदैन ।

पठानकोट विमानस्थल बाहिर कुल्लु टोपी लगाएको, उल्लु टाइपको एकजना हिमाचल पर्यटक विभागका छ्वाँके ड्राइभर-कम-गाइड उसको नामपट र गाडी लिएर उभिएको थियो । रूपेश प्रधान सोझै त्यसतिर बढेको थियो । "यु मिछ्टर प्रधान छर ? बेलकम छर ! आइ एम बेलीरामा छर !" (पठानकोट, दसुया, जम्मूका पन्जाबीहरूले 'श' 'ष' 'स' लाई छ उच्चारण गर्छन् र 'य' लाई 'ज' को उच्चरण) काँगडा जाने हाइवेमा बेलीरामाले रूपेश प्रधानको निम्ति होटेल धौलाधारमा सुट बूक भएको कुरा जानकारी गराउँदै भए भरको आफ्नो ऐतिहासिक ज्ञानको कन्तुर खोलेर आफ्नो विज्ञता जाहेर गरिरहेको थियो- "दिछ इज नूरपुर किल्ला छर । गोरखे एटैक विद् ऐड्ठा बड्डा बड्डा खोंखरी (खुकुरी) एन बिग बिग गन । याँ बड्डा बड्डा तोप । बट नोचानस । एंन नो होप । दे रिटायर एन दि लडाका वारियर डोग्रा कट् देम लाइक मुली गाजर खच् खच् खच्याक् ।" रूपेश प्रधानले घाम चश्मा फुकालेर सफा गरिरहेको थियो । ब्याक मिररमा बेलीरामाले उसको चिम्से आँखामा के देख्यो कुन्नि, उकालोमा गियर बदलिँदै कुरा पनि बदल्यो "बट् छर । दि भाद्दर (बहादुर) गोरखे फाउट ब्याक लाइक उण्डेड छेर । दे अल्छो कट् डोग्रा विद् देअर खोंखरी लाइक कट्टु लौकी खचाक् खचाक् ।"

मान्छेहरूलाई मूला, गाजर, लौका र फर्सी झैं टुक्र्याए पछि छ्वाँकेले आफ्नो शंका समाधान गर्न सोधेको थियो "ज्यू आर गोरखे छर ?" सहमतिमा रूपेश प्रधानले

टाउको हल्लाए पछि ऊ फेरि गोरखेहरूको तारिफ गर्न थालेको थियो । "गोरखे आर भेरी भेरी आइर ! बट् छर ! ज्यू आर नट् आइर ! बनली परधान छर ! ह्वाई ?" छ्वांके छेपारोको कुरामा धर्मशाला योल क्याम्पका दोबाटो नाँघी धर्मशालातिर गाडी गुडेको दुवैले ख्याल गरेन । पछाडिबाट लगातार हर्न बजाउँदै पछ्याएको एउटा जीपले तिनीहरूको ध्यानाकर्षण गरेको थियो । बेलीरामा फेरि चालू भएको थियो । "छि छर ! देट् क्रेजी मैन होन्किङ लाइक म्हेछ । म्हेछ बफेला ह्वांक् ह्वां ह्वांक् । हा: हा: हा: हा:......

बेलीरामाको कमेडी धेरै बेर चलेन । ब्याकमिररमा जोङ्गा जीप देख्ने बित्तिकै तर्से गाडी साइड लगाएर भनेको थियो । "हाय ओ रब्बा ! (हे प्रभु !) वन आई काणिया जर्नेल । भेरी डेन्जर जर्नेल । हि कट् वन थाउजेन वन एनिमी बिद् हिज खोंखरी । हि अल्छो गोरखे ।" जोङ्गाजीप अलिक अघि राख्यो । त्यसबाट छ फीट अग्लो, अलि कुप्रिएको दीर्घकाया बाहिरियो । ग्रीक देउता समान अनुहारमा जलदस्यु झैं देखे आँखामाथि लगाएको कालो छड्के रोडले उसको व्यक्तित्वलाई झन आकर्षक बनाएको थियो । उसलाई देख्ने बित्तिकै रूपेश प्रधान दगुरेर ऊ तिर बढेको थियो । दुवै मित्र आपसमा अंकमाल गरी गुत्थमगुत्था भएको देखेर बेलीरामाले ठहऱ्याउन सकेन । यी दुई गोरखे लाप्पा खेलेका हुन् कि कान टोका-टोका गरेका हुन् । गोरखेहरू पनि गजबकै हुन्छन् ।

"साहबका सामान निकालो, कुइक् जल्दि से !" काणिया जर्नेलको आदेश सुनेर ऊ झस्केको थियो । 'छिकार' जोडामा बसेर उड्न लागेको देखेर छ्वाँकेको मन मर्न लागेको थियो । त्यो पनि सामान डिकीबाट सारेर हात घुँडामुनि ताकेर कातर स्वरमा फरियाद गरेको थियो ।"छर निक्के निक्के बच्चे हन् (स-साना नानीहरू छन्) हे: हे: गरीब नु कुज करपा (कृपा) हे.हे. ...."

रूपेश प्रधानले भरतमिलाप खुशीको झोंकमा भौगोलिक ज्ञान हराएको थियो । पर्सबाट एक हजारको नोट निकाली "तुम भी क्या याद रक्खोगे । बेलीरामा लो ए एक हजार रूपए । ऐश करो भनेको थियो । दुवै हातले नोट थापी, नोट टाउकोमा छुवाइ "ज्यू आर ए ग्रेट जेन्टुरमैन छर !" दंग परेको छ्वाँके नोट देखेर झस्केको थियो । "आ कि (यो के हो) छर !" कराउँदा कराउँदै जोडा हावा भइसकेको थियो । श्रीपेच सहित मौसूफ सरकार श्री ५ महाराजाधिराजका तस्वीर सहितको एक हजार रूपैयाँका दामी नोट चलाउन खोजे तापनि बेलीरामाले भारत वर्षमा कहीं चलाउन नसक्ने । फेरि पन्छाउँदै गएर समातौं भने काणिया जर्नेलको छिकार छंख्या एक हजार दुई हुने संभावना । कुल्लु टोपी फुकाली घुँडाको धुलो झाड्दै खुइय्य गर्दै भन्यो "सल् बेलीरामा ! तेरी किछ्मत मे छोभनियर ही छही ।"

गोलक्याम्प सिद्धबाडीनजिक जर्नेल जगत प्रतापको चार एकड करालो र समतल भूमिमा भव्य महल देखेर रूपेश प्रधानलाई खुशी लाग्यो । गेटको एकतिर पित्तलको बोर्डमा ठूल्ठूला उभिएका अक्षरले लेखेको थियो 'हात्तिसार बगैंचा' अर्कोतिर त्यस्तै अक्षरले लेखेको थियो 'मेजर जेनरल काजी जगत प्रतापजंग थापा पी.भी.एस.एम. एम.भी.सी. । बैठकभित्र अहिले नै बोल्ला कि भने जस्तो बुवा धर्म प्रतापका आदमकद तेल चित्र देखेर उसको आँखा सजल भएको थियो । चाँदीको ट्रफीहरू र भित्तामा झुण्ड्याएका ढाल, तरवार उसले

समातेका बन्दुकहरूका अपूर्व सजावटले शो म्यान व्यापारी रूपेश प्रधान भित्रको रूचि देखेर निकै प्रभावित भएको थियो "रूप मीट माइ वाइफ- तेरी भाउजु मालु । आइ मिन मालति थापा । एण्ड माइ स्वीट हार्ट नीन्नि, जेठो छोरो कृष्ण प्रतापको छोरी ।" मालु भाउजुको उमेरको अन्दाजा लगाउन गाह्रो थियो । बजै भए तापनि सदाबहार जवानी । कन्चटका केही सेता रौंले भाउजुको रंगाएको केशका पोलखोले तापनि । चिल्ला राता अनुहारमा कहीं रौं समान धर्को थिएन । "धन्यवाद जेरसाप् । मलाई अति सुन्दरी भाउजूसित परिचय गराएकोमा तिमीलाई धेरै धेरै धन्यवाद, भाउजू । जरसाप्ले मेरो परिचय त दिनु भएन म..." "रूपेश आफूबुबा" दश वर्षीया नीन्हिले उसको कुरा काट्दै नाक ठाडो पारी घोषणा गरेकी थिई । रूपेशले नीन्हिलाई बोकेर माया गरेको थियो । र बुवा धर्म प्रतापको तस्वीरतिर देखाउँदै सोधेको थियो "कस्को तस्वीर हो ?" नाक र चिंउडो अझै ठाडो पारी बच्चीले जवाफ दिई "माई ग्रेट ग्र्याण्ड फादर काजी धर्म प्रतापजंग थापा द ग्रेट ।"

भोजन टेबुलमा रूपेश प्रधानले ड्यूटि फ्रीबाट ल्याएको हेन्केल ह्वाइट वाइन र काजुका साथ कुरा शुरू भो । दुवै प्रश्नकर्ता । जवाफ दिने फुर्सद दुवैलाई थिएन । बुवाले बक्सेको रकम दश लाखको कुरा रूपेश प्रधानले झिकेपछि त्यहाँको स्थिति अलिक शान्त भएको थियो । "रूप त्यस रूपैयाँको मैले सदुपयोग गरेको छु । कुल्लुमा पचास एकडमा उन्नत स्याउको फर्म खोलेको छु । जोगिन्द्र नगरमा डेढ सय एकडको चिया बगैंचा किनेर नयाँ प्रविधिबाट त्यहाँ चिया खेती गर्न आसाम र दार्जिलिङबाट विशेषज्ञ झिकाएर लगाएको छु । कुल्लुमा कृष्णले हेरिरहेछ । अरूण आएर जोगिन्द्र नगर हेरिदिए पूर्णतया रिटायर्ड भई केही दिन आराम गर्ने थिएँ । "अरूण प्रतापजंग थापा जग्गु जर्नेलको कान्छा छोरा । रूपेश प्रधानलाई राम्ररी थाहा थियो । ऊ इण्डियन नेभिमा लेफ्टिनेन्ट कमाण्डर (मेजर सरह) थियो । अरूणको कुरा उठ्दा जर्नेलको एउटा आँखामा उदासी तैरिएको थियो । लामो सास छोडेको थियो ।

कुरा बदलिन रूपेश प्रधानले सोधेको थियो । "साँच्चि अब स्वदेश नफर्किने ?" एउटा आँखाले वाइन गोब्लेटबाट निस्किएर माथि उठेका बबल्सहरूलाई हेर्दै जर्नेलले भनेको थियो । "त्यहाँ अब मेरो को छ र ? किन जाने ? पुरा खान ? कुकुर बन्न जाने, त्यहाँ ? जान्न" भन्दै घृणापूर्ण एकल आँखाले बालसखातिर पिर्लिक्क हेरेको थियो । "त्यहाँ अब मेरो को छ र ?" वाक्यले रूपेश प्रधान मर्माहत भएको थियो । यो सरासर उसको मित्रतामाथि बञ्चरो प्रहार थियो । राति अबेर भइसकेको थियो । थोकेको छु भनी उसले भाउजूतिर कातर दृष्टिले हेर्‍यो । भाउजूले नातिनीलाई हेर्‍यो । नीन्हिले उसलाई डोर्‍याउँदै अरूण काकाको कोठामा लगी । "हेभ ए नाइस ड्रीम ! रूपेश आफू ! गूड नाइट !" भन्दै उफ्रिँदै आफ्नो कोठातिर लागी ।

रूपेश प्रधान थाकेको थियो । तर उसको आँखाबाट निद्रा हराएको थियो । बालसखाको भूतकाल उसको आँखामा झल्झल्ती उदाइरहेको थियो । हात्तीसार नक्सालका संभ्रान्त थापा परिवारका काजी धर्म प्रतापजंग थापाका एक दर्जन लालाबालाहरूको फौज

मध्येको एकजना सदस्य जगत प्रतापजंग थापा । उसको बालसखा । दुवैलाई राम लक्ष्मण भन्थे साथीहरूले । उसले के बिराएको थियो वा बिगार गरेको थियो जग्गुको । आज प्वाकै भनिदियो "त्यहाँ अब मेरो को छ ?" ठीक छ । धर्म छ । भगवान छ त छ ।

विचलित मनले कोल्टो फर्केर उसले त्यो दिन सम्झ्यो जुन दिन जग्गुले आफ्नो टुप्पी उखाली भीष्म प्रतिज्ञा गरेको थियो "आजदेखि यस घरमा खुट्टा हालेछु भने कुकुरको छोरा ।"

मीठो खान परे पूरा खानु पर्ने । राम्रो लगाउन जड्यौली लगाउनु पर्ने । ब्याइते र ल्याइते पट्टिको सन्तानमा भेदभाव । ब्याइते पट्टिका सन्तानलाई आफूभन्दा बीस वर्ष कान्छो भए तापनि हजूर भन्ने चलन ताका धर्म प्रतापका अंश लिएर जन्मेको जग्गुले होस संभालेपछि त्यस विकृत प्रथाको घोर विरोध गरेको थियो । ऊ विप्लवी बनेको थियो । जमाना विप्लवीहरूका थिएन । मनोवाँचित अधिकारको नाउँमा भतुवाहरूको जमाना थियो । विद्रोहीले पाउनु पर्ने सजायँ, बँदेलको खोर र चर्पीमा थुनिने, कठबिजुली लगाइने, कोर्रा सब सहेको थियो । तर "तँ साले रण्डी वेश्याको छोरा" भनी क्रोधित बुबाले गाली गर्दा जग्गुले सहन सकेको थिएन । आमाको उसलाई सम्झना थिएन । तर मनमा ठूलो आदर थियो । "कुकुरले नै रण्डी बाजी गर्छ । आजदेखि यस घरमा खुट्टा हालेछु भने कुकुरको छोरा ।" टुप्पी जरोदेखि उखालेर हातमा लिई उसले भीष्म प्रतिज्ञा गरी फनक्क फर्केर थानकोटतिर लागेको थियो । "कहाँ जान्छ र मूला, देखा जायगा" भनेर काजीसाप् गर्जिनु भएको थियो । तर जग्गु फर्केन ।

बाउ छोराको कुरा सम्झिंदा सम्झिंदै छेउबाट भाले बास्न थालेको थियो । अनि बल्ल उसको आँखा लागेको थियो ।

नित्यक्रिया र स्नानादिबाट अवकाश पाएपछि रूपेश प्रधान ताजा भई बाहिर निस्किंदा दिउँसोको एक बजेको थियो । जर्नेल थापा र मालु भाउजू उसको प्रतीक्षामा अर्धमनले छापा पल्टाउँदै र बुन्दै गार्डेन अम्ब्रेला मुनि बसेका थिए । ऊ त्यहाँ पुगेपछि दुवैले उठेर अभिवादन सहित उसलाई मेचमा बसाले । भाउजूले मातृवत् स्नेह, मित्रवत् आदर, बहिनी भैं माया र प्रेमिका भैं अदामिश्रित सर्वोत्तम स्त्रीयोचित गुण प्रकट गर्दै उसको, निद्रा सपना, स्वास्थ्य र आहारका बारेमा सोधपूछ गरी ।

अर्को दिन रूपेश प्रधानलाई एक बजे पठानकोट विमानस्थल पुग्नु पर्ने । राति अबेर नहोस् भनेर अन्तहीन कुराकानी, प्रश्नोत्तरका साथ एक-एक पेग जिम्लेटका साथ सुस्वादु परिकार चपाउँदै निल्न थाले दुबै बालसखा । रूपेश प्रधानको मुख्य विषय थियो बालसखालाई स्वदेश फर्काउने । जर्नेल चै त्यहाँ मेरो को छ र ? कुकुर बन्न जाने ? वाक्यमा अडिग । रूपेश प्रधानले जति समझाएर सोझ्याउन खोजे पनि कुकुरको पुच्छर बाङ्गको बाङ्गै ।

जर्नेल जग्गुको मुख्य विषय थियो उसको कान्छा छोरा अरुण प्रतापजंग थापा घर बारप्रति वितृष्णा । "एघार वर्षदेखि ऊ हिन्द महासागरमा बगिरहेछ । समुद्री आँधी बेहरीसित जुझिरहेछ । बुढा आमाबाबुको फिकर छैन । कहिले कसैको जन्म दिनमा "ह्यापी

र्य डे टु यु" फोनमा बस त्यति नै सम्पर्क राखेको छ ।"

"छोरा कस्को ?" आलो घाउमा नून छर्किदै रूपेश प्रधानले भनेको थियो । उसको घाँटीमा लगनगाँठो कसेर एउटा खुट्टामा बाँध, अनि हेर !" "कत्ति सम्झाएँ, जुब्बल, ्री किङ्गल, कोटखाईका एक-सा-एक राणाहरूले आ-आफ्ना कन्या दिन लमीहरूको लाम ाई दिएका छन् । त्यो गधा मान्दै मान्देन । विशाखा पतनम्मा एउटा नेपाली छात्रासित ब-सब चलिरहेछ अरे ।"

खोइ ! कहाँको हो !"

कोही ? केही भन्छ र बेकूफले हामीलाई ।"

जस्तो छोरा उस्तै बाबु ! यसपाली खुर्सानी छर्किदै रूपेश प्रधान हाँस्यो । "जे होस् ! ामा पनि विशाखापतनम्मा एम.वी.ए. गरिरहेको छ । उसलाई फोन गरी थाहा गर्न भनी नुँला ।"

को आमा ?" जर्नेल जग्गुको प्रश्न ।

मेरो एक मात्र सन्तान । एउटै छोरी आमा अरू को र ?" हकार्दै रूपेश प्रधानको तिप्रश्न ।

पठानकोट एयरपोर्टमा "योर एटेन्सन प्लीज ! प्यासेन्जर्स आर रिक्वेस्टेड... " ो घोषणा पछि रूपेश प्रधानले मित्रसित विदा लिँदै खाम बिनाको एउटा पत्र जर्नेलको ातमा राखी सुरक्षा जाँचको निम्ति एयरपोर्टभित्र पस्यो ।

चिठ्ठीमा लेखेका थियो "मान्यवर ! यही मंसीर १६ गते तदनुसार पहिलो डिसेम्बर ाइतवारको दिन आठ नम्बर गेष्ट हाउस, त्रिपुरेश्वर काठमाडौंमा प्रधान इन्टरनेशनलका 'अरूण आमा" अटोमोबाइल्स शोरूमका शुभ उद्घाटनका साथै अरूण आमा पाणिग्रहणको थम चरण, कुरा छिन्ने-टीको टालीका शुभ मुहुर्तमा स-परिवार वर पक्षको उपस्थितिका निम्ति दश अमला जोडी प्रार्थना गर्दछु । विनीत रूपेश प्रधान ।"

रूपेश प्रधान जहाजको खुड्किलोनिर पुगेर फर्केर हेर्‍यो । जर्नेललाई टावरमा उभिएको देख्यो । जर्नेलले दश अमला जोडी करायो "मान्यवर ! डिसेम्बर एक तारिख हामी सबै स्वदेशमा हुनेछौं ।"

आँखाको आँसुलाई घाम चस्माले लुकाउँदै खुड्किलो उक्लिदै रूपेश प्रधानले मनै नमा गन्दै गयो । एक-अटोमोबाइल्स शोरूम । दुई-एक्सप्रेस ग्रुपको अनुभव । तीन-गधाको ाउलाई स्वदेश फर्काउन सफल । चार-कन्यादान जस्ता उत्तरदायित्वबाट मुक्ति । यसलाई भन्छ । दुई हातले चार काम गर्ने ।

उपसंहार

रूपेश प्रधानले दश लाख रूपैयाँ लुकाएको कुरा सत्य हो । तर कसले भन्छ धर्म र धनको बास एकै ठाउँमा हुँदैन भनेर ! धर्मावतार पाक्षिक के हो ? अरूण आमा अटोमोबाइल्सको अन्तरकथा के हो ?

"यतो धर्मस्ततो जय:"

*कमला सदन, छपकैया, वीरगंज-२*

कविता

# अनुभूति नै छैन

✦ केशव पोखरेल

आँखाहरू चनाखो पारेर
चतुर श्यालहरूको बेइमानीलाई बुझ्न
जतिसुकै प्रयत्न गर्दा पनि
कुखुराहरू हराइरहेछन्
यी बस्तीबाट
ढोकाहरू थुनेर
ढाडे बिरालोलाई जतिसुकै
दूध भात खुवाएर पोसे पनि
धानका बालाहरू हराइरहेछन्
यी मंसीर उमार्ने खेतहरूबाटै
राष्ट्रियता जतिसुकै कुर्ले पनि
वर्षाको पानीले क्रमशः रेट्तै छ
मेची र कालीको किनारा
मुटुको स्पन्दनभित्र
रक्त नै संचार भएपनि
ताल्न सकेको छैन जीवनको गति
पानी पानी भएका छन् मान्छेका मनहरू
अझै हिमालको न्यानो काखको
अनुभूति नै छैन
चिसिदै छ, ओसिदै छ
खिइँदैछ, दुब्लाउँदैछ
अझै आफ्नो अस्तित्व सकार्न
सकेको छैन मान्छे
कहिले ज्वालामुखी हुने हो ।
कहिले आगो पिउने हो
चतुर स्यालहरूको हुइय्यामा
कतिसम्म अल्झिरहने हो

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना
– नेपाल खानेपानी संस्थान

अन्तर्वार्ता

# साहित्य एकपक्षीय हुँदैन



✦ डा. केशवप्रसाद उपाध्याय

वि.सं. १९९० पुस स्वस्थानी पूर्णिमाका दिन पिता तीर्थराज उपाध्याय र माता प्रेमकुमारी देवीका सुपुत्रका रूपमा मकवानपुर चण्डिनीमा जन्मिनु भएका धनराज नै पछि नेपाली साहित्यमा केशवप्रसाद उपाध्याय नामले चिनिनु भएका साहित्यिक स्रष्टा हुनुहुन्छ । बालकृष्ण समको 'दुखान्त नाट्य चेतना' शीर्षकमा विद्यावारिधि गर्नु हुने डा. उपाध्याय विशेषत: समालोचक एवं निबन्धकारको रूपमा प्रख्यात हुनुहुन्छ। तीन दशकभन्दा पनि बढी शिक्षण पेशामा लागी हाल अवकाश जीवन व्यतीत गर्नु हुने डा. उपाध्याय अहिले पनि आफूले रोजेको र खोजेको विषयमा सूक्ष्म रूपले केलाउँदै सिर्जन साधनामा तल्लीन हुनुहुन्छ । प्रस्तुत छन् सगरका सम्पादक **धर्मेन्द्र भट्टराईले** वहाँसँग लिनु भएको अन्तर्वार्ताका प्रमुख अंशहरू)

○ ***प्रश्न १. तपाईंको साहित्यिक यात्रा कहिलेदेखि र कसरी शुरू भयो ?***

☞ **उत्तर:** संस्कृत र हिन्दीमा पद्य लेखनको अभ्यास १४/१५ को उमेरदेखि आरम्भ गरेको हुँ र नेपाली भाषामा २१/२२ को उमेरदेखि लेखन अभ्यास थालेको मलाई सम्फना छ । त्यस क्रममा मैले नेपालीमा केही कविता र निबन्ध लेखें तर ती इष्टमित्रहरूलाई सुनाइए तापनि प्रकाशित गर्नतिर लागिएन । धेरैजसो लेखोट हराइसकेका छन्, केही रचनाका लेखोट भने अफै मसँग छन् । यस्तैमा मैले हिन्दीका माध्यमबाट नेपाली सिकाउने अभिप्रायले 'हिन्दी नेपाली शिक्षक' भन्ने एउटा पुस्तक तयार पारें र त्यो २०२० सालमा रत्नपुस्तक भण्डारबाट प्रकाशित भयो । यसरी पुस्तक प्रकाशनको यात्रा त्यहीबाट आरम्भ भयो । त्यसपछि २०१५/१६ सालतिर श्यामप्रसाद शर्माद्वारा सम्पादित साहित्यमा 'भला आँखि त बचेछ' भन्ने मेरो एउटा सानो लोककथा प्रकाशित भयो र त्यहाँदेखि पत्र-पत्रिकाहरूमा फुटकर रचनाको क्रम आरम्भ भयो ।

○ ***प्रश्न २. हालसम्म तपाईंका कुन-कुन कृति प्रकाशित छन् ?***

☞ **उत्तर:** मेरा प्रकाशित कृतिहरू निम्नलिखित छन्:-

१) हिन्दी नेपाली शिक्षक (२०२०), २) साहित्य प्रकाश (२०३०), ३) प्राथमिककालीन कवि र काव्यप्रवृत्ति (२०३२), ४) केही रचना केही विवेचना (२०३२), ५) रिमाल: व्यक्ति र कृति (२०३३), ६) तरुणतपसीको पुनर्मूल्यांकन (२०३४), ७) पूर्वीय साहित्यसिद्धान्त (२०३४), ८) विचार र व्याख्या (२०४०), ९) बालकृष्ण समको दु:खान्त नाट्य चेतना (२०४५), १०) नाटक र रंगमंच (२०५२), ११) बकेयाका तीरमा तीन मूर्ति (२०५२)।

**प्रश्न ३. अन्य कुनै शिघ्र प्रकाशोन्मुख पनि छन् कि ?**

**उत्तर:** पाश्चात्य 'दु:खान्त नाटकको सृजन परम्परा' शीर्षक ग्रन्थ प्रज्ञा-प्रतिष्ठानले निकाल्ने कुरा छ। त्यस्तै श्री सदन बोर्डिङ स्कूलले 'प्रशान्ति निलयममा तीन दिन' भन्ने संस्मरण संग्रह प्रकाशित गर्दैछ। अर्को पुस्तक 'दु:खान्त नाटकको चिन्तन परम्परा' पनि प्रकाशित गर्ने योजना रहेको छ।

**प्रश्न ४. तपाई मूलतः समालोचकका रूपमा चिनिनु हुन्छ। आजभोलि नेपाली साहित्यमा समालोचकहरूको स्तर (स्थिति) के कस्तो रहेको छ ?**

**उत्तर:** समालोचक मूलतः भावयत्री प्रतिभाबाट जन्मन्छ। समालोचनाका निम्ति प्रतिभाका साथै गहन र व्यापक अध्ययन तथा चिन्तन आवश्यक पर्छ। यिनैबाट समालोचकको स्तर निर्धारण हुन्छ। जसरी सिर्जनात्मक लेखन गर्नेहरूका लागि आ-आफ्ना स्तर हुन्छन्। त्यसैगरी समालोचनात्मक लेखन गर्नका लागि आ-आफ्ना स्तर हुन्छन्। म भन्दा पूर्ववर्ती समालोचकमा सबैको स्तर एउटै रहेको छैन। मेरा पुस्ताहरूको पनि समान स्तर रहेको छैन। म पछिका केही समालोचकहरूको स्थिति पनि त्यस्तै देखापर्दो छ। मेरो पुस्ता पछिका केही समालोचक अत्यन्त मेधावी र प्रखर छन्। तिनको अध्ययन सूक्ष्म तथा लेखन निकै जिम्मेवारीपूर्ण छन्। त्यहीं त्यस्तो पनि देखा पर्दछन्। कृतिको सही मूल्यांकन गर्ने समालोचकीय मापदण्डमा अधिकार प्राप्त नगरिकनै र समालोचनाका लागि चाहिने सूक्ष्म अन्तर्दृष्टिका अभावमै पनि आफ्नो सामान्य पाठकीय प्रतिक्रियालाई समालोचनाका रूपमा प्रस्तुत गर्दैछन्। त्यसो हुनाले स्थिति केही अंशमा सन्तोषप्रद रहेको छ र केही अंशमा त्यति सन्तोषप्रद रहेको छैन।

**प्रश्न ५. अनि समालोचनाको स्थिति नि ?**

**उत्तर:** २०३० को दशकदेखि नेपाली साहित्यका विभिन्न फाँटहरूमा नयाँ नयाँ प्रतिभाहरूले प्रवेश गरे भने पहिलेदेखि नै स्थापित भएका प्रतिभाहरूले पनि यहाँदेखि आफ्ना लेखनमा केही न केही नयाँ आयाम ल्याउने चेष्टा गरे। यसै क्रममा त्रि.वि.वि. को नयाँ शिक्षा योजना लागू भएपछि नयाँ पाठ्यक्रमको तर्जुमा भयो र त्यो पाठ्यक्रम अभूतपूर्व रूपमा स्तरीय भएर प्रकट भयो। पाठ्यक्रम त्यस्तो बनेपछि त्यसको अध्ययन अध्यापनको सहायक सामग्रीको आवश्यकता तीव्र रूपमा अनुभव गरियो। यसरी समालोचना लेखनमा व्यापकता आयो भने यसको पनि निकै स्तरीकरण हुन गयो। साथै त्रि.वि.वि. ले अनुसन्धानलाई पनि प्रोत्साहित गऱ्यो। फलतः विद्यावारिधि उपाधिका लागि अनुसन्धान गर्ने प्रवृत्ति विकसित हुनाका साथै विभिन्न किसिमका स्वतन्त्र अनुसन्धानात्मक लेखन पनि प्रोत्साहित

भएर गयो । त्यसको फलस्वरुप लगभग साढे दुई दशकमा नेपाली समालोचनाका क्षेत्रमा रहेको विराट अभावलाई पूरा गर्ने धेरै काम भएका छन् । त्यसैले समालोचना विधाको उत्तरोत्तर विकास भई आएको अनुभव गर्दछु ।

***प्रश्न ६. तपाईंले निबन्ध विधामा पनि कलम चलाउनु भएको छ । निबन्ध र समालोचना विधामध्ये कुन बढी मनपर्छ र किन ?***

***उत्तरः*** हुनत, मेरो कलम पहिले सिर्जनात्मक विधामा नै चल्न चुलबुलाउन खोजेको हो र त्यस सिलसिलामा मैले कविता, निजात्मक निबन्ध, कथा लेखनका साथै एउटा उपन्याससमेत लेख्ने प्रयत्नमा आफूलाई संलग्न पारेको थिएँ । पछि मलाई समालोचना विधाले लोभ्यायो र खासगरी नेपालीको प्राध्यापक भैसकेपछि राजविराजमा शिशु देवकोटा र जगत रंजन मिलेर प्रकाशित गरिन थालिएको 'खुड्किलो' पत्रिकामा समालोचनात्मक लेखका लागि आग्रह आउँदा मैले यस विधामा पाइलो हालें । म जति-जति यस विधामा डुब्दै गएँ उति-उति यसको गहनता थाहा पाउँदै गएँ । पहिले मलाई समालोचना लेख्न सजिलो लाग्दथ्यो जति-जति मेरो अध्ययन र अनुभव बढ्दै गयो उति-उति ज्यादै गहन, जटील, श्रमसाध्य र ज्यादै व्ययसाध्य लाग्दै गयो । अहिले अवश्य नै निजात्मक निबन्ध लेखन सजिलो लाग्छ र त्यो जतिसुकै सजिलो भएपनि म त्यसलाई चित्तबुझ्दो तुल्याउनका लागि निकै परिश्रम गर्नु पर्ने अनुभव गर्छु । त्यसैले अहिले कहिलेकाही निजात्मक निबन्ध लेखन भन्दा समालोचन लेखन सजिलो नै लाग्दछ ।

***प्रश्न ७. तपाईंले प्रध्यापन पेशामा तीन दशकभन्दा बढी अनुभव गरी अवकाश प्राप्त गर्नु भएको छ । यस पेशाप्रति यहाँको दृष्टिकोण कस्तो रहेको छ ?***

***उत्तरः*** मैले विद्यार्थी जीवनमा नै अध्यापनलाई आफ्नो पेशा बनाउने विचार लिएको थिएँ । प्रध्यापन मेरा लागि अत्यन्त प्रिय कार्य रही आयो । मैले महेन्द्र बिन्देश्वरी क्याम्पस राजविराज, ठाकुरराम क्याम्पस बीरगंज र पद्मकन्या क्याम्पस काठमाडौंमा अध्यापन कार्य गरें । प्राध्यापक र विद्यार्थीको बीच भाषणका क्रममा म यसैगरी पढाउँदा पढाउँदै कक्षामै मेरो मरण होस् भन्ने आफ्नो चाहना पनि व्यक्त गरें । त्यसैले मेरो अध्यापन सम्बन्धी अनुभव अत्यन्तै मीठो छ र म आफ्नो अध्यापन कलामा सन्तुष्ट पनि छु किनभने मलाई आज पनि विद्यार्थीहरूले आफ्ना कक्षामा हेर्न चाहन्छन् र पढाई देओस् भनी ठान्छन् । यसैबाट मलाई आफ्नो अध्यापन कला सन्तोषजनक लागेको छ ।

मैले शिक्षण यात्रा आरम्भ गर्दा शिक्षक, प्राध्यापकको जुन मर्यादा गरिमा थियो त्यो वर्तमान समयमा ज्यादै ह्रास आएको अनुभव गर्दैछु । यसमा शायद सबैको केही न केही दोष छ । शिक्षा नीति, शैक्षिक सामग्री, शैक्षिक कार्यभार, विद्यार्थी र प्राध्यापक अनि कर्मचारीसमेत राजनैतिक दलका कार्यकर्ताकै रूपमा लाग्नु त्यसैगरी आवश्यक भौतिक साधन र सुविधा जुटाइ दिन नसकिनु, प्राध्यापक र कर्मचारीले वर्तमान समय अनुरूप आफ्नो परिवारको भरण-पोषणलगायत आफ्ना सन्तानलाई स्तरीय शिक्षा दिनका लागि चाहिने पर्याप्त तलब नपाउनु । त्यसैगरी अभिभावकहरूले त्रि.वि.वि. द्वारा संचालित अथवा

यसद्वारा अनुवन्धित क्याम्पसमा पढाउँदा शिक्षण संस्थाको आवश्यकता अनुरुपकै शुल्क तिर्न उत्साह नदेखाउनु, तर प्राइभेट शिक्षण संस्थामा थुप्रै शुल्क तिरेर आफ्ना सन्तानलाई पढाउनु अनि विद्यार्थीले स्तर अनुसारको दक्षता प्राप्त गरे नगरेको वास्ता नगर्नु तर जसरी-तसरी उसले प्रमाण पत्र ल्याओस् भन्ने ठान्नु, त्यस्तै परीक्षामा अवैध साधनको प्रयोग गर्नु र कतिपय गुरूहरूबाट यसलाई रोक्नुको साटो सघाउ पुऱ्याउने काम गर्नु इत्यादि । त्यसैले आज नेपालमा शिक्षा जगतमा विकराल समस्या उपस्थित छ । शैक्षिक वातावरण, अनुशासनको अभाव छ, त्यसैले आज शिक्षण प्राध्यापनमा संलग्न मेरा समवयस्क, अनुज पुस्ताकाहरूलाई आफ्नो पेशा थाम्न पनि निकै गाह्रो परिरहेको मैले अनुभव गरेको छु ।

**○ *प्रश्न ८. हाल के गर्दै हुनुहुन्छ ?***

☞ **उत्तरः** म अहिले पद्मकन्या क्याम्पस, रत्नराज्य क्याम्पस र त्रिचन्द्र क्याम्पसमा नेपाली विभागका विद्वान विदुषी मित्रहरूको अनुरोधमा सहयोगका निमित्त नेपाली स्नातकोत्तर कक्षामा जाने गर्दछु । यो काम कहिलेसम्म रहला त्यो चाहिं भन्न सकिन्न ।

**○ *प्रश्न ९. तपाईंको साहित्यिक जीवनमा स्मरणीय र उल्लेखनीय कुनै महत्वपूर्ण घटनाहरू छन् कि ?***

☞ **उत्तरः** ख़ास कुनै छैन । शिक्षक तालिममा जाँदा गुरूको रूपमा माधव घिमिरेलाई पाउनु त्यस्तै भाषणका क्रममा प्रज्ञाचक्षु चक्रपाणी चालिसेको भाषणमा 'नेपालीको नामै छैन इज्जत जाने ठाउँ छैन। तर अब नेपालीको नाम पनि छ त्यसैले यहाँहरूले नेपालीहरूको इज्जत जोगाउनु पर्छ" भन्ने वाक्यांश सुन्दा निकै प्रभाव पारेको थियो ।

**○ *प्रश्न १०. नेपाली साहित्यमा यहाँलाई सर्वाधिक मनपर्ने स्रष्टा को हुन् ?***

☞ **उत्तरः** यसबारे भन्न गाह्रो छ । एउटैको नाम लिन पनि सकिन्न । कविमा महाकवि देवकोटा, कविशिरोमणि लेखनाथ पौडेल, भूपि शेरचन, माधव घिमिरे । आख्यानकारमा गुरूप्रसाद मैनाली, बी.पी. कोइराला । नाटककारमा बालकृष्ण सम हुन् ।

**○ *प्रश्न ११. तपाईंले समबारे नै विद्यावारिधि गर्नुका कुनै कारण छन् कि ?***

☞ **उत्तरः** विद्यावारिधि उपाधि प्राप्त गर्ने सानैदेखिको लालसा थियो तर कसका बारेमा गर्ने भन्ने स्पष्ट थिएन । नेपालीमा स्नातकोत्तर भइसकेपछि काठमाडौं गएको बेला रत्नपुस्तक भण्डार भोटाहिटीअगाडि बासुदेव त्रिपाठीसँग भेट भयो । उहाँले म लेखनाथबारे विद्यावारिधि गर्दैछु । तपाई देवकोटा वा समबारे गर्नुहोस् भन्नुभयो । मैले तपाई उपाधि प्राप्त गर्नुहोस् अनि तपाईंकै निर्देशकत्वमा म गरूँला भनी मैले भनेको थिएँ । म राजविराजमा कार्यरत रहेको हुनाले मेरा लागि त्यहाँ बसेर अनुसन्धान गर्नु सम्भवै थिएन र मैले नाउँ दर्ता गराउने चासो पनि लिएको थिइन । प्राध्यापनमा लागेको हुनाले सबै विधाको शिक्षण गर्दथें र कुनै विधाप्रति विशेष मोह पलाइसकेको थिएन तर नेपालीमा स्नातकोत्तर गर्ने क्रममा मैले विभिन्न नाट्यग्रन्थहरू पढें । पूर्वी र पश्चिमी नाट्य मान्यता सम्बन्धी जानकारी मलाई निकै भयो । त्यसै सिलसिलामा शेक्सपियरको 'मेकवेथ' नाटक पढें त्यसबाट म दुःखान्त नाट्य विधाप्रति ज्यादै आकर्षित भएँ । त्यसपछि

मैले एसकिलस र सोफोक्लिजका केही नाटक पढ्ने मौका पाएं । दु:खान्त नाट्य विधा सम्बन्धी आकर्षणलाई निकै बलियो तुल्यायो र मैले समको नाटकको अध्ययन व्यापक रूपमा गर्न थालें । यसै परिस्थितिमा डा. त्रिपाठी राजविराज आउनु भयो र उहाँले "ल देवकोटाको विषयमा कुमार बहादुर जोशीले विद्यावारिधि गर्दैछन्, तपाईंले समको नाटकबारे गर्नुहोस्" भनी आग्रह गर्नुभयो । उहाँले नै मसँग फाराम भराएर लगी डिन कार्यालयमा मेरो नाम दर्ता गराउनु भयो । उहाँका साथ तत्कालीन डिन डा. पार्थिव तिमिल्सिना पनि हुनुहुन्थ्यो । उहाँ दुवैले मिलेर समको नाट्यकला शीर्षकमा विद्यावारिधिका लागि दर्ता गर्ने गराउने काम भयो । यसरी म समकै विषयमा शोधकार्य गर्नतिर लागेको हुँ । मेरो त्यो शीर्षक पनि पछि परिवर्तित भयो र समको 'दु:खान्त नाट्य चेतना' शीर्षकमा आफ्नो शोध प्रबन्ध प्रस्तुत गरें ।

❍ ***प्रश्न १२. नेपालमा साहित्यकारहरू दुई खेमामा विभाजित छन् । के यसरी प्रगतिशील र प्रजातान्त्रिक समूह भनी बाँडिनु उचित होला ? यहाँको यसप्रति के धारणा रहेको छ ?***

☞ **उत्तर:** यो साहित्यिक विभाजन नभएर राजनैतिक विभाजन भएको म ठान्दछु । साहित्यमा दर्शन, राजनीति, विज्ञान जस्ता विभिन्न विधाहरूका सन्दर्भ पाइन्छन् । साहित्यले ती सबैबाट केही न केही लिएको हुन्छ त्यसैले समग्ररूपमा साहित्य साहित्य नै हो । त्यो प्रजातान्त्रिक पनि हो र प्रगतिशील पनि हो, एकपक्षीय चाहिं हुँदैन ।

❍ ***प्रश्न १३. तपाईंले अहिलेसम्म के कस्ता पुरस्कार पाउनु भएको छ ?***

☞ **उत्तर:** साहित्यिक योगदान गरे बापत अहिलेसम्म कुनै पुरस्कार पाएको छैन । अन्य पुरस्कारमा महेन्द्र विद्याभूषण, त्रि.वि. शिक्षा दिवस पुरस्कार, सैन्यध्वज नन्दकुमारी विद्वत्वृत्ति पुरस्कार, झपट पुरस्कार, गुणराज व्याख्यानमाला पुरस्कार छन् ।

❍ ***प्रश्न १४. नेपालमा स्थापित साहित्यिक पुरस्कार वितरण प्रणालीप्रति तपाईंको दृष्टिकोण कस्तो रहेको छ ?***

☞ **उत्तर:** कहिलेकाहीं उचित मूल्यांकन भएको जस्तो लाग्छ भने कहिले लाग्दैन ।

❍ ***प्रश्न १५. २०४६ साल भन्दा अघि र पछिको साहित्यिक स्थितिबारे यहाँले कस्तो मूल्यांकन गर्नु भएको छ ?***

☞ **उत्तर:** अभिव्यक्तिमा खुलापन आएको हुनाले साहित्यकारहरू निर्भिक भएर सृजन र प्रकाशन गरिरहेको आजको सकारात्मक पक्ष हो भने सृजनका लागि चाहिने साधना, चिन्तन र अध्ययनप्रति उदासिनता चाहिं आजको नकारात्मक पक्ष हो । २०४६ सालको प्रजातान्त्रिक परिवेशमा समकालीन चेतनालाई आत्मसात गर्दै अभिव्यक्तिमा नयाँपन देखाउने केही प्रतिभाहरू देखापरेका छन् । तर अझै पनि परम्परागत विषयवस्तुमै ज्यादा अभिव्यक्ति सीमित रहेका छन् । समकालीन चेतनालाई आत्मसात गर्दै शाश्वत अनुभूति गर्ने शील्पसचेत नयाँ प्रतिभाको अझै हुन बाँकी छ कि जस्तो लाग्छ र एकदशक नभइकन एक स्थितिबाट अर्को स्थितिमा आएको परिवर्तन स्पष्टसँग देखिँदैन । तर केही न कहीं परिवर्तन आएको छ र यो परिवर्तन देखाउनमा कविता विधा नै अगाडि छ ।

**प्रश्न १६. नयाँ पिँढीलाई यहाँले कसरी हेरिरहनु भएको छ ? कस्तो आशा राख्नु भएको छ ?**

**उत्तर:** नयाँ पिँढी संख्यात्मक दृष्टिले विशाल रूपमा उपस्थित हुँदैछ । त्यसभित्र केही आशलाग्दा, भरपर्दा प्रतिभाहरू पनि देखिन्छन् त्यसैले स्थिति निराशाजनक नभएर आशाजनक नै छ ।

**प्रश्न १७. तपाईको सृजनकलामा कसैको प्रभाव छ किं छैन ?**

**उत्तर:** थोर बहुत प्रभाव रहेको अनुभव मलाई हुन्छ । आरम्भमा म हृदयचन्द्र सिंह प्रधान, डा. ईश्वर बराल, डा. तारानाथ शर्माहरूबाट निकै प्रभावित रहें पछि म डा. त्रिपाठीबाट पनि प्रभावित रहँदै आएको छु । त्यस्तै अरू नयाँ पुस्ताका प्रखर समालोचकहरूबाट पनि प्रभावित रहँदै आएको छु । मेरा अनुज समालोचकहरूमा म राजेन्द्र सुवेदी, कृष्ण गौतम, नरेन्द्र चापागाईं, शीव सत्याल पीठ र त्यस्तै अरू एक दुईबाट बढी प्रभावित भएको छु ।

**प्रश्न १९. तपाई साहित्य सिर्जना कसका लागि र किन गर्नुहुन्छ ?**

**उत्तर:** म साहित्य सिर्जना मूलत: प्राज्ञिक सन्तुष्टिका लागि गर्दछु । साथै समाजसम्म आफ्नो अनुभूति र अनुभव सम्प्रेषित गर्ने आन्तरिक इच्छाले पनि गर्दछु । समालोचनात्मक लेखन गर्दा मेरा अगाडि पाठकका रूपमा शिक्षक र साहित्यका विद्यार्थी अग्रपंक्तिमा उभिएका हुन्छन् भने अन्य विधाको लेखन गर्दा सामान्य पाठक मेरा अगाडि रहन्छन् ।

**प्रश्न १९. हाल के लेख्दै हुनुहुन्छ ?**

**उत्तर:** धेरैतिर हात हालेको छु । नेपाली नाटकको ऐतिहासिक अध्ययन, नेपाली खण्डकाव्यको सैद्धान्तिक र ऐतिहासिक अध्ययन, भर्तृहरि निर्वेदको तुलनात्मक अध्ययन, वैदिक सम्वाद, बालकृष्ण समको जीवनी, संस्मरण तथा जीवनी आदिमा आफूलाई छरिराखेको छु । कुन काम कहिलेसम्म पार लाग्ने हो अथवा नलाग्ने हो त्यो म भन्न सक्दिन ।

**प्रश्न २०. जीवनप्रति तपाईंको दृष्टिकोण कस्तो रहेको छ ?**

**उत्तर:** सकारात्मक नै रहेको छ । जीवनमा अनेक तीता पीरा अनुभव हुँदा यदाकदा खिन्नता, निराशा र अवसादको अनुभव हुँदाहुँदै पनि म ६३ वर्षको उमेरमा पुगिसक्दा र शारीरिक रोगले शिथिल रहँदा पनि अध्यापन र लेखन कार्यमा संलग्न नै छु । म कर्मलाई नै पूजाका रूपमा लिन्छु । कर्मबाट मुक्ति लिएको छैन । कर्म गर्दागर्दै यो जीवन समाप्त होस् भन्ने चाहना हुन्छ ।

**प्रश्न २१. साहित्यमा राजनीति प्रभाव हुनुपर्छ कि पर्दैन ? यहाँको मत के छ ?**

**उत्तर:** हुनुपर्छ भने भन्न म सक्दिन तर राजनीतिको प्रभाव साहित्यमा रहन्छ । राजनीति सोझो रूपमा नभएर कलात्मक रूपमा अभिव्यक्त भएको साहित्य मलाई मनपर्छ

**प्रश्न २२. तपाईलाई आफ्नो सबैभन्दा मन परेको कृति कुन हो ?**

**उत्तर:** रिमाल व्यक्ति र कृति तथा विचार र व्याख्या बढी मन परेको कृति हो ।

**प्रश्न २३. तपाईंको साहित्यिक संघ संस्थाप्रति के कस्तो संलग्नता रहेको छ ?**

उत्तर: राजविराजबाट प्रकाशित हुने 'खुड्किलो' र त्रियुगा पत्रिकाको संपादन कार्य, राजविराजमा विभिन्न अवसरमा साहित्यिक कार्यक्रमको गोष्ठी आयोजना तथा संचालन त्यस्तै साहित्य सन्ध्याको आरम्भ र संचालन गरें। २०३५ सालमा साहित्य समिति बाराको स्थापना, २०४४ सालमा बारा साहित्य परिषदको स्थापना पछि सल्लाहकारको रूपमा रहेको, कलैयामा २०४६ सालमा देवकोटाको मूर्ति स्थापना गर्ने कार्यमा संयोजक भई कार्य गरेको। त्यस्तै कलैयामा २०४८ सालमा देवकोटा स्मृति सभाको स्थापना गरेपछि अध्यक्ष पदमा रही कार्य गरेको र हाल यस संस्थाको संरक्षक पनि रहेको छु।

***प्रश्न २४. तपाईंले कलैया छाडी काठमाडौंमै बसोवास गर्नुपर्ने कारण के हो ?***

उत्तर: आफूले आर्जन गरेको ज्ञान थोरै बर्षका लागि भएपनि नेपालीका स्नातकोत्तर कक्षाका विद्यार्थीहरूसम्म पुऱ्याउन सकौं साथै नेपाली विषयमा शोधकार्य गर्ने शोधार्थीहरूलाई सघाउन सकौं भन्ने हेतुले नै काठमाडौंमा बसोबास गर्न थालेको हुँ। तैपनि कलैया, वीरगंजको मोहले छोडेको छैन। यतातिर पनि वर्षका केही दिन बिताउने गरेको छु।

***प्रश्न २५. सगरका बारेमा नवस्रष्टा तथा पाठकवर्गलाई केही भन्नु हुन्छ कि ?***

उत्तर: नेपालको प्रवेशद्वार रहेको वीरगंजको साहित्यिक पत्रकारिताको इतिहास लामै भएपनि अहिले एक किसिमको शून्यताको अनुभव भइरहेको परिप्रेक्ष्यमा प्रजातन्त्रको बिहानीमा यस नगरबाट केही जाँगरिला साहित्यसेवी युवाहरूको प्रयासबाट 'सगर' जस्तो साहित्यिक त्रैमासिक प्रकाशमा आउनु यस क्षेत्रका साहित्यानुरागीका निम्ति ज्यादै हर्ष र गौरवको विषय हो। कवितादेखि लिएर आख्यान, समालोचना, निबन्ध, संस्मरण र अन्तर्वार्ता समेतलाई समावेश गर्दै 'सगर' ले प्रकाशनको दुई खुड्किलो उक्लिसकेको देखिन्छ। यसले यस क्षेत्रको साहित्यिक आवश्यकता परिपूर्ति गर्नुका साथै पाठकका लागि उपयुक्त र रोचक सामग्री दिएर समाजलाई ठूलो गुण लगाएको छ। 'सगर' ले सगरमाथाको उच्चता र सागरको गहनता प्राप्त गर्न सकोस् यही मेरो शुभकामना छ।

***प्रश्न २७. अन्य केही ?***

उत्तर: भन्न सक्ने कुरा भनी सकिएका छन् तैपनि म फलको आशा नराखी कर्म गर्दै जान सकूँ। मेरा अनुज साहित्यकारहरूबाट मलाई साधना मार्गमा सतत् यात्राशील रहन यसैगरी बल प्राप्त हुँदै रहोस्।

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

– नेपाल विद्युत प्राधिकरण

पुस्तक परिक्रमा

# विधागत वैविध्यको एकीकृत समाहरण

श्यामप्रसाद नेपाली साहित्यको मूलत: प्रगतिशील फाँटमा श्रद्धापूर्वक नाम लिइने समर्पित व्यक्तित्व हुनुहुन्छ । 'तँ, तिमी तपाई, हजूर' को प्रकाशनले सफल निबन्धकारको रूपमा स्थापित हुनु भएका श्यामप्रसादज्यू संभवत: त्यस स्तरको साहित्यिक मूल्यवत्ताको अर्को कृति प्रदान गर्ने कार्यमा अद्यावधि पछाडि नै पर्नु भएको छ । यद्यपि वहाँका कृश कलेवराकार कृतिहरूको प्रकाशित संख्या पर्याप्त पुगिसकेको दृष्टिगत हुन्छ । यस्ता कृतिहरू विशेषत: साहित्यिक मूल्यका नभएर उपदेशात्मक र शिक्षाप्रद बढी छन् । वामपन्थी राजनैतिक क्षेत्रसँग सम्बद्ध पाठकहरूका लागि वहाँका कृतिहरू अति उपयुक्त ठहरिन्छन् । यथार्थत: वहाँको लेखन प्रगतिशीलताको पक्षपोषणमा नै केन्द्रित रहेको हुन्छ भन्दा अत्युक्ति नहोला ।

हालै अर्थात् गएको असोज (२०५३) मा श्यामप्रसादज्यूको एउटा विविध विधाको एकीकृत संग्रह "१९९५ का रचनाहरू" प्रकाशनमा आएको छ । यस सँगालामा साना-ठूला गरी अठारबटा सामग्रीहरू संकलित छन् । ती मध्ये तीनवटा उहाँसँग विभिन्न पत्रिकाहरू मार्फत लिइएका अन्तर्वार्ताहरूको समन्विति छ भने केही संस्मरणात्मक लेख, केही उपदेशात्मक लेख, केही प्रतिक्रिया र प्रत्युत्तर लगायत कृति समीक्षा, व्यक्तित्व चर्चा र चिठी-चपेटाहरूको समेत संग्रहण छ । त्यसो त यस कृतिलाई साहित्यिक महत्त्व र ओजस्विताले युक्त छ भन्न सकिन्न तापनि यसको आफ्नै किसिमको मूल्य अवश्य छ । श्यामप्रसादज्यूका विविध विधाका एक वर्षीय प्रकाशनहरूलाई सँगालोको रूपमा निकालेर एकै ठाउँमा एकल व्यक्तिका धेरै कुरा जान्न-बुझ्न सहयोग पुऱ्याउने उद्देश्यले प्रकाशक वर्गबाट यो कार्य भएको अनुभूत हुन्छ । विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका रचनाहरू सबैले पढ्न पाएका हुँदैनन् । यस्तो संग्रहको प्रकाशनले यही आवश्यकताको पूर्ति गरेको हुन्छ ।

संग्रहभित्र समाहित अन्तर्वार्ताहरू महत्त्वपूर्ण छन् । प्रगतिशील साहित्यका विषयमा वहाँको पुरस्कार प्रकरणका सन्दर्भमा समेत यी अन्तर्वार्ताले सम्यक् जानकारी दिन्छन् । यसरी नै केही उपदेशात्मक प्रबन्धहरू पनि पठनीय दृष्टिगोचर हुन्छन् । यस संग्रहमा संगृहीत दुईवटा रचनाले साहित्यिक मूल्य वहन गरेका छन् । ती हुन् 'गुप्तवासको सम्झना' र 'आमाको सम्झना' । श्यामप्रसादज्यूले यस्तै स्तरीय निबन्धहरूको संग्रह दिन सक्नुपर्छ नेपाली साहित्यक जगत्लाई भन्ने मेरो आग्रह छ । चिठी-चपेटा, अर्ती-उपदेश र प्रतिक्रिया, प्रत्युत्तर वा खण्डन मण्डनहरूको बाहुल्य भएको हुनाले यसलाई बौद्धिक वर्गको खुराक मान्न सकिँदैन । तर श्यामप्रसाद जस्तो व्यक्तित्वसँग सम्बद्ध भएकाले यसको संग्रह भने गर्नु

आवश्यक छ ।

संग्रहको आवरणमा '१९९५ का रचनाहरू', आवरणभित्रको प्रथम पृष्ठमा '१९९५ का मेरा रचना' भनेर छापिएको देख्दा आश्चर्य लाग्दछ । एउटै पुस्तकको नाममा यस्तो भिन्नता नहुनुपर्ने हो । श्यामप्रसादज्यू स्वयं प्रकाशक नहुनु भएकाले 'श्यामप्रसादका १९९५ का रचनाहरू' भनी नामकरण गरेको भए राम्रो हुँदो हो । पुस्तिकाको आवरण कागज,सामान्य खालको भएपनि छपाइ राम्रै छ । सामान्य अशुद्धिहरूको पनि अन्तमा शुद्धिपत्र प्रस्तुत गरिएको छ । मूल्य रू. १५।- लाई महँगो भन्न मिल्दैन ।

कृति- १९९५ का रचनाहरू
लेखक:- श्यामप्रसाद
प्रकाशक:- मुकेश चालिसे, गंगादास श्रेष्ठ
संस्करण:- प्रथम, २०५३ असोज
मुद्रक:- मुना प्रेस, ल.पु. सातदोबाटो
मूल्य रू. १५।-

*- धनु 'परिश्रमी'*

# गजलसंग्रहमा थप अर्को उपलब्धि

गजल विधालाई मूलत: उर्दू साहित्यको उपलब्धि मानिए तापनि यसले नेपाली साहित्यमा पनि विशिष्ट स्थान बनाएको तथ्यलाई नकार्न सकिन्न । नेपाली साहित्यमा तीसौं दशकको उत्तरार्द्धदेखि हालसम्म गजल लेख्नेहरूको बाढी नै आए तापनि गजल शिल्पको अभावमा यस विधाले पाठकहरूको ध्यान आकर्षित गर्न सकेको थिएन । अझ भन्ने हो भने अहिले विभिन्न छापाहरूमा प्रकाशित हुने गजलहरू यथार्थमा गजल हो वा होइनन् खुट्याउनै गाह्रो भइरहेको छ । यसै परिप्रेक्ष्यमा मनु ब्राजाकी, ज्ञानुवाकर पौडेल,"ललिजन रावल, घनश्याम परिश्रमी, बुंद राना, रवि प्राञ्जल आदि जस्ता केही गजलकारहरूले गजल शिल्पतर्फ गम्भीरताका साथ ध्यान दिई लेखिरहेका छन् ।

नेपाली साहित्यका चर्चित गजलकारहरूको पंक्तिमा पर्ने एक युवा गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' को दोस्रो गजल संग्रह ६० वटा गजलको संगालो 'घामको छहारीमा' लाई यसै परिप्रेक्ष्यमा दाँज्न सकिन्छ । जुन संग्रह गजलको शैली शिल्पको मान्यता अनुरूप लेखिएको एउटा थप अर्को कडीको रूपमा लिन सकिन्छ ।

परिश्रमीका गजलहरूमा मुख्यत: समाजमा देखा परेका विकृति, विसंगतिहरूप्रति तीव्र आक्रोश, विद्रोह र असन्तुष्टिका अभिव्यक्ति पाइनुका साथै मानवता र विश्वबन्धुत्वको भावना पाइन्छ, अनि पाइन्छ भय र सन्त्रास पनि । उनी आफ्ना गजलमार्फत प्रगतिवादी

चिन्तनलाई अगाडि बढाउँदै समाजको स्वरूप फेर्नु पर्ने आवश्यकता यसरी औंल्याउँछन्-

"यथास्थितिभित्र सधैं गुम्सिएर बस्नु कति ।
अब हाम्रो समाजको स्वरूप बदल्नु पर्छ ।"

हामीले मानवको खोल ओढे पनि मानवता रत्तिभर नभएको यथार्थलाई परिश्रमीले राम्ररी हृदयंगम गरेका छन् विश्वबन्धुत्वको माला जपी हिंड्ने मनुष्य आज त्यसैको हत्या गर्दै आफ्नो दुनो सोझ्याउन अग्रसर भएको यथार्थलाई यसरी व्यक्त गरेका छन् ।

आदर्श त शब्दकोषमा मात्र बाँच्ने भो
दुब्लाएको मानवता गुफा पस्तै छ ।

विश्वबन्धुत्वको मन्त्र जप्दै हिंड्छ बाहिरफेर
परन्तु मानवताको निर्मम हत्या गर्छ मान्छे

समाजमा भइरहेका अत्याचार, व्यभिचारलाई सदाका लागि अन्त्य गर्नुपर्ने अठोट गर्दै त्यस्ताले भ्रष्टाचार गरी ठड्याएको महल गर्ल्याम गुर्लुम्म ढाल्नुपर्छ भन्दै गजल मार्फत यसरी कुर्लन्छन् ।

पाउनलाई न्याय अत्याचारी किल्ला तोड्नुपर्छ
अब सहनु हुँदैन यस्ता व्यभिचार सधैं

माटो मात्र होइन अब ढुंगा पनि गल्नुपर्छ
कालो धनले चुलिएका महलहरू ढल्नुपर्छ

प्रजातन्त्र पश्चात् पनि आम नागरिकहरूको दमन र शोषणको क्रम जारी नै छ । कहाँ सम्मक भने नेता भनाउँदाहरूले प्रजातन्त्रका निमित्त संघर्ष गर्ने नागरिकहरूको कुनै मूल्य र अस्तित्व नभएको ठान्नु एक विडम्बना नै हो । यस यथार्थलाई परिश्रमीको गजलले कटुसत्यका रूपमा अभिव्यक्ति दिएको छ ।

अन्यायलाई सही बस्नु अझ कति प्रहार सधैं
प्रजातन्त्रभित्र देख्छु खुला दमनद्वार सधैं

सत्ता सुराले मातेका नेताजीलाई
जनताको रगत पनि पानी भएछ

यस संग्रहका केही गजलहरूमा परिश्रमीले समतामूलक परिवेशको चाहना अनि मानवीय चेतलाई रूपायित गरेका छन् । अझ भनौं आफ्नो जीवन दर्शनलाई स्पष्ट

पारेका छन् ।

सधैं सबैको बनेर बाँच्न पाए हुन्थ्यो
सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो

तर गजलकार परिश्रमी केही ठाउँमा भने नैराश्य, भय र कुण्ठाले ग्रसित छन् ।

बाहिर काँचै छु भित्र ता पाक्न थालेको छु
जिन्दगीको यात्राबाट थाक्न थालेको छु

जिन्दगीको अर्थ खोज्ने उद्देश्यले हिंड्दै थिएँ
हिंड्दा हिंड्दै चुँडिएको चप्पल जस्तै भएछु

समष्टिमा भन्ने हो भने घनश्याम परिश्रमी अधिकांश गजलहरूमा सफल गजलकारका रूपमा देखिएका छन् । पहिलो गजल संग्रह 'यो मौसम' भन्दा यो कृति निकै परिष्कृत छ । भावसघनता प्रतीकात्मकता, गेयात्मकता, छन्दोबद्धता जस्ता गजलमा पाइने गुणहरू यसमा समाहित छन् । अझ भनौं मनु, ज्ञानु, ललिभन्दा 'घनु' पटक्कै कम छैनन् भन्ने कुराको यस गजलसंग्रहबाट थप पुष्टि मिलेको छ । अत: फेरि फेरि पनि 'घनु' बाट अझै परिष्कृत एवं उत्कृष्ट अन्य गजलसंग्रहको अपेक्षा राख्न सकिन्छ ।


कृति: घामको छहारीमा (गजल संग्रह)
गजलकार: घनश्याम न्यौपाने परिश्रमी'
प्रकाशिका: पम्फा नेपाल
मूल्य: रू. २५।-
संस्करण: प्रथम, २०५३ असार
मुद्रक: लक्ष्मी छापाखाना यट्खाटोल, काठमाडौं
पृष्ठसंख्या: ६०

– धर्मेन्द्र भट्टराई

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभ जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभकामना चढाउँदै मौसूफको समृद्धि तथा सुकीर्तिका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।

– नेपाल राष्ट्र बैंक
परिवार

# गजल



✦ *अमर त्यागी*

अघिपछि दुईचार मतियार वहाँका
छक्कापंजा प्रपंचका हतियार वहाँका

भावनामा कलुषता छ मुस्कानमा कुटिलता
षडयन्त्रका हरचाल होशियार वहाँका

बने दरवार धनीका लुटिएर घरवार गरीबका
ठूला बडा घरानियाँ अंशियार वहाँका

सोभ्फालाई पो कानून लाग्छ बाठालाई छुने को ?
जति मिचे पनि हुने संधियार वहाँका

त्यागी निष्ठा नैतिकता छेपारा भ्कैं रंग फेर्ने
देशका दलालहरूसँग छ यार पियार वहाँका

*विनीड निवास, कलैया बारा*


श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

- हुलास स्टिल ई. प्रा.लि.
- हिमाल पाइपको प्रा.लि.

सिमरा, बारा

कविता

# मलाई के थाहा ?

✦ बी. आर. 'कल्याणी'

विश्वासको बाँध बाँध्दै थिएँ
बीचमा धाँजा फाटेछ
आत्मीय भनी ठानेको त
तिमी टाढा पो पुगेछौ !

मलाई के थाहा ?
तिम्रो मनभित्र बादलको घर छ
र, बेमौसममै ढाक्छ मलाई भनेर
अनि कुबेलामा असिना र
तुषारो झर्छ भनेर !

विश्वास गर्दै थिएँ
उपवनमा गुलाफ फुल्छ भनेर
अपशोच !
गुलाफले त फुल्नै बिर्सेछ !
वास्तवमा,
त्यो हार्दिकताको आत्मीयताको
गुलाफ मृत प्राय: भएछ

तिम्रो शकुनी रूप जीवितै छ भनेर
अनि तिम्रो नियतमा घाम लागेको हैन भनेर
के थाहा मलाई ?

तिमीले छेपारोसित मितेरी गाँसेको
बेमौसममा घाम तापेको
र, नकाब लाएको !
आशावान्वित थिएँ म
निकटत्व उब्जाउनेतिर
तर मलाई के थाहा ?

त्यो टुसाउने वातावरण
खल्बलिएको !
अनि,
बीउ तिम्रो हातमा अँठिएको
र, सडिसकेको !

*ज्ञान वाटिका, बर्दघाट*

लघुकथा

# वास्तविकता

✦ *धनराज सापकोटा 'जिज्ञासु'*

पण्डित हरिदास भनेपछि नहुरुक्किने कोही पनि थिएनन् । उनले पिछडिएका र गरीबहरूलाई सहयोग गर्ने, संकटमा परेकालाई राहत दिने र जुनसुकै बेलामा पनि सत्यका पक्षमा मुड्की बजारेर कुरा गर्ने गर्दथे । चिन्ता कत्ति पनि लिनु हुँदैन । चिन्ता भन्ने चरोलाई शरीररूपी गुँडमा बस्न नदिई धपाउनु पर्दछ भन्दै उनले शोक विह्वल, चिन्तामग्न भएकालाई मलहम पट्टी लगाइदिन्थे । मातृ, पितृ, पुत्रशोकादिमा परी रोई रोई तडपिरहेका ग्रामीण जनतालाई 'वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि' भन्ने गीताको श्लोक स्मरण गराउँदै भन्दथे- "हामी सबै यस संसाररूपी गृहका दुई दिनका अतिथि हौं, भगवान गौतम बुद्ध, महात्मा गान्धी जस्ता महापुरूषहरूले पनि नश्वर शरीर त्यागी परमधाम भए । हामी पनि भोलि आफ्नो बाटो लाग्नैपर्छ । दिनपछि रात, संयोगपछि वियोग भए झैं जन्मेपछि एकदिन न एकदिन मर्नैपर्छ । यो सृष्टिको नियम हो । मर्नु भनेको पुराना कपडा त्यागेर नयाँ लगाए झैं यो जीवात्मा त्यागेर अर्कोमा सर्नु हो" भन्दै सान्त्वना दिँदै अश्रुमय चक्षु ओभानो गराइदिन्थे । निन्याउरो अनुहारमा खुशीको पाउडर घसी दिन्थे र धैर्यपूर्वक बाँच्ने भरोसा दिन्थे ।

कालले जेठो-कान्छो, धनी गरीब, वृद्ध-नाबालक, शिक्षित-अशिक्षित केही पनि भन्दैन यो त सर्वविदितै कुरो हो । केही दिनपछि पं. हरिदासजीको कनिष्ठ सुपुत्र ब्रजविहारीदासको १६ वर्षे खाऊँ-खाऊँ र लाऊँ-लाऊँको उमेरमा देहावसान भयो । उनको मृत्युमा ग्रामवासी सबैले धुइय्य धुइय्य गर्दै श्रद्धाञ्जली स्वरुप दुई ढिका आँसु झारे । आफ्नो आँखाको नानी जस्तो अतिप्यारो छोराको अल्पायुमै मृत्यु हुँदा कसलाई पीर पर्दैन र ? आखिर पं. हरिदास पनि अपवादको रूपमा रहन सकेनन्, सहून पनि कसरी ? उनी पनि त मान्छे हुन्, उनको हृदय पनि त पत्थरको होइन । पुत्र निधनमा हरिदासको होशले लक्ष्मणरेखा नाघ्नु अस्वाभाविक थिएन । "वैद्यको गलामा गाँड, ज्योतिषिका छोरी राँड" भने झैं अरूलाई सम्झाइ बुझाइ गर्ने, शोकाकुलहरूलाई सहनशीलताको पाठ पढाउने, धैर्यको मन्त्र सुनाउने पं. हरिदास आज स्वयं धैर्य, सहनशीलताको सीमा नाघेर फहराइ फहराइ रून थालेका थिए । उता सम्झाउन असफल यत्न गर्नेहरू पण्डितजीको अवस्था देखेर तीन छक परेका थिए ।

*मालिका-२, बाग्लुङ*

# गीत

✦ राजु शर्मा

माया हो यो वैंसको हुरी होइन
कहिले तोड्ने कहिले जोड्ने
रेशमको यो डोरी होइन

कल्पनाको महल सजाई
आकाशतिर उडि हिंड्ने
हात समाई तारासँगै
लुकामारी खेलि हिंड्ने
उमेरै हो कसैको नि चोरि होइन
कहिले जोड्ने कहिले तोड्ने
रेशमको डोरी होइन ।

रमाई हिंड्ने डाँडातिर
बादलसँगै चाल मिलाई
नाचि हिंड्ने बनपाखा
झरनासँगै ताल मिलाई
प्रीति नै हो कसैसँग जोरी होइन
कहिले तोड्ने कहिले जोड्ने
रेशमको यो डोरी होइन

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं ढीर्घायुको मंगलमय शुभकामना
– सूर्य टोवाको कं प्रा.लि. सिमरा

एकांकी

# कुर्सी

✦ बलराम श्रेष्ठ

दृश्य: (सिकर्मी, नेपाल आफ्नो घरको आँगनमा काठ चिर्ने, चिरेका काठलाई सम्म्याउने, प्वाल पार्ने आदि गर्दै केही बनाइरहेको हुन्छ । उसको साथमा काम गर्ने एकजना मान्छे हुन्छ । साधारण बस्त्रले नांगो शरीर छोप्दा छोप्दै पनि कुनै कुनै भागमा च्यातिएको देखिन्छ । उनीहरूको उमेर लगभग २५-२६ बर्षको हुन्छ । सिकर्मी नेपाल कानमा भएको ठूटो बिंडी हातमा लिदै)

नेपाल: (थकित स्वरमा) साह्रै थकाई लाग्यो हो, खै सलाई देऊ त यो ठूटो बिंडी खाउँ ।

विजय: (बगलीबाट सलाई दिंदै) ल । एक सर्कों मलाई पनि दिनू । दिनरातको ठाक-ठाक र ठुक-ठुक ले शरीर पनि गलिसक्यो ।

नेपाल: शरीर गलिसक्यो भनेर हामी गरीबले हिम्मत हार्न हुँदैन बुझ्यौ । हामीले त अझै कति ठाकठाक ठुकठुक गर्नुपर्नेछ । हाम्रो जीवनको शुरुवात त भर्खर भएको छ । (ठुटा बिंडी दिदै केही सम्झदै गरेर) ए साँच्ची ! माट्सापको कुर्सी बनाई दिनुपर्ने... ।

विजय: आ... आज त कहाँ सकिन्छ र । हिजोदेखि एक छिनसम्म पनि आँखा झिम्म गर्न पाएको हैन .... भोलि बनाई दिउँला ....।

नेपाल: अलि विचार गर त विजय त्यो माट्सापले कत्रो भरोस् गरेर यहाँबाट जानु भएको छ । हामीले आज वहाँको कुर्सी बनाई दिएनौं भने ..... ।

विजय: के त बनाई दिएनौं भने के लछार पछार पार्लान् त । दुईचार वटा कुराहरू भन्लान्, जालान् । माट्साप न हुन् ।

नेपाल: हैन भाइ हैन ... बनाई दिएनौं भने पनि केही भन्नु हुन्न माट्सापले तर हाम्रो बोली हाम्रो बचन .... । माट्सापको दृष्टिमा हामी गिर्छौं । विचरा माट्साप हामीमा कत्रो भरोसा गरेर जानु भएको छ । वहाँको मन दुखाउने ? फेरि माट्सापको मन साधारण मान्छेभन्दा महान् छ, विजय । त्यो मनलाई तिमीले चिन्नसकेका छैनौ ? त्यो मनलाई तिमीले बुझेका छैनौं । बुझ्ने प्रयास गर विजय (लामो स्वास तान्छ ।)

विजय: अँ, गर्छु । तिमीले भन्या जस्तै गर्छु तर आज त म सक्तिन । आज म अब कुनै काम गर्न सक्तिन ।

नेपाल: तिमी सक्तिनौ भन्छौ, हिम्मत हार्छौ । विजय ... तर मैले त सक्नुपर्छ । मैले बचन

दिएको छु। मैले माट्सापलाई यहाँबाट विश्वास दिएर पठाएको छु। म वहाँको विश्वासलाई घात गर्दिन विजय। म .... म माट्सापको दृष्टिमा गिर्दिन। नेपालीका सन्तानले बचन दिएर लुक्न सुहाउँदैन। त्यो नेपालीहरूको नाममा कलंक हो विजय.....(भन्दै नेपथ्यमा जान्छ र एउटा पुरानो कुर्सी लिएर आउँछ र ओल्टाई पोल्टाई गरेर हेर्न थाल्छ। कुर्सीका भाँच्चिएका हात, खुट्टा र पिठ्युलाई मर्मत गर्न थाल्दछ। विजय हेर्या हेर्यै गर्छ।)

नेपाल: (कुर्सीको हात बनाउँदै) यो हात कलियुगको ईश्वरको हात हो विजय। जसको बरदानमा तिमी बाच्न सक्षम भएका छौ, म बाँच्न सक्षम भएको छु, तिम्री भाउजू र तिमीलाई तोते बोलीमा "काका" भन्ने भतिजो बाँचिरहेको छ। मेरो घर र परिवार मात्र हैन हाम्रो छिमेक पनि, हाम्रो छिमेक मात्र हैन वल्लो गाउँ पल्लो गाउँ सबै ठाउँमा माट्साप माट्साप हुनुहुन्छ।

(कुर्सीको हात देखाउँदै) यो हातले अशिक्षित गरीब, निर्धन र असहायहरूलाई गाउँका साहू, महाजन, शोषक र सामन्तीहरूको पंजाबाट मुक्त गरी स्वतन्त्रताको स्वास फेर्न दिएको छ।

म तिमीलाई कर लगाउँदिन विजय कि तिमी माट्सापको कुर्सी बनाउनै पर्छ तर तिम्रो हिम्मत र तुहिएका आँट देख्दा म चुपचाप बस्न सक्तिन विजय। यस अवस्थामा म माट्सापलाई सम्फन्छु र अरूलाई सम्फन्छु। माट्सापको मार्गमा हिंड, त्यो मार्गमा काँडा हैन, फूलै फूल छ।

विजय: बिन्ति अब चुप लाग नेपाल अब चुप लाग। मैले माट्सापलाई चिन्ह सकेनछु।

नेपाल: म त चुप लाग्छु विजय तर यो कुर्सी (कुर्सीलाई देखाउँदै) चुप लाग्दैन। यो कुर्सी सधैं बोलीरहन्छ। अन्याय अत्याचारको विरुद्धमा चिच्याई नै रहन्छ। (नेपथ्यबाट आवाज आउँछ- घरमा कोही छ ?)

विजय: नेपाल। कसले बोलाएको ?

नेपाल: होलान् कोही ? जाऊ हेर त....।

विजय: (आफ्नो ठाउँबाट उठेर छेउसम्म पुगेर भन्छ) को ? आँगनमै आउनुस् न।

एक व्यक्तिको प्रवेश

नेपाल: (चिनेर) नमस्कार है पि.ए. साहेब।

पि.ए.: नमस्कार।

बिजय: (टाउको कन्याउँदै) मेरो पनि नमस्कार है साहेब।

पि.ए.: नमस्कार।

नेपाल: धेरै दिनपछि दर्शन पाइयो ? कति कामले कष्ट गर्नु भो ? मलाई नै बोलाउनु भए आइ हाल्थें नि .....।

पि.ए.: मान्छे नै पठाउने थिएँ .... तर हतार भएकोले आफैं आउनु पर्‍यो....।

नेपाल: के को त्यस्तो हतार ... हाम्ले पनि बुझ्न हुन्छ कि ...।

(विजय आफ्नो ठाउँमा बसेर कहिले पि.ए. र नेपाललाई हेर्दै माट्सापको कुर्सीको गोडा बनाउन थाल्छ ।)

पि.ए.: किन नहुनु । हिजै मात्र मन्त्रीजी आउनु भो । कुर्सीहरूका हात गोडा भाँच्चिएका रहेछन् । घरमा पाहुनाहरू पनि आउँछन् रे ... । अहिले नै चाँडै बोलाएर ल्याऊ भन्नु भो तिमीलाई.... ।

नेपाल: (टाउको कन्याउँदै) ईश्वरले यी यति मात्र (हात देखाउँदै) दिएका छन् । यी हातहरू काम मै बल्झेका छन् । खै कसो गरुँ पि.ए. साहेब .... ।

पि.ए.: तिमीले कस्तो कुरा गऱ्या । कमसेकम मन्त्रीजीको कुरालाई विचार गर्नुपर्छ ।

नेपाल: विचारै नभएको हैन पि.ए. साहेब तर के गर्ने विवश छौं । यो कुर्सी आजै अहिले नै बनाउनु छ ।

पि.ए.: (कुर्सीमा दृष्टि पुऱ्याउँदै) यस्तो थोत्रो कुर्सी बनाउने । कुन गधा मान्छेको हो ? फाल्देऊ (खुट्टा चलाउँदै)

नेपाल: पि.ए. साहेब जिब्रालाई मुखभित्रै राखेर कुरा गर्नुस् है । हैन भने नराम्रो होला । नाहकमा हामी गरीबको मनलाई किन कोट्याउनु हुन्छ । यो कुर्सी कुनै गधाको हैन माट्सापको बुझ्नु भो .... ।

पि.ए.: (अहंको जोशमा) त्यै गधा मास्टरको ।

नेपाल: तपाईंलाई मैले भनी सकें पि.ए. साहेब जिब्रालाई सम्हाल्नुस् । यै जिब्राले पान पनि ख्वाउँछ, लात पनि ख्वाउँछ । एउटा मन्त्रीको पि.ए. हुँ भन्दैमा चढेर कुरा नगर्नुस् बुझ्नु भो । यो तपाईंको हाकिमको घर हैन ।

पि.ए.: तिमी बढ्ता कुरा नगर... । चुपचाप आफ्ना सामानहरू उठाऊ र अहिले नै हिंडीहाल । हैन भने ठीक हुनेछैन ।

विजय: (कपाल कन्याउँदै) ठीकलाई बेठीक र बेठीकलाई ठीक पार्न हाम्रा औजारले जान्या छन् साहेब ? यी हेर्नुस् न यो कुर्सीको हात भाच्चियो नयाँ बनाउन थाल्या .... ।

पि.ए.: तँ बीचमा प्याच्च किन बोल्छस् ।

विजय: साँचो कुरा बोल्न त बुद्धले सिकाए अब भगवानले सिकाएको कुरा मान्दा पनि के को प्याच्च र पुच्च... ।

पि.ए.: (नेपालतिर फर्केर) नेपाल तिमी आफ्नो मान्छेलाई चुप लागेर काम गर्न भन । हैन भने उठिवास पारूँला .... ।

नेपाल: विजय चुप लाग रे मन्त्रीजीको पि.ए. साहेबले भन्या मान्नुपर्छ । (आँखा झिम्क्याउँदै) कस्तो नबुझ्या ..... ।

विजय: ए ! हो त ।

नेपाल: लौ अब भन्नुस् पि.ए. साहेब ।

पि.ए.: साहेब, साहेब के चिच्याई राख्या । कति भन्नु, भनी हालें नि मन्त्रीजीले कुर्सी बनाउन बोलाउनु भएको छ ।

नेपाल: पि.ए. साहेब ! तपाई मान्छे कि पशु ?

पि.ए.: के नचाहिने कुरा गऱ्या ! तिम्रो आँखा छैन ?

नेपाल: छ ! तपाईंकै आँखा छैन जस्तो लाग्यो । तपाई हेर्दै हुनुहुन्छ म कुर्सी बनाउँदै छु । भगवानले यी यति हात गोडा दिएका छन् र पनि तपाई कुकुरले एकोहोरो कराए जस्तो कराउनु हुन्छ ...।

पि.ए.: त्यसो भए तिमीहरू नजाने ?

दुवै: नजाने ।

पि.ए.: अघि पछि सोचेर बोल्या कि जोशमा

दुवै: जोश र होश दुवैमा.... ।

पि.ए.: उठिबास होला है नेपाल... । गाउँ घर छोडेर जानु पर्ला ..... । याद गरेस् ... ।

नेपाल: यो धरती तपाईंको हैन । नेपाल आमाको काखबाट उठिबास लाउने हिम्मत तपाईंमा छैन बुझ्नु भो । मन्त्रीको पि.ए. हुँ भन्दैमा हामी गरीबलाई मान्छे नठान्ने । तपाईंले के सोच्नु भा छ । तपाईंका डर र धम्कीले हामी डराएर लुते कुकुर झैं चुपचापपछि लाग्छौं त्यो जमाना गए पि.ए. साहेब बुझ्नु भो । हिजो आज त देशमा प्रजातन्त्र आएको छ । प्रजातन्त्र । काम गरेर खाने अधिकार छिन्ने तपाईंको कुनै हक छैन ।

पि.ए.: अझै तिमी बढ्ता बोल्दैछौ ।

नेपाल: अँ, म बढ्ता बोल्दैछु । म कराउँछु । म धाक र रवाफ देखाएर गरीबलाई सताउँछु । उनको मानवतालाई आरीले चिरेर बजारमा बेच्छु । तपाई के गर्नु हुन्छ नि ...... ।

पि.ए.: यी सबै कुराहरू मन्त्रीजीलाई नसुनाई छोड्दिन बुझिस् नेपाले । सबै सुनाउँछु । अनि हेर तेरो यो गाउँबाट उठिबास लगाउँछु कि लगाउँदिन ... ।

नेपाल: नामर्द मान्छेले मात्र धम्की दिन्छन् । गरीबलाई सताउँछन् । तर हामी गरीब धम्की कसैलाई दिँदैनौं बुझ्नु भो । तपाई गएर मन्त्रीजीलाई भन्नुहोस् मेरो उठिबास लगाउनुस् जानुस् ... । मलाई माट्सापको कुर्सी बनाउन दिनोस् । जुन कुर्सीबाट यहाँका साराका सारा मान्छेहरू स्वतन्त्रताको स्वास फेर्छन् ।

पि.ए.: त्यै लुच्चा आवारा माष्टरको कुर्सी बनाएर बस् .... ।

नेपाल: (हातको आरी उठाउँदै) मलाई विवश नपार्नुस् पि.ए. साहेब । नत्र यो आरीले तपाईंको जिब्रालाई चिर्न बेर लाग्ने छैन ।

पि.ए.: तँ जिब्रा चिर्ने नेपाले... याद राखेस् ..।

विजय: हैन पि.ए. साहेबको जिब्रो अलि मिलेन क्या हो .... अलि मोटो जस्तो छ, ताछ्नु पऱ्यो (औजार उठाउँदै) कि कसो पि.ए. साहेब ।

पि.ए.: (रिसले मुर्मुरिंदै) चुप लाग गधा ।

विजय: (पि.ए. कै स्वरमा) गधा-गधा-पि.ए. साहेब, तपाईंले धेरैपल्ट भन्नु भो । हामी त चुपचाप छौं तर तपाई आफै गधा जस्तो कराउनु हुन्छ । तपाई सबैलाई गधाकै

रूपमा देख्नुहुन्छ । सत्य नांगो हुन्छ, पि.ए. साहेब... । मान्छे नांगा बन्न चाहँदैन । तर सत्यको उद्घाटन गर्न नांगो हुनै पर्छ ।

पि.ए.: तँ जस्ता लुच्चा आवारा नांगो भएर हिंड्छन् । आफूलाई नांगो पार्छन् । तर हामी नांगो हुँदैनौं बुझिस् ।

नेपाल: पि.ए. साहेब नाहकमा गाली नगर्नुस् । गाली गर्ने अधिकार संविधानमा लेखिएका छैनन् । बुझ्नु भो । देशको लागि बनेका कानूनका घेरालाई न नाघ्नुस् पि.ए. साहेब ... । नत्र जगरनाथको डोरीले बाँधिनु पर्ला... ।

पि.ए.: तँ जस्ता दुई पैसा कमाउने फिस्टाले मलाई फाँसीमा झुण्ड्याउने... ।

नेपाल: तपाईं त एउटा मन्त्रीको पि.ए. मात्र... यदि मन्त्रीको बडा बडा हाकिमले पनि गल्ती गरे भने उनीहरूले पनि सजायँ भोग्नै पर्छ । कानून र नियम हाम्रा लागि मात्र होइन सबैका लागि हो बुझ्नु भो ।

पि.ए.: कानून र नियमका कुरा तँ जस्तो औजार चलाउने, काठ चिर्नेले गर्छ काहीं हामी जस्ताले गर्नुपर्छ बुझिस् ..।

नेपाल: त्यै त भन्या... तपाईंहरू मान्छे चिन्नुहुन्न । केवल कुर्सीलाई चिन्नु हुन्छ । मन्त्रीहरू कुर्सीका लागि जनताको घर दैलोमा पुगेर गोडामा ढोग्छन्, हात जोडेर हत्केलाका छाला खियाउँछन् । जनतालाई सुख दिन्छौं भनेर कसम खान्छन् । बाटोघाटो, भोक, रोग हटाउँछौं भनेर प्रतीज्ञा गर्छन् । अन्याय र अत्याचार गर्नेहरूलाई सजायँ दिन्छौं भन्छन् तर कुर्सी पाइसकेपछि मन्त्रीहरूले सबै भुल्दछन् बुझ्नु भो पि.ए. साहेब । कुर्सी त जहिले पनि न्यायिक नै हुन्छ तर त्यसमा बस्ने अवसरवादी, स्वार्थीहरूले कुर्सीको अस्तित्वलाई आफ्नो स्वार्थपूर्तिका लागि न्यायलाई पैसामा बेचिदिन्छन् ।

पि.ए.: चुपचाप नेपाले । तेरो भाषण सुन्न मन्त्रीजीको पि.ए. यहाँ आएको हैन बुझिस्... ।

नेपाल: भाषण त मन्त्रीजीहरूले दिने गर्छन् जनतालाई ढाँट्छन् । हामी सिकर्मी त औजार चलाएर केही बनाउँछौं । बिग्रेका बनाउँछौं भत्किएकालाई टाल्छौं । भाँच्चिएकालाई जोड्छौं, बुझ्नु भो ।

पि.ए.: तँ भत्किएकालाई टाली राख् । बिग्रेकालाई बनाई राख । तर तँलाई .... ।

नेपाल: भत्किएको टाल्नु हाम्रो कर्तव्य हो । पि.ए. साहेब । तर तपाईंहरू त टालिएका पनि भत्काउनु हुन्छ । तपाईंहरू भन्दा त बरू कुकुरले आफ्नो कर्तव्य नबिर्सि मालिकको रक्षा गर्छ.... तर तपाईंहरू आफ्नै आमालाई विश्वासलाई घात गर्नुहुन्छ । धाक र रवाफमा हामी जस्ता सोझा साझा जनतालाई ढाँटेर, उनीहरूको मानवतासँग खेल्नु हुन्छ । तर आजभोलि त्यो सब चल्दैन बुझ्नु भो । युगले काँचुली फेरिसकेको छ । सगरमाथाको शिखरमा शहीदहरूको रगतले अन्याय र अत्याचारको विरुद्ध बिगुल फुकिरहन्छ । जानुस्... यहाँबाट गइहाल्नुस् । यो सिकर्मीको आँगन हो, यहाँ अरू कसैको धाक र रवाफ चल्दैन । हामी कसैका किरायदार होइनौं । हामी गरीब आफ्नै पौरखमा बाँचेका छौं । यहाँ कसैको धाक र रवाफ सहन बसेका

होइनौ ।

पि.ए.: धाक रवाफ मात्र हैन, तेरो उठिबास लगाउँछु ।

नेपाल: फेरि पनि भन्दैछु पि.ए. साहेब यो आँगन नेपाल आमाले दिनु भएको हो । हामी जस्ता गरीबलाई बाँच्न दिनु भएको छ । नेपाल आमाको बरदानका विरुद्ध कसैले पनि औंला ठड्याउन सुहाउँदैन ।

पि.ए. साहेब जानुस् । मन्त्रीजीको घरमा गएर बन्दूक समाउने पहरेदारलाई धाक रवाफ देखाउनुस् । तर मलाई स्वतन्त्र भएर देउताको रूपमा एउटा मान्छेको पुस्तौं पुरानो कुर्सीलाई बनाउन दिनुस् ।

पि.ए.: बनाई राख् । लुच्चा मास्टरको कुर्सी .. ।

नेपाल: खबरदार । लुच्चा नभन्नोस् पि.ए. साहेब । हाम्रो मनमा ज्वाला नदन्काउनुस् नत्र हाम्रो ज्वालामा खरानी हुनु पर्ला ... ।

विजय: पुर्खाले के भनेका छन्, तिमीलाई थाहा छ नेपाल ?

नेपाल: के विजय ?

विजय: अति सहनु, अतिचार नसहनु । पि.ए. साहेब अत्याचार नै विरोधको पहिलो पाइला हो । नेपालले भन्या जस्तो चुपचाप आफ्नो बाटो तताई हाल्नुस् ... । हैन भने .. ।

पि.ए.: के गर्न सक्छस् .... ।

विजय: हामी त औजार चलाउन सक्छौं । भाग्नुस् पि.ए. साहेब भाग्नुस् देवताको कुर्सीमा सबै नेपाली अटाउन सक्ने एउटा कुर्सी बनाउन दिनुस्... । भाग्नुस् ...।

(विजय र नेपाल दुबैजना हातमा एक-एक वटा औजार लिएर पि.ए. लाई लखेट्छन् । अन्तमा केही सीप नलागेपछि पि.ए. डराएर आँगनबाहिर निस्कन्छ ।)

(दुबैजना एक अर्काको अँगालोमा बाँधिन्छन् ।)

(पर्दा खस्छ)

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

– बिरला सतना सिमेन्ट

मुख्य कार्यालय:- चाचान इम्पेक्स, वीरगंज

शाखा कार्यालय:- काठमाडौं, विराटनगर, जनकपुर, भैरहवा, कृष्णनगर, पोखरा, नेपालगंज

# गजल

✦ विजय सुब्बा

बन्द भएनन् यी ओंठहरू बन्दै रहेपनि
के पुरिन्थ्यो र बोली यत्तिमै खन्दै गएपनि

पर्दाहरू नखोलिदै कुरा सारा खुलिसके
आउँदा दृश्यहरू मनमा गन्दै रहेपनि

को को ढाँट्न सक्छन् यो मौकामा ती हाँसिरहेछन्
यता फर्केर हामी एक हौं भन्दै गएपनि

कति निलौं गालीहरू अझै यी गाँसहरूका
कोही त बोल प्रेमले बरू मन्दै भएपनि

उल्टो बयान सदर भयो नहुनु भै गयो
होस् अब सुल्टो बयान दिऊँ चन्दै भएपनि

तेह्रथुम

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना
– उद्योग वाणिज्य संघ
वीरगंज

संस्मरण

# त्यो रमाइलो यात्रा



✦ राम पराजुली

०५३ साल जेठ १२ गते शनिबार बिहान ३:३० बजे झरना साहित्यिक परिवार छतिवनको निम्ता स्वीकारेर निजगढबाट हामी पदयात्राको निम्ति खुट्टा उचाल्छौं । अलिमाथि सडकटोल भन्ने ठाउँबाट एकजना रेग्मी भाइ थपिएपछि हाम्रो संख्या ६ पुग्छ । अँध्यारोलाई चिर्न ठाउँ ठाउँमा हातको टर्च पिलिक-पिलिक पारेर पैताला टेक्नु पर्ने हुन्छ । बेला बेलामा कुकुरको भुकाइबाट मुटु झस्केता पनि तिनले हामीलाई आक्रमण गर्ने आँट भने गरिहाल्दैनन् । टोलीको नेतृत्व व्यास दाइबाट भइरहेको हुन्छ त्यस्तै मिर्मिरे उज्यालो र मन्द पवनले हामीमा त्यति नै उत्साह थपिरहेको हुन्छ । गाउँको मुटुलाई चरक्क चिरेर हामी मोहोरीमा पुग्दा सबै उज्यालो भुईंमा झरिसक्छ । बकैया खोलाको कन्चन पानी र शीतल हावाले झर्ने कस्तो आनन्द थप्छ भने "आहा ...... ।"

अब हाम्रो यात्रा खोलाको तीरैतीर हुन्छ । लुगा त फेर्नै पऱ्यो । हामी मध्ये कोही धोती, लुंगी फेर्छौं । व्यास दाइ र अच्युत सरले पिताजीको आशौच बोक्नु भएकाले श्वेतवस्त्र धारण गर्नु भएको थियो ।

शुरूमै व्यास दाइको हिंडाइले हामीलाई उछिन्न सबैको लागि अपरिचित नै थियो । व्यास दाइ भने यो भन्दा पहिले पनि एक पटक हिंडिसक्नु भएको रहेछ । हाम्रो यो यात्रा कहाँको हो ? जिज्ञासा उठ्नु स्वभाविकै हो । यात्रा-बकैया खोलै खोला, गन्तव्य स्थान मकवानपुरको छतिवन गाउँ । साहित्यिक गोष्ठीमा सहयात्री वरिष्ठ साहित्यकारहरू-निर्मोही व्यास, घनश्याम न्यौपाने 'परिश्रमी' धर्मेन्द्र भट्टराई, अच्युत खनाल जस्ता आलोकित व्यक्तिहरू । मेरो निम्ति यो एक दिनको यात्रा सिंगो जीवनको मेरुदण्ड सरह नै भयो । फेरि नजिकको तीर्थ हेला भने जस्तो आफू निजगढको बासिन्दा भएर पनि मोहोरी भन्दा माथि कहिल्यै गएको थिइनँ ।

अहिले हेर्दा म त दंग परें । साँच्चिकै रमाइलो पर्यटनस्थल पो रहेछ आएर बकैयाको भुंडीभित्र त ती चुरे श्रृंखलाहरूले आफ्नो पोल्टोमा लुकाएको रमणीय दृश्य हेर्दा । ती राष्ट्रिय प्राकृतिक वैभव देख्दा, कसको मन गद्गद् नहोला ? ठूला-ठूला चप्लेटी, ढुंगा, कतै नदी कुन्यौटो परेको ठाउँमा गहिरो दह, भीर पाखा, चट्टान, रूख, बुटा, पुष्पलता र ताडका स-साना पोथ्राहरूले झ्याम्म झ्याम्म आँखा अगाडि आएर पिरती गाँस्न पो थाल्छन्

बा .... ।

यी दृश्य अवलोकनमा आँखा लट्ठिदा हामी बेलाबेला पालैपालो चिप्लिएर हात, घुंडा, छाती टेक्न पनि पुग्छौं । तर यी सब हाम्रो निम्ति सहज हुन्छन् । फेरि व्यास दाइको रमाइला अभिनयले हाम्रा गलेका पिंडुलाहरूलाई त्यतिकै ऊर्जा प्रदान गरिरहेका हुन्छन् । उहाँ कहिले दगुर्नु हुन्छ, कहिले कुनै चप्लेटीमा उत्तानो परेर पल्टनु हुन्छ भने कहिल्यै सबैलाई पानी छ्याप्न थाल्नुहुन्छ । कहिले त "यस्तै हो साहित्यिक यात्रा भनेको मलाई त यस्तै यात्रामा नै मर्ने रहर छ" भनेर हामी सबैलाई भाव विह्वल पार्नु हुन्छ ।

हिंडाइमा अलि पछि भएपनि बेला बेलामा थकाइ मार्दा घनश्याम र धर्मेन्द्र सर पनि कम रमाइलो गर्नुहुन्छ र ! मीठा मीठा गीत गाएर सबैलाई नाचूँ नाचूँ भने जस्तो पो पार्नुहुन्छ उहाँहरू । घरबाट एक काँगियो केरा गलेको हुनाले मैले पनि अलिकति रमाइलो थप्न पाएँ । खोला माझको ठूलो चप्लेटीमाथि बसेको मौका छोपेर म केरा खानेकुरा उक्काउँछु । "सर ! केरा यही खाऔं ?" र व्यास दाइ र अच्युत सर नुहाउन थाल्नुहुन्छ भने धर्मेन्द्र सर केरा भाग लगाउनु हुन्छ ।

उहाँहरूले नुहाउञ्जेल सम्म हामीहरूले आफ्नो भाग केरा निलिसकेको हुन्छौं । केही बेरपछि उहाँहरूप्रति त्यही फराकिलो ढुंगामा उक्लेर त्यो काम सम्पन्न गर्नुहुन्छ । अँ... साँच्चि, एउटा कुरा भन्न झण्डै बिर्सेको । बटुवाहरू जो भेटे पनि हामी सोध्ने गर्छौं- यहाँबाट छतिवन जान कति समय लाग्ला ? र जवाफ आउँछ "लाग्छ तीन घण्टा जति" हामीले यात्रा जति छोट्याए पनि उत्तर पाउँछौं उही तीन घण्टा । पटक्कै पिच्छे उही उत्तर सुन्नुपर्दा चकित पर्ने नै भयौं र हामीबीच हाँसो हाँसोमा कुरा चल्न थाल्छ "कतै उही पुग्दा पनि तीन घण्टाको बाटो अझै बाँकी रहने त होइन ? अघि बढ्दै जाँदा मलाई त्यति सजिलो भने छैन । पहरा र चट्टानहरूको बीचबाट नागबेली परेर घुमेको खोलालाई घरि यता घरि उता गरेर तरिरहनु पर्ने । झण्डै २०-२५ जंघार । यदि समयले साथ दिएन र बाढी आइदियो भने बर्खामासको के भर ? अनि न कतै भाग्ने ठाउँ छ न कतै बस्ती नै छ । एक ठाउँमा खोलोले छोडेको सानो कुन्यौटामा भर्खर दुईपात भएर उम्रिएको मकैको बिरुवा । एउटा सानो भत्केको छाप्रो । अनि नजिकै एउटा हरियो बूटो जसमा न कागती भन्नु न ज्यामिर तर यस्तै आकार प्रकारको हरिया कचिला फल लटरम्मै फलेका छन् । फलफूल बोटसँग मागेर खान हुन्छ भन्ने मलाई स्वीकारेर १६ वर्षको रेग्मी भाइलाई टिप्न पठाउँछौं र ६ जनालाई एक-एक वटा पुग्ने गरी उनले ल्याएपछि त्यो फल हामी बाँदरले जस्तै चिथोर्न थाल्छौं । तर कस्तो तीतो र खाइ नसक्नु अमिलो आमा....मा.....मा । फेरि अलि परको कुन्यौटामा पुगेपछि लस्करै तीनवटा छाप्रा भेटिन्छन् । छाप्रामा जाँड रक्सी, चुरोट मात्र देखिन्छ भने केही मान्छेहरू पिउँदै पनि हुन्छन् । मलाई निकै खसखस लागेपछि एकजना पिउँदै गरेका अधबैंसेसँग सोध्छु "यो ठाउँको नाम के हो ?" ऊ निकैबेर पछि बोल्छ "जसपाल भन्छ, तँहरू कता जाने हो ?" म उसको अलि कडा बोली सुनेपछि पाइला नरोकेरै भन्छु छतिवन । उसको व्याकरण सुनेर मनमा हाँसो उठे पनि हामी चुपचाप बाटो

लाग्छौं । किनकि व्यास दाइको भनाइ अनुसार त्यो ठाउँ अलि खतरापूर्ण छ । त्यहाँ चोर-डाँका लाग्नसक्छ । अलि पर पुगेपछि हामी खोलाको किनार छोडेर आमदम्हारको उकाली उक्लन थाल्छौं । अन्य वा स्थित बस्ती, खरका साना छाप्रो, नांगा बाल बालिका त्यो दृश्यले नेपालको आन्द्राभुँडी देखाइरहेको हुन्छ हामीलाई । त्यो उकालीको विट मारेर हामी साथी पर्खन टुसुक्क बस्छौं ।

उकाली ओराली कुन्यौटा, कहिले बगरको चिमोट्याइ त कहिले पानीसँगको लडाईले गर्दा हामी इन्धन सकिएको मोटर जस्तो भइसकेको हुन्छौं । नहुनु पनि पो किन लेफ्ट राइट गर्न थालेको पनि ५ घण्टा नाघिसकेको हुन्छ तर अँधेरीको मीठो पानीले र व्यास दाइका साथमा भएको मिस्रीले हामीलाई जुइना गाउँसम्म सजिलै धकेलिदिन्छ । जुइनामा माझी र तामाङको घर रहेछन् । हामी एउटा बृक्षमुनि बसेर केहीबेर शीतल हावा खान्छौं र लाग्छौं बकैयालाई छाडी सीमा खोलाको बगरतिर । चिच्याईंदो घाम उराठलाग्दो कासका बुटाबुटी र खयरका ठूटाठूटी खै ? कुनि किन हो मन अलि अमिलो नै हुन्छ मेरो । अलि पर पुगेपछि म र अच्युत सर बाहेक अरू सबैजना पानीमा डुबुल्की मार्न थाल्नु हुन्छ । "आहा........ कति आनन्द ! हामी त एक घण्टासम्म पानीमै डुब्ने हो" उहाँहरूबीच जलक्रिडा शुरू हुनथाल्छ तर हामी दुई हिंड्न थालेपछि उहाँहरूले पनि त्यो आनन्दलाई माया मार्नुहुन्छ । अब हामी पावस गाउँलाई देब्रेतिर छाडेर फाटँफाटँ हिंड्न थाल्छौं ।

केही पर पुगेर एउटा सानो पैनी तरेपछि हामी लुगा फेर्छौं र राम्रा सुकिला भएर अगि बढ्छौं । बकैया खोलैखोला यसरी साढे सात घण्टाको बाटो पार गरेर ११ बजे हामी चुरे घाँचमा विराजमान मकवानपुरको क्षेत्र नं. १ मा पर्ने छतिवन गाउँमा पुग्छौं । झरना परिवारका विछट्ट जाँगरिला अध्यक्ष रमेशमोहन अधिकारी र अरू साथीहरू संघको भेटघाट र खानपिन पछि कार्यक्रम थालिन्छ । हुरी बतास र पानीको रमाइलो लीलासँगै त्यो पवित्र साहित्य गोष्ठीलाई प्राकृतिक रूपमा स्वागत गरेर हामीलाई झन आनन्दित तुल्याई एकै छिनमा पानी र बतासले विदा लिन्छन् । मकवानपुर जिल्लाको एउटा अपाइक कुनामा नारायणी अंचलको पाँचौ जिल्लाका साहित्यकारहरूको भेला हुनु भनेको सानो कुरा हो र ? फेरि हामीले त्यहाँ पाएको हार्दिक स्नेह, त्यहाँको जनताको साहित्यिक अभिरुचि, साना भाइ-बहिनीहरूका रचना हाम्रो निम्ति अनमोल कोसेली बने । यस्ता कुनाकाप्चामा लुकेको प्रतिभाहरू साहित्यिक फाँटमा उनेको थुँगाहरूको मालाले मेची-काली सिंगारियून् म मुग्ध भएर शुभकामना छचल्काउँछु भर्खरै फुल्ने जमर्को गर्न लागेको मेरो निम्ति साहित्यकार विद्वानहरूका साथको त्यो एक दिनको यात्रा सदा अविस्मरणीय रहनेछ । प्यारो छतिवन गाउँको त्यो सानो तर रसिलो साहित्य गोष्ठी मेरो आँखामा झलझली आइरहने छ जुनीजुनी भरि ।

*निजगढ*

# मुक्तक



✦ विनय भण्डारी

दुःख !
तँ यति समीप रहने गर् मेरो कि
भुल्न सकूँ म
सबैथोकलाई
आफ्नो श्वास बाहेक


दुःख !
तँ आमाको काख होस्
जहाँ रहँदा
न हुन्छ भय,
न हुंन्छ चिन्ता
जहाँ म केवल म हुन्छु

दुःख !
तेरो बारेमा सोच्दा सोच्दै
भुसुक्कै भुल्छु
तँलाई नै
र खस्न पुग्छु
एकान्तको चन्द्रमा जस्तो नीदमा

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ
जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं
दीर्घायुको मंगलमय शुभकामना
- चिरञ्जीवीलाल सरावगी

कथा

# उसको हत्या



◆ भीष्म विक्रम थापा 'छम्पीले'

ऊ मेरो जीवनमा आँधी भएर आई । मैले उसलाई गंगा झैं पवित्र हृदयको प्रेम दिएँ । न्यानो साथ दिएँ र म माथिका सम्पूर्ण अधिकारहरू उसलाई सुम्पें । त्यसबेला मलाई लाग्दथ्यो कि म संसारमा सबभन्दा सुखी प्राणी थिएँ । मेरो उजाड मरुभूमि सदाबहारमा बदलिएको अनुभूति मिल्दथ्यो तिनताका । तर त्यो खुशी अस्थायी रहेछ । धेरै दिन टिक्न सकेन । उसले नारी स्वतन्त्रताको जिकीर गरी । मैले स-सम्मान उसका मागहरू पूरा गरिदिएँ । मेरो उदारता र सरलताको फाइदा उठाएर म भित्रको व्यक्तिलाई अत्याचार गरी भनौं उपेक्षाको भावले हेर्न थाली । मेरो अगलबगलमा अनेक अनेक तह र तप्काका व्यक्तिहरूसँग उसको प्रेम अनि रासलीलाको शुरूवात हुन थाल्यो । मलाई यसमा कुनै सरोकार थिएन । म ठान्थें उसको चरित्र र व्यवहारले कुनै नराम्रो प्रभाव नल्याओस् मेरो पृथक व्यक्तित्वमा । तर मेरो यो विचार आधुनिकपरक भएपनि बिल्कुल साघुरो र संकीर्ण थियो भनेर देखाइ दिए यहाँका मान्छेहरूले । इज्जतलाई ठूलो संज्ञा दिए । त्यसपछि म असह्य भएँ, कुविचार मनमा सवार भयो । म आफैं जलेको महसूस भयो । मैले पाएँ, म माथिका सम्पूर्ण लाञ्छनाहरू करणी ऊ । त्यसैले मैले कठोर निर्णय गरें, उसलाई सिध्याउने गोप्य षडयन्त्रकारी चक्रव्यूह रचेर । त्यसपछि न बाँस रहन्छ न बज्दछ मुरली नै । त्यस्तै एक कालो औंशीको रातमा कसैले विश्वास गर्न नसक्ने स्थितिमा उसको घाँटी निमोठी सदासदाको लागि बिदा गरिदिएँ । ममाथि हत्याराको अर्को दोष थोपरियो । मेरो मन बेचैनीले तड्पियो । मैले कहिल्यै आफूलाई मुक्त राख्न सकिन । त्यसपछि आफूलाई प्रहरीको समर्पणमा सुम्पें । यसरी मैले जीवनको एक अध्याय बन्द गरें ।

*छम्पी गा.वि.स., वडा नं. ६, थापागाउँ, ललितपुर*

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

– जिल्ला विकास समिति पर्सा, वीरगंज

कविता

# मेरो शहर



✦ जयराम बराल

वीरगंज यो मेरो शहर
रहर सधैं मेरो रहोस्
अस्तित्व यसको सगर झैं अमर
तर
वास्तविकता शहरको
मर्म शहरको
जनसंख्याको चाप
राजनीतिको काप
उद्योगको राप
प्रदूषणको श्राप
दूषित नाला
लामखुट्टेको माला
मानिसको गाला
सधैं चुम्बन र अंकमालको
रासलीला सँगसँगै
क्षितिजमा रहेको यो शहर
हरितक्रान्ति र शुद्धताको
अपेक्षा लिई
उकुस मुकुसको माझमा
रहेको यो शहर...

वीरगंज

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ
जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं
दीर्घायुको मंगलमय शुभकामना
– इस्टर्न टेक्सटाइल्स प्रा.लि. फोन नं. २२४६९

इतिहास-संस्कृति

# अनैतिक सम्बन्धको इतिहास

✦ शंकरमान श्रेष्ठ

इतिहासका कैयौं पानाहरू यस्ता घटनाले भरिएका छन् जसलाई त्यस मुलुकका सन्ततिहरूले स्वीकार गर्न बडो कठिनाई महसूस गर्ने गर्दछन्, ती घटना हुन् अनैतिकताको। एक स्त्रीले अनैतिक सम्बन्ध गाँस्नुको कारण राजनैतिक वा यौन-तृप्ति गर्नु प्रमुख मानिन्छ। उक्त कार्य गर्नको लागि कुनै पनि स्त्रीले जुनसुकै आधार अपनाउन सक्छन् चाहे पतिको वा छोराको हत्या गर्नु परोस्। कैथरिन द्वितीयले पति पीटरको हत्या गर्नुको पछाडि शक्ति र यौन-तृप्ति रहेको थियो। यौन-तृप्तिको लागि केही प्रेमीहरू बनाइन् जसमध्ये एउटा कुरुप तर संगठित शरीरवाला बलिष्ठ व्यक्तिलाई उनी बढी प्रेम गर्थिन्। साम्राज्ञी जुसीले शक्ति कायमै राख्न र प्रेमी रूङ लु लाई बचाई राख्न छोरा, भतिजा समेतको हत्या गर्न पछि परिनन्। मेरी एन्ट्वायनेटले लुई सोह्रौंभन्दा प्रेमी काउन्ट एक्सेल द फर्सनलाई बढी माया गर्थिन्। यस्तै दृष्टान्त नेपालको इतिहासमा नपाइने होइनन्। यस्ता नारीहरूको चरित्रलाई यस लेखमा प्रष्ट्याउने जमर्को गरिएको छ।

१) **दयावती:** दयावती जयप्रकाश मल्लकी रानी हुन् जसले १७४६ ई. मा आफ्ना पतिबिरुद्ध रचिएको षडयन्त्रमा भाग लिइन् र जयप्रकाशलाई पदच्यूत गराइन्। ४ वर्षपछि जय प्रकाशले पुन: गद्दी प्राप्त गरेपछि आफ्नी रानीलाई एउटा सानो कोठा (झ्याल नभएको) मा कैद गरे जहाँ तिनको मृत्यु भयो। जय प्रकाशले त्यस किसिमको अमानवीय दण्ड दिनुको कारण षडयन्त्रमा सामेल साथै गरुडसिंह भडेलसितको गुप्त प्रेम सम्बन्ध थियो। रानीको गरुडसिंहसँग प्रेम सम्बन्ध कायम भएको आरोप लगाइएको पाइन्छ। त्यस्तै अर्को आरोप रहेको छ- रानीको उनीसँग प्रेम सम्बन्ध र चारित्रिक दुर्बलताले गर्दा जनतामा अलोकप्रिय भएकी थिइन्। अत: व्यभिचारिणी रानी जयलक्ष्मी (दयावती) लाई जय प्रकाशले कैद गरे। उपर्युक्त तथ्यको आधारमा भन्न सकिन्छ कि रानीको चरित्र संदिग्ध थियो।

२) **राजेन्द्रलक्ष्मी:** पृथ्वी नारायण शाहकी बुहारीमाथि अनैतिक सम्बन्ध कायम भएको आरोप लगाइएको पाइन्छ। जुन आरोप क्रमश: बहादुर शाह (देवर) र इतिहासकार हेमिल्टनले लगाएको पाइन्छ। बहादुर शाहले सर्वजीत राणासित १७७८ ई. मा रानीसित अनैतिक सम्बन्ध भएको भनी आरोप लगाए।

प्रताप सिंहको मृत्यु भएको केही दिनमै सर्वजीत राणासित रानी सल्केको हल्ला

चल्यो । उक्त अनुचित सम्बन्धको अपवादलाई सहन नसकी दलजीत शाह र श्रीहर्ष पन्तको सहयोग लिई रानीलाई कैद गर । रानीसित करणी विराउने भन्ने बात लागेको आरोपमा सर्वजीत राणालाई काट्न लगाइयो । रानीले आफूमाथि लगाइएको आरोप सम्बन्धमा न्याय पाउन काशीमा बसेका गजराज मिश्रलाई झिकाउन गुप्त रूपबाट मानिस पठाइन् । रानीले यसप्रकार न्याय पाएकी थिइन् । एउटा सुनको, अर्को फलामको टुक्राभित्र हाली चाँदीका बराबर गोली बनाई गंगाजल राखिएको खट्कुलोमा हालियो । रानीले त्यसबाट एउटा गोली झिकिन् । उक्त गोली सुनको भएकोले चोखिइन् । हुनत यस्तो निसाफमा जालफेल पनि हुन्थ्यो । यस्तै तरिका मिलाई जेठा चौतरियाले महारानीलाई जिताएर चोख्याएका थिए भन्ने विचार बाबुराम आचार्यको रहेको छ । यस आरोपको पुष्टिको लागि ठोस प्रमाण फेला नपरेकोले यस सम्बन्धमा तत्कालीन राजनैतिक स्थिति, रानीको चरित्रबारे अध्ययन गर्नु वाञ्छनीय देखिन्छ । सर्वप्रथम रानीको चरित्र त्यसबेलाको समाज अनुकूल थिएन । पुरुष सरह पोशाक लगाई हातीमा चढी घुम्ने कार्यलाई भारदारहरूले मन पराएका थिएनन् । एउटी विधवाले पूजापाठ गरी दरवारभित्रै वस्नुपर्ने धारणा बहादुर शाहको समेत रहेको थियो । तर राजेन्द्र लक्ष्मीले बहादुर शाहलाई कैद गरी सत्ता लिएको हुँदा यसैको प्रतिशोध बहादुर शाहले लिनको लागि आफ्नी भाउज्यूमाथि त्यस किसिमको आरोप लगाएको हुनसक्छ भन्ने धारणा पनि रहेको छ । तर राजनैतिक प्रतिशोध लिनको लागि त्यस्तो जघन्य अपराध बहादुर शाहले नगर्नुपर्ने हो । त्यस किसिमको हल्ला बहादुर शाहले आरोप लगाउनुपूर्व नै फैलिएको थियो ।

३) **सुवर्णप्रभा:-** सुवर्णप्रभा रणबहादुर शाहकी माहिली रानी थिइन् । उनीमाथि जेठी महारानीका मानिसहरूले कीर्तिमान सिंह बस्नेत (मूलकाजी) सँग अनुचित सम्बन्धको आरोप लगाएका थिए । त्यस्तै आरोप भएको तथ्य ज्ञानमणिज्यूले उल्लेख गर्नुभएको छ । त्यस अनुसार सुवर्णप्रभा र बस्नेतबीच घनिष्ठता बढ्दै गएर सँगै बसउठ भएपछि रानी मूलकाजीसँगै बसिन् भन्ने हल्ला फैलिएको थियो । उक्त आरोपमा सत्यता पाइन्छ । किनभने रणबहादुर शाहले १७९४ ई. मा कान्तिवतीसँग विवाह गरेर सुवर्णप्रभालाई "भोग्या रानी" घोषित गरिदिएका थिए । १८०१ ई. मा रणबहादुर शाह बनारस पलायन हुनुपूर्व कीर्तिमान सिहं बस्नेत शक्तिशाली रहेका थिए र उनको १८०१ ई. मा हत्या हुनुपूर्व माहिली रानीसँग सम्बन्ध मधुर रहन गयो र त्यसै बखत दुबैबीच अनैतिक सम्बन्ध कायम भएको हल्ला फैलियो ।

४) **लक्ष्मीदेवी:-** १८४१ ई. देखि १८४६ ई. सम्म नेपालको राजनीतिमा प्रभावशाली भूमिका निर्वाह गरेकी लक्ष्मीदेवी राजा राजेन्द्र विक्रमकी कान्छी रानी थिइन् । उनीमाथि गगनसिंहसित अनुचित सम्बन्ध कायम गरेको आरोप लगाइएको पाइन्छ । पद्मजंग, ओल्डफिल्ड, ज्ञानमणि नेपालले पनि यस्तो आरोपलाई तथ्यपूर्ण मानेका छन् भने विराजज्यूले आफ्नो पुस्तक नेपाली स्वर (हिन्दी उपन्यास) मा राजा राजेन्द्रले आफ्नो दुई छोरालाई डाकी श्री ५ कान्छी बडामहारानीको व्यभिचारबारे भनेको तथ्य उल्लेख छ ।

त्यसबेला गगनसिंहसँग कान्छी रानी सल्किएकी भन्ने हल्ला घरघर, बैठक बैठकमा चर्चाको विषय बनेकोले यस्ता बदनामी कुरा राजेन्द्रले सहन नसकी आफ्नो छोराहरूलाई भनेका थिए । त्यसैगरी ब्रिटिश रेकर्डले समेत दुवैबीच अनैतिक सम्बन्ध कायम रहेको आरोप हल्ला हुनुपूर्व नै लगाएको पाइन्छ । उक्त आरोप मात्र हल्ला नभई जेठी महारानी र माथवरसिंह थापा समेतले कान्छी रानीमाथि आरोप लगाएका थिए । तर बाबुराम आचार्यले उक्त तथ्यको खण्डन गर्दै आफ्नो तर्क प्रस्तुत गर्नुभएको छ- जस अनुसार दुवैबीच उमेरको ठूलो अन्तर रहेको थियो- गगनसिंह ६० वर्षका थिए भने लक्ष्मीदेवीको उमेर ३० वर्ष । तर कान्छी रानीको चरित्रलाई नियाल्ने हो भने भण्डारखालको घटनापछि निर्वासित भई बनारसमा बस्दा रानीले त्यहाँका परपुरुषसँग यौन सम्बन्ध स्थापित गरेको तथ्य पाइन्छ । त्यसमध्ये दल बहादुर एक थिए । त्यस किसिमको आरोप स्वयं उनका दुई पुत्र रणेन्द्र र वीरेन्द्रले आफ्नी आमामाथि लगाएका थिए ।

**५) त्रैलोक्यकी रानीहरू:-** युवराज त्रैलोक्यका ३ वटा पत्नीहरू थिए जो जंगबहादुरका छोरीहरू थिए । क्रमश: जेठी ताराकुमारी माहिली ललितकुमारी (पृथ्वी वीरकी आमा) र कान्छी (राजनीतिमा भूमिका नभएको) त्यसमध्ये माहिली पत्नी ललितकुमारीको विशेष सम्बन्ध १८८०/८१ ई. सम्म खड्ग शम्शेर तीर्थाटनकै बेलादेखि कायम रहेको थियो । जो सौताको कारणबाट आफ्नो छोराको गद्दी सुरक्षित राख्न शम्शेर गुटमा सामेल भएकी थिइन् ।

**६) प्र.म. रणोद्दीपसिंहकी पत्नीहरू:-** जंगबहादुरका भाइ रणोद्दिप सिंहका तीन पत्नीहरू (जेठीको मृत्यु) हरू मध्ये माहिली हरिप्रिया देवीको अनैतिक सम्बन्ध आफ्नै भतिजा जगतजंग (जंगबहादुरका जेठा छोरा) सँग रहेको थियो । कान्छी पत्नीको अनैतिक सम्बन्ध धीर शम्शेरका छोरा वीर शम्शेरसँग कायम रहेको थियो । उनी सौताको रिसइवीले गर्दा आफ्ना समर्थक वीर शम्शेरलाई शक्तिमा पुऱ्याउन शम्शेर गुटमा संलग्न रहेकी थिइन् जसले प्र.मं. का गोप्य तथ्यहरू वीर शम्शेरलाई जानकारी दिने गर्थिन् । १८८५ ई (४२ साल) को रणोद्दीपको हत्यापछि वीर शम्शेरसित अनौपचारिक विवाह समेत गरेकी थिइन् । वास्तवमा भतिजासँग अनैतिक सम्बन्ध गाँस्नुको कारण रणोद्दीप सिंह नपुंसक हुनु नै प्रमुख कारण थियो ।

**७) बाग दरबारकी मैयाहरू:-** जंगबहादुरका छोरीहरू अर्थात राजकुमार उपेन्द्र (सुरेन्द्रका भाइ) का छोरा नरेन्द्रका पत्नीहरू क्रमश: कान्छी मैया (दीपकुमारी), र चिडविडे मैयामध्ये कान्छी मैयाको अनैतिक सम्बन्ध खड्ग शम्शेर (धीर शम्शेरका छोरा) सँग रहेको थियो । यी दुवै ठूलो बुवा र कान्छा बुबाका छोराछोरी थिए । यस अर्थमा दुवैको सम्बन्ध दाजु, बहिनीको थियो तापनि दुवैबीच अनैतिक सम्बन्ध कायम रहेको थियो । अनैतिक सम्बन्ध गाँस्नुको प्रथम कारण राजनैतिक स्वार्थ थियो, दोस्रो यौन-तृप्ति ।

नेपालको इतिहासमा शासक वर्गका महिलाहरूले यस प्रकारको सामाजिक अपराध कायम गरेको हुँदा नेपालको इतिहासले कोतपर्व र ४२ सालको हत्याकाण्ड जस्ता

घटना सहनु परी नेपालको राजनीतिलाई नै आजसम्म प्रभावित पारेको हुँदा पुनः यस्ता घटना नदोहोरियोस् भन्ने अभिप्राय रहेको छ ।

**सन्दर्भ ग्रन्थः-**


१. आचार्य, बाबुराम — नेपालको संक्षिप्त वृतान्त
२. ओल्डफिल्ड — स्केचेज फ्रम नेपाल
३. नेपाल, ज्ञानमणि — नेपालको महाभारत
४. पद्म जंग — लाइफ अफ द महाराजा श्री ३ जंगबहादुर
५. मानन्धर, त्रिरत्न — नेपालको इतिहासमा जंगबहादुर
६. मानन्धर, त्रिरत्न — नेपाल द इयर अफ ट्रबल
७. रेग्मी — मेडियभल नेपाल
८. शर्मा, बालचन्द्र — नेपालको ऐतिहासिक रूपरेखा
९. शास्त्री, ढुण्डिराज — नेपालको आलोचनात्मक इतिहास


- गौर


श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना

BST -भगवती स्टील इण्डष्ट्रिज प्रा.लि.

वीरगंज

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना चढाउँदछौं ।

- साहेबज्यू प्रमोद विक्रम शाह
- श्रीमती ज्वाला शाह
- श्रीमती रोजलिन शाह
- अशवन्त विक्रम शाह
- अशोक विक्रम शाह
- पुकार विक्रम शाह
- ले. प्रफुल्ल विक्रम शाह

# पाठककोण

श्रीमान सम्पादकज्यू,

- साहित्यको विविध विधाहरूलाई समेटी वीरगंजबाट प्रकाशित हुने 'सगर' साहित्यिक त्रैमासिक पत्रिकाको दोस्रो अंक समयमै पाउन सफल भएँ ।
- शायद मेरो मन पर्ने विधा भएर होकि सर्वप्रथम मेरो आँखाहरू कथाहरूमै अल्झिन पुग्यो । जसमा कृष्णप्रसाद बस्ताकोटीको कथा 'चिया पसल' अति मार्मिक तथा संवेदनशील लाग्यो ।
- कविताहरूमा प्रकट पगेनी शिवको 'यो कविता प्रतियोगितामा सामेल छैन', आर.आर. चौलागाईंको 'दुखेको राष्ट्रियता' र शारदा भण्डारीको 'ऊ' पाठकहरूको माया पाउने छाँटका छन् । जसमध्ये आर.आर. चौलागाईंको 'दुखेको राष्ट्रियता' कविताले वर्तमान राष्ट्रको दुःखत स्थितिको व्यथाका फाल्साहरू ओकलेको छ । गजलतर्फ प्रमोद स्नेहीको 'तिम्रो माया फूल भन्थें' वास्तवमा गजल मान्नुपर्छ ।
- विकास अमात्यको एकाकी 'तमासा' ले वर्तमान राष्ट्रको बलिया हस्तीहरू भनी युवाहरू कुलतमा फसेर कसरी आफ्नो बाटो भुलेर अधोगतितर्फ लागिरहेछन् भन्ने तितो सत्य ओकलेको छ ।
- गीतकार भीमविरागज्यूको अन्तर्वार्ताबाट मैले एक गहकिलो शिक्षा पाएँ, त्यो के भने 'साहित्यमा राजनैतिक प्रभाव दीर्घकालीन रहन सक्दैन' यसमा म पनि शतप्रतिशत सहमत छु ।
- विश्वम्भर कुमार शर्माले 'कथाकार विश्वेश्वर प्रसाद कोइराला र कर्णेलको घोडा' शीर्षककी समालोचना लिएर आफ्ना गहकिला मनोवैज्ञानिक विचारहरू पाठकहरूसामु पुऱ्याउन सफल छन् भने मित्रलाल पंज्ञानीको 'गतिमान गण्डकी' को प्रवाहमा बग्दा शीर्षक समालोचना पाठकसामु प्रस्तुत गरी देवी पन्थी धन्यवादका पात्र बनेका छन् ।
- निर्मोही व्यासको व्यंग्य 'मेरो शोकसभा' वास्तवमा वहाँको तिख्खर स्टाइलिस व्यंग्य मान्नुपर्छ ।
- अन्तमा 'सगर' ले यसरी नै आउँदा दिनहरूमा पनि आफ्नो सह-अस्तित्व कायम राखोस्, हार्दिक शुभेच्छा ।

**– जे.बी. राई 'रूमानी'**
उर्लाबारी-५, मोरङ

सर्वप्रथम उत्कृष्ट साहित्यिक त्रैमासिक 'सगर' को प्रकाशनको लागि धन्यवाद ।

असाध्यै मीठा मीठा, सशक्त र आकर्षक साजसज्जाले परिपूर्ण 'सगर' को दोस्रो अंकमा विचरण गर्न पाउँदा हर्षले गद्गद् भएको छु । साहित्यको लागि मरुस्थल प्रायः मानिने वीरगंजबाट प्रकाशित यो पत्रिका निःसन्देह उत्कृष्ट छ । सम्पूर्ण 'सगर' परिवारलाई एक साहित्यानुरागीको नाताले हार्दिक साधुवाद छ ।

यस दोस्रो अंकमा 'यो कविता प्रतियोगितामा सामेल छैन', दुखेको राष्ट्रियता', 'कस्तो साथी हौ?' अत्यन्तै समसामयिक छन् । मीठो संस्मरण बाँड्नु भएकोमा वरिष्ठ साहित्यकार श्यामप्रसाद दाज्यूलाई धन्यवाद । कमल दीक्षित गुरु ! हजूरको 'अ-निबन्ध' झारा टराइ मात्र भो । नेपाली साहित्यमा नयाँ प्रयोग गगनदीप सर्वको 'चित्र कविता' पनि च्वास्स बिझ्ने नै छ ।

समग्रमा 'सगर' का प्रत्येक लेख रचनाहरू उत्तिकै उत्कृष्ट, सशक्त छन् । पृष्ठ थप गर्ने गर्नुहोस् । नव प्रतिभाहरूलाई पनि 'सगर' ले माया गर्दै सदा सर्वदा जीवन्त रहोस् भन्ने शुभकामना दिने 'सगर' को एक शुभेच्छुक पाठक

**– सूर्यकुमार श्रेष्ठ**
धादिङ, नुवाकोट, हाल: काठमाडौं ।

सगर मासिकको अंक दुई पढ्न पाउँदा खुशी लाग्यो । कथा, गजल, मुक्तक, गीतहरू पढ्न पाइरहने प्रतीक्षामा छु । मेचीदेखि महाकालीसम्म पुग्न सफल होस् ।

**– अरुण बहादुर खत्री 'नदी'**
सामाकोशी बजार, काठमाडौं ।

मोफसलमा रहेर पनि साहित्यिक पत्रिका निकाल्ने जमर्कोलाई चानचुने कार्य ठानिँदैन । अफ यस बर्दिया जिल्लामा मधुपर्क बाहेक अन्य साहित्यिक पत्रिका उपलब्ध नहुने ठाउँमा 'सगर' हेर्न पाउँदा तिर्खा लागेको व्यक्तिले पानी पाए झैं अनुभूति भयो ।

दुबै अंक एकैचोटि हेरें । हेर्दै जाँदा पत्रिका राम्रो लाग्यो । यसैगरी यसको निरन्तरता होस् भन्ने चाहन्छु । यसको आकारमा वृद्धि गरी मोफसलतामा रहेका नवप्रतिभा साथै अन्य साहित्यकारहरूका रचनालाई स्थान दिएर वितरण व्यवस्था सुलभ गराएमा भविष्यमा कोसे ढुंगाको रूप लिनेछ भन्ने विश्वास लिएको छु ।

यसको ग्राहक बनाउने व्यवस्था के कस्तो छ त्यो जान्न पाए आभारी हुने थिएँ । पछि सबै पसलमा मधुपर्क सरह उपलब्ध हुन्छ कि ?

**- मधु 'साश्रु' ज्ञवाली** गुलरिया-५, बर्दिया ।

नेपाली साहित्यको क्षेत्रमा 'सगर' ले वर्तमानमा आफूलाई स्वच्छ साहित्यको नदीमा पौडाइरहेको छ भन्ने मलाई आफ्नो पहिलो र दोस्रो प्रकाशनले अनुभूति गराएको छ । यसका लेख रचनाहरू आद्योपान्त हेरें । ज्यादै स्तरीय भएको महसुस भयो । यदि मिले ग्राहकको व्यवस्था गर्नु भए हुन्थ्यो । यस साहित्यिक पत्रिकाको उज्ज्वल भविष्यको कामना गर्दछु ।

**- देवी 'क्षेत्री' दुलाल** म.र.व. क्याम्पस इलाम, बी.ए. दोस्रो वर्ष

साहित्यिक त्रैमासिक पत्रिका 'सगर' को दोस्रो अंक पनि हेर्ने सु-अवसर पाएँ ।

- अंक १ को तुलनामा यस अंकमा लेख/रचनाहरू छोटा छोटा भएकोले झन फुर्तिलो र कसिलो भएछ, ज्यादै राम्रो र स्तरीय लाग्यो ।

- नव प्रतिभाहरूका सिर्जनशील कलमहरूलाई समेटेर तिनीहरूप्रति प्रोत्साहन प्रदान गरिएकोमा 'सगर' परिवारले सम्पूर्ण पाठकवर्गलाई बिर्सन नसक्ने गुन लगाएको छ । त्यसैले 'सगर परिवार' प्रति आभार प्रकट गर्दछु ।

- आगामी दिनमा 'सगर' ले साहित्यमा अभिरुचि राख्ने सबैको लागि गह्रकिलो साहित्यिक खुराक दिँदै जाओस्, हार्दिक कामना ।

**- शारदा भण्डारी** लेगुवा, धनकुटा ।

संजोगवश, वर्ष १ अंक २, २०५३ साउन-भदौ-असोजको 'सगर' त्रैमासिक पढ्न पाएकोमा म अघोर खुशी छु । साहित्यका विविध विधाहरूलाई संगालेर नेपाल अधिराज्यभर उत्कृष्ट साहित्य सेवा प्रदान गर्न तम्सेको यो सगरलाई हार्दिक स्वागत ।

यस अंकमा कविताहरू सबै उच्चस्तरका हुन् । 'यो कविता....', 'दुखेको राष्ट्रियता', र 'ऊ' सान्दर्भिक भएकाले प्रकट पगेनी, आर.आर. चौलागाई र शारदा भण्डारी स्मरणीय रहे ।

कथा/लघुकथा पनि सबै राम्रा छन् । 'विहेको निम्तो' बाट अच्युत खनाल वर्तमान समाजमा बढिरहेको दाइजो गोड्धुवा बटुल्ने बिहेको विसंगतिलाई पर्दाफास गर्नुहुन्छ । मुक्तकमा गोपाल पौड्याल, चित्र कवितामा गगनदीप सबै राम्रा छन् । गजलमा 'तिम्रो माया फूल भन्थें' प्रमोद स्नेहीको साँच्चै गजल लाग्यो ।

समालोचनामा 'कथाकार बी.पी. कोइराला र कर्णेलको घोडा' बाट श्री विश्वम्भर शर्माबाट फ्रायडवाद र बी.पी. ले अपनाएको फ्रायडवाद शैलीबारे जान्न सकें । त्यस्तै निबन्ध/संस्मरणमा निर्मोही ब्यास, कमल दिक्षित जमेकै छन् ।

एकांकी 'तमासा' विकास अमात्यको सन्देशमूलक रचना हो । समग्रमा यो दोस्रो अंकमा भए झैं साहित्यिक खुराकहरू निरन्तर रूपमा आगामी दिनहरूमा दिँदै गए यो हाम्रो 'सगर' को भविष्य उज्यालो छ । आयुष्मान् भव ।

**- दिलिप राई 'सगर', मोरङ, उर्लाबारी-४**

अतिथि सम्पादकबाट

# साहित्य राजनीतिभन्दा माथिको विषय हो



अहिले हाम्रो देशको साहित्यिक गतिविधिको अवस्था त्यति सन्तोषप्रद देखिदैन । बहुदलको पुनर्स्थापना पश्चात् राजनैतिक चहलपहलले भने विशेष स्थान ओगटेको दृष्टिगत हुन्छ । हरेक व्यक्ति राजनैतिक विभाजनको वृत्तचित्र थुनिएको वर्तमान परिप्रेक्ष्यमा साहित्यकारहरूलाई पनि यसको प्रभावमा पार्ने प्रयासहरू भएका छन् । प्राय: साहित्यकारहरू यतिखेर वास्तवमा राजनैतिक दलहरूका प्रभावमा परेको देखिएको पनि छ । राजनैतिक दलहरूप्रति सिद्धान्तका आधारमा प्रभावित हुनुलाई नराम्रो मान्नु मिल्दैन । हरेक व्यक्तिका आ-आफ्नै विचार र सिद्धान्त हुन्छन् । वास्तवमा वर्तमान युगमा विचार नभएको र सिद्धान्तहीन व्यक्ति यथार्थमा पङगु ठहरिन्छ । तर साहित्यकारले आफू-जुनसुकै दलको सन्निकट भए पनि आफ्नो लेखनमा दलीय पक्षधरता प्रस्तुत गर्नुलाई भने कदापि राम्रो मान्न सकिदैन । साहित्यको भूगोल अति विस्तृत छ । यसर्थ साहित्यलाई एकात्मक होइन, सार्वभौम बनाउनेतर्फ हरेक लेखकले सचेत हुनु आवश्यक हुन्छ ।

कल्पनाको उडान र भावनाको प्रवाहमा सृजना हुने भए तापनि साहित्य सत्य हुन्छ । हृदयको सत्याभिव्यञ्जन नै साहित्य हो । राजनीति भने यसको ठीक विपरीत हुन्छ । राजनीतिमा मूलत: भ्रमको खेती गरिन्छ । छल, कपट, ईर्ष्या-द्वेष, हत्या, षडयन्त्र जस्ता मानवतादेखि टाढाका क्रियाकलापहरू राजनैतिक धरातलका विशेषता हुन् । विधान र घोषणापत्रमा जतिसुकै आदर्श कुरा लेखिने भए तापनि राजनीतिले सत्यको पक्षलाई आत्मसात् गर्न सक्दैन । राजनीति भट्टीको रक्सी हो, जुन नशालु र अहितकर हुन्छ भने साहित्य अमृतमय सर्बत हो, जुन शीतल, तृप्तिदायक र स्वस्थकर हुन्छ । यथार्थत: साहित्य राजनीतिभन्दा धेरै माथिको विषय हो ।

नेताहरू राजनीतिमा लाग्नुभित्र स्वार्थी मनोभाव लुकेको हुन्छ । जतिसुकै "देश र जनताको सेवाका लागि राजनीतिमा लागेको" भनेर फलाके पनि कुर्सी प्राप्तिको प्रलोभन नै उनीहरू राजनीतिमा लाग्नुको प्रमुख कारण हो । जनताका आँखामा भ्रमको छारो हाल्दै नेताहरू स्वार्थसिद्ध गरिरहेका हुन्छन् । साहित्यकारहरूमा भने यस्तो स्वार्थले कहिल्यै प्रश्रय पाएको हुँदैन । जो स्वार्थले साहित्यकार हुन खोज्दछ, वस्तुत: त्यस्तो व्यक्ति साहित्यिक प्रतिभा नै हुन सक्तैन । साहित्यिक सृजना भनेको अन्तस्करणको स्वस्फूर्त प्रकटन हो । नेताले मञ्चमा गर्ने बनावटी भाषण किमार्थ साहित्य होइन । साहित्यकार आफ्नो अभिव्यक्ति

एकान्तमा आफ्नै सन्तुष्टिहेतु गर्दछ । धेरै साहित्यकारहरू "स्वान्त सुखाय्" साहित्य सृजना गर्दछन् । तर त्यस्ता सृजनाहरूमध्ये उत्कृष्ट रचनाहरू अन्तत: मानव जातिकै लागि भइदिन्छन् । कालजयी हुन्छ उत्कृष्ट साहित्य । स्वार्थभन्दा धेरैमाथि उठेर हृदय पोख्ने साहित्यकारहरूसंग भ्रमको खेती गर्ने स्वार्थी राजनैतिक दलका नेताहरूको तुलना कुनै हालतमा हुन सक्तैन । आज चिल्लो गाडीमा कुद्ने मन्त्री भोलि लुखुर-लुखुर सडक र गल्लीहरूमा हिंड्नु पनि पर्छ । उसको अस्तित्वको विघटन हुन सक्छ । तर एउटा स्थापित साहित्यकार सधैं सधैं उत्तिकै अस्तित्वशील हुन्छ । महाकवि देवकोटा युगौंयुग महाकविकै रूपमा अमर रहनेछन् । तर यहाँ देवकोटा जस्तै अमर रहने देवकोटाकालीन मन्त्रीहरू कोही होलान् ? देवकोटा स्वयं शिक्षामन्त्री भएका व्यक्ति हुन् । उनको प्रख्याति शिक्षामन्त्रीको रूपमा नभएर साहित्यकारको रूपमा छ । राजनैतिक क्षेत्रमा पनि केही विख्यात व्यक्तित्वहरू जरुर छन्, तर तिनको संख्या अति न्यून छ । यस्ता व्यक्तित्वहरू स्वार्थभन्दा माथि उठेर राजनीति गर्ने महामनाहरू मात्र हुन् । हाम्रो मुलुक अहिले राजनैतिक दृष्टिले संक्रमणकालीन अवस्थामा रहेको कारणले नै यहाँ साहित्यलाई भन्दा बढी राजनीतिलाई प्रश्रय दिइएको छ । साहित्यक कार्यक्रमहरूमा समेत राजनैतिक व्यक्तिहरूलाई प्रमुख अतिथि, अतिथि बनाएर मञ्चमा विराजमान गराउने भाटगिरीको प्रचलन प्रारम्भ हुनु साहित्यिक जगत हेतु राम्रो कुरा होइन । साहित्यलाई राजनैतिक मैदानको फोहर खेलमा लगेर सहभागी गराउँदा यसको अस्तित्वमाथि राजनीतिको दवाब पर्न थाल्दछ । यही स्थिति अहिले हाम्रो साहित्यिक जगत्ले भोगेको छ भन्दा अत्युक्ति नहोला । साहित्यमा पनि सिद्धान्त, वाद र प्रवृत्तिहरू छँदै छन्, त्यसैले साहित्यकारहरूले राजनैतिक सिद्धान्त र वादहरूका पछि लाग्नु आवश्यक छैन । राजनीतिले साहित्यलाई मार्गप्रशस्त गर्न सुहाउँदैन, वरु साहित्यले राजनीतिलाई निर्देशन गर्न सक्छ । विश्व-इतिहासमा यस्ता प्रशस्त उदाहरणहरू भेटिन्छन् । तर बिडम्बना भनूँ, हामीकहाँ साहित्यकारहरूलाई नेताहरू चाकरी गराउँछन् । यस्तै कुसंस्कारले प्रश्रय पाउँदै छ यहाँ । त्यसैले भन्न मन लाग्छ, गजलको शेरमा-

आजभोलि यतातिर प्रतिभाको भाउ छैन
सरस्वतीपुत्र पनि नेताजीको झोले हुन्छ

श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना
- जी.डी. फर्मास्यूटीकल्स प्रा.लि.